माननीय मन्त्रिज्यूबाट मिति
२०८० भाद्र ...... गते स्वीकृत

# स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन २०८०/०८१

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
२०८०

स्वास्थ्य मन्त्रालय र अन्तर्गतका स्वास्थ्य निकायबाट आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन हुने एकिकृत स्वास्थ्य तथा सरसफाई र प्रादेशिक अस्पताल सुदृढिकरण कार्यक्रमसँग सम्बन्धित कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित सञ्चालनको सहजीकरणका लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरीएको छ।

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
राप्ती उपत्यका देउखुरी नेपाल
फोनः ०८२-५४०२१३१
Email: mohp.lumbini@gmail.com
Website: https://mohp.lumbini.gov.np

# कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन

वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा संस्था प्रमुख, लेखा प्रमुख, कार्यक्रम संयोजक लगायत कार्यक्रममा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-

१ यो आधारभूत मार्गदर्शन स्वास्थ्य मन्त्रालय र मातहतका निकायवाट आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ ।

२ यो आधारभूत मार्गदर्शन र कार्यक्रम सञ्चालनसँग सम्बन्धी प्रचलित कानून वाझिएमा प्रचलित कानून अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ ।

३ हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नुपर्नेछ ।

४ यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रम संयोजकको हुनेछ । कार्यालय प्रमुखले प्रचलित कानूनको परिधिभित्र रही आफूलाई प्राप्त अधिकारहरु मातहतका निकाय तथा 'कर्मचारीहरुबाट गराउन सक्नेछ ।

५ कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानूनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रकृया कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँड, कार्यक्रमका सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण कार्यक्रम सञ्चालन हुने स्थान र मिति आदी उल्लेख गरीएको कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गराउनु पर्नेछ ।

६ कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही लुम्बिनी प्रदेश विनियोजन ऐन, २०८०, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यबस्थापन निर्देशिका २०७९, प्रदेश सार्वजनिक खरिद सम्बन्धी खरिद नियमावली २०७६, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५, आ.व. २०८०/०८१ को प्रदेश सरकार अर्थ मन्त्रालयको वजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८०. प्रचलित भ्रमण खर्च नियमावली २०६४ र नेपाल सरकार तथा प्रदेश सरकारवाट स्वीकृत मापदण्डको आधारमा बजेट बाँडफाँड गरी स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

७ कार्यक्रम सञ्चालनको अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्नेछ ।

८ यस मार्गदर्शनमा उल्लेख भएका वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा विभिन्न निर्देशिका वा कार्यविधि अनुसार कार्यक्रम संचालन गर्नु पर्ने लेखिएकोमा त्यस्ता निर्देशिका वा कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च वाँडफाँड गरी कार्य सञ्चालन गर्नुपर्नेछ ।

९ कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति चौमासिक र वार्षिक रुपमा आफ्नो तालुक निकाय र स्वास्थ्य मन्त्रालयलाई चौमासिक वार्षिक अवधि भुक्तान भएको महिनाको ५ गते भित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१० कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक अवधारणा (Result Framework) स्वीकृत कार्ययोजना. समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ । कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रमको गुणस्तर कायम गर्ने कार्यक्रमको विधि र प्रक्रिया पूरा गर्ने र सार्वजनिक गर्ने जिम्मेवारी सम्बन्धित संघ संस्थाको हुनेछ ।

११ भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सन्चलान गर्दा राष्ट्रिय भवन संहिता २०६०, नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड २०७४ (संशोधन समेत), नेपाल सरकारबाट स्वीकृत शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ पालना गर्नु पर्नेछ ।

१२ भौतिक संरचना निर्माण गर्दा भवन ऐन, २०५५ ले निर्धारण गरेको योग्यता पुगेको प्राविधिकबाट लागत अनुमान, डिजाईन, स्पेसिफिकेशन तयार गर्नु पर्नेछ ।

१३ स्वास्थ्य सामाग्री, औजार उपकरण खरिद गर्दा प्रचलित कानून बमोजिम योग्यता पुगेको दक्ष प्राविधिकबाट यसको स्पेसिफकेशन तयार गर्नु पर्नेछ ।

१४ परामर्शदाताबाट भएको अध्ययन अनुसन्धान सम्बन्धी कार्यको परामर्शदातालाई अध्ययन अनुसन्धान प्रतिवेदन प्रस्तुत गर्न लगाई तोकिएको कार्यशर्त अनुसार कार्य भए नभएको सुनिश्चत गर्नु पर्नेछ ।

# विषय सूची


**कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन ........ III**

**विषय सूची ........ V**

**स्वास्थ्य मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरु ........ 1**

१. लिभर फाउन्डेशन जनचेतना अभिबृद्धि कलेजो सम्बन्धि,डेङ्गी सम्बन्धि जनचेतना कार्यक्रम सञ्चालन ........ 1

२. सिकेलसेल थालेसेमिया तथा हेमोफिलियाका विरामीहरुको परिवारलाई निःशुल्क विमा ........ 2

३. मन्त्रालय र अन्तरगतबाट संचालित कार्यक्रमहरुको प्रभावकारीता अध्ययन तथा प्रतिबेदन ........ 3

४. मन्त्रालय र मातहतका कार्यालयहरुको व्यबस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम ........ 4

५. सबै निकायहरुको पदगत तथा निकायगत कार्यविवरण तयार ........ 5

६. स्वास्थ्य सम्बन्धी विभिन्न, रणनीति,निर्देशिका, मापदण्ड, कार्यविधी तथा उपचार प्रोटोकल निर्माण ........ 6

७. मातृ मृत्यु दरको कारण पहिचान, अध्ययन, र अनुसन्धान तथा समिक्षा ........ 7

८. आयुर्वेद सेवाको पहुँच र उपयोगिताको अध्ययन तथा अनुसन्धान........ 8

९. AMR तथा विरामी सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम ........ 9

१०. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविका सम्मानजनक विदाई कार्यक्रम ........ 11

११. नेपाल परिवार नियोजन संघको पुर्वाधार निर्माण तथा मर्मत सम्भार र औषधि उपकरण खरिद........ 12

१२. नेपाल रेडक्रस सोसाइटी दाङ तुल्सीपुर शाखालाई सामाग्री खरिद........ 13

१३. नीजि तथा सामुदायिक अस्पतालहरुको सञ्चालन अनुमति, नविकरण, अनुगमन आदि कार्य ........ 14

१४. अस्पतालमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुको लागि PROFESSIONAL MOTIVATION (व्यवसायिक उत्प्रेणा)कार्यक्रम ........ 15

१५. राप्ती प्रादेशिक अस्पताल तुलसीपुर, प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी दाङ र लुम्विनी आयुर्वेद चिकित्सालय बुटवलको संगठन तथा व्यवस्थान सर्वेक्षण ........ 16

१६. मृगौला डायलायसिस गर्न पर्ने गरिब तथा असहाय बिरामीको लागि इन्जेक्सन ईरिथ्रोपोइटिनमा पचास प्रतिशत अनुदान ........ 17

१७. लुम्बिनी प्रदेशको हिमाली जिल्लामा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन कार्यक्रम........ 18

१८. प्रस्तावित भालुवाङ अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा सहित आकस्मिक सेवा विस्तार (सञ्चालन तथा व्यबस्थापन समेत) ........ 19

१९. अस्पताल फर्मूलरी निर्माण सम्बन्धी कार्यक्रम........ 20

२०. प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र सुदृढिकरण (हव एन्ड सेटलाइट नेटवर्क पूर्व तयारी समेत)........ 21

२१. निःशुल्क आखाँको नानी (कर्निया ट्रान्सप्लान्टेशन) प्रत्यारोपण शोधभर्ना ........ 22

२२. प्रदेशको उपयुक्त स्थानमा महिला तथा बाल अस्पतालको सम्भाव्यता अध्ययन........ 23

२३. अस्पतालहरुमा सामाजिक लेखा परिक्षण(SOCAL AUDT) ........ 24

२४. बारवर्दिया स्थित थारु R C MEMORIAL अस्पतालमा सेवा विस्तार सहयोग........ 25

**स्वास्थ्य निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु........ 26**

१. विद्यालय नर्सिङ सेवा कार्यक्रम थप तथा निरन्तरता ........ 26

२. स्वास्थ्य कार्यक्रमहरुको अर्धवार्षिक समीक्षा तथा कार्ययोजना तयारी कार्यक्रम........ 27

३. निशुल्क रक्त संचार सेवा ........ 28

४. दम जन्य तथा ब्रोंकाटिस उपचार व्यवस्थापन अस्पतालहरु (स्वास्थ्य सेवा) ........ 29

५. प्रदेश विपन्न नागरीक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम (मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग) ........ 30

६. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा अनसाइट कोचिङ्ग कार्यक्रम ........ 31
७. बंगलाचुली आयुर्वेद औषधालय हासिपुरमा सेवा विस्तार ........ 32
८. प्रदेशका अस्पताल तथा आयुर्वेद चिकित्सालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम निरन्तरता कार्यक्रम 33
९. निजी अस्पतालहरुको संचालन अनुमतिको लागि प्राविधिक अनुगमन समिति परिचालन तथा कार्यक्रम व्यबस्थापन ........ 34
१०. अपाङ्गता भएका बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न HRDC संग सहकार्य ........ 35
११. दुर्गम तथा अपायक क्षेत्रका गर्भवती महिलाहरुलाई निःशुल्क हवाई उद्दार ........ 36
१२. अस्पतालमा डाईलाईसिस सेवा स्थापना तथा सेवा विस्तार ........ 37
१३. स्वास्थ्य संस्थाहरुमा सर्प दंश उपचार व्यवस्थापन ........ 38
१४. पूर्ण संस्थागत प्रसूति सेवा कार्यक्रम ........ 39
१५. लुम्बिनी प्रादेशिक अस्पतालबाट प्रदान हुने जनस्वास्थ्य कार्यक्रमहरुको सहजीकरणका लागि जनशक्ती १ ........ 40
१६. प्रदेश सरकारबाट संचालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि एकिकृत अनुगमन निर्देशिका निर्माण ........ 41
१७. आयुर्वेद स्वास्थ्यकर्मीहरुका लागि AHMIS सम्बन्धी ROLL OUT तथा निर्देशिका निर्माण ........ 42
१८. आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि उपचारात्मक योग एवं पंचकर्म सेवा सम्बन्धी कार्यक्रम ........ 43
१९. दुर्गम स्थानमा विशेषज्ञ स्वास्थ्य शिविर ........ 44
२०. पूर्व कर्म तथा पंचकर्म सेवामा कार्यरत अभ्यंगकर्तालाई क्षमता अभिवृद्धि कार्यक्रम ........ 45
२१. आयुर्वेद सेवा कार्यक्रम सम्बन्धित पुस्तक, शिक्षा तथा सूचना सामाग्री छपाई ........ 46
२२. RRT परिचालन तथा महामारी नियन्त्रण ........ 47
२३. AHMIS तथा HMIS TOOL छपाई तथा ढुवानी ........ 48
२४. स्थानीय तह र नागरिक आरोग्य केन्द्रका स्वास्थ्यकर्मीहरुलाई स्वस्थ जीवनशैली प्रवर्धन अभिमुखीकरण ........ 49
२५. किटजन्य रोगहरु औलो कालाजार डेंगु हात्तिपाईले जे इ जिका स्क्रव टाईफस सार्ने भेक्टरहरुको एकिकृत सर्भिलेन्स ........ 50
२६. मातृ मृत्यु वढी भएका पालिकाहरुमा विशेष आमा सुरक्षा कार्यक्रम ........ 51
२७. प्रदेशका कार्यक्रमहरुको एकिकृत सूचना प्रणालीको स्थापना ........ 52
२८. मानसिक स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुसँग सहकार्य ........ 53
२९. एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालन तथा ब्यबस्थापन ........ 54
३०. नेपाल रेडक्रस सोसाइटिको सहकार्यमा प्रादेशिक रक्त संचार सेवाको एकिकृत सूचना प्रणाली स्थापना ........ 55
३१. नरैनापुर गाउँपालिकासगँको सहकार्यमा आधारभुत अस्पतालमा CEONC सेवा विस्तार ........ 56
३२. राप्ती आँखा अस्पताल (नेपाल नेत्र ज्योति संघ), तुल्सीपुर दाङ ........ 57

**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र ........ 58**

१. औषधिहरुको परिमाण निर्धारण गोष्ठि ........ 58
२. औषधी तथा भ्याक्सिन स्टोरको अनसाइट कोचिङ तथा सुपरभिजन ........ 58
३. बायोमेडिकल वर्कसप सञ्चालन तथा व्यबस्थापन ........ 59
४. जिपलग व्याग तथा फर्मेट (फोम प्याड) खरिद ........ 60
५. औषधी, भ्याक्सिन तथा भ्याकसिनजन्य सामग्री, साधन रिप्याकिङ तथा ढुवानी ........ 60
६. अस्पतालबाट अत्यावश्यक निःशुल्क वितरणका लागि औषधी खरिद ........ 61
७. आकस्मिक तथा महामारीका लागि औषधि खरिद ........ 63
८. अत्यावस्यक निःशुल्क वितरणका लागि आयुर्वेद औषधि खरिद ........ 65
९. ग्रमिण अल्ट्रासाउण्ड कार्यक्रमको लागि पोर्टेबल यु एस जी मेशिन खरिद ........ 66
१०. DR XRAY SYSTEM( ५०० MA) खरिद ........ 67

११. स्थानीय तहका आयुर्वेद औषधालयका लागि पूर्वकर्म पंच कर्मका लागि उपकरण औजार खरिद (स्नेहन तथा स्वेदन सामाग्री) ................ 68
१२. वर्थिङ सेन्टरका लागि डेलिभरी वेड बेवी वार्मर तथा संक्सन एवं विरामी वेड ........................................................................... 69
१३. SICKLE CELL SETUP (ELECTROPHOROSIS MACHINE) खरिद ................................................................................... 70
१४. X-RAY 100MA 6KW PORTABLE WITH DR.......................................................................................................... 71
१५. आखाँ अस्पतालको लागि IOL MASTER र PHEKO MACHINE खरिद.................................................................................. 72
१६. प्रयोगशालाका लागि अत्यावश्यकीय औजार तथा उपकरण खरिद........................................................................................ 73
१७. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि औजार उपकरण खरिद (4K LAPROSCOPY TOWER-1SET, UROLOGY INSTRUMENT COMPLETE SET-1SET, LITHOTRIPTOR-1SET, THULIUM LASER-1SET AND HIGH END ULTRASOUND MACHINE-2 SET).................... 74
१८. ख वर्गको एम्बुलेन्स खरिद ..................................................................................................................................... 75
१९. नेमोकोकल भ्याक्सिन खरिद .................................................................................................................................. 76

**स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरु ...........................................................................................................77**

१. अपरेशन थेयटरमा कार्यरत नर्सिङ कर्मचारीहरुका लागी अपरेशन थेयटर ब्यवस्थापन सम्बन्धी ४२ दिने तालिम ............................... 77
२. सि.टि. एस तालिम.................................................................................................................................................. 78
३. स्वास्थ्यकर्मीहरुलाई IMPLANT तालिम ........................................................................................................................ 80
४. चिकित्सकहरुका लागी मेडिको लिगल तालिम ................................................................................................................ 82
५. औषधिद्वारा गरिने गर्भपतन सम्बन्धि तालिम .................................................................................................................. 84
६. दक्ष प्रसुतिसेवा तालिम चिकित्सक, नर्स तथा अ.न.मी.लाई.............................................................................................. 85
७. VIA तालिम.......................................................................................................................................................... 87
८. चिकित्सकहरुको लागि भ्यासेक्टोमी तालिम.................................................................................................................. 89
९. चिकित्सकहरुका लागी मिनिल्याप तालिम..................................................................................................................... 91
१०. एडभान्स एफ सि एच भि तालिम ............................................................................................................................... 92
11. स्वास्थ्यकर्मिहरुका लागी एमएलपि तालिम .................................................................................................................. 94
१२. आधारभुत फिजियोथेरापी सम्बन्धी तालिम .................................................................................................................. 96
१३. PEN TOT तालिम.................................................................................................................................................. 97
१४. आयुर्वेद स्वास्थ्यकर्मिहरुका लागी स्वास्थ्य जिवनशैली सम्बन्धि प्रशिक्षक प्रशिक्षण TOT तालिम ............................................... 99
15. आयुर्वेद स्वा के र चिकित्सालयका औषधि कुटुवाहरुलाई COMPOUNDING, DISPENSING AND GOOD STORAGE PRACTICE सम्बन्धी अभिमुखीकरण तालिम .......................................................................................................................................... 100
16. आयुर्वेद चिकित्सकहरुका लागि पञ्चकर्मको प्रधानकर्म सम्बन्धी तालिम............................................................................ 102

**प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट सञ्चालन हुने कार्यक्रमहरु .............................................................................................104**

१. सरसफाईकर्मी करार........................................................................................................................................... 104
२. प्रदेश जनस्वास्थ्य प्रयोगशालाका लागि प्रयोगशालाकर्मी करार ........................................................................................ 105
३. सुरक्षा गार्ड करार ............................................................................................................................................... 106
४. प्रदेश भित्र रहेका प्रयोगशालाहरुको गुणस्तर सुनिश्चितता (QA) कार्यक्रम ......................................................................... 107
५. प्रदेश भित्र रहेका प्रयोगशालाहरुमा अनसाईट कोचिङ्ग ................................................................................................... 108
६. बार्षिक समिक्षा.................................................................................................................................................... 109
७. PCR MACHINE सफ्टवेयर सञ्चालन खर्च ................................................................................................................... 110
८. प्रदेश जनस्वास्थ्य प्रयोगशालाहरुका प्रयोगशाला सामाग्रीको नियमित मर्मत सम्भार ............................................................ 111
९. प्रदेश भित्र संचालन हुने निजि तथा सरकारी (अस्पताल/एकल) प्रयोगशालाहरुको मापदण्ड तथा ग्रेडिंग निर्देशिका तयारी................. 112
१०. सिकल सेल र थालासेमियाको परिक्षण कार्यक्रम ........................................................................................................ 113
११. महामारीका अवस्थामा नमुना संकलन तथा प्रयोगशाला परिक्षण ...................................................................................... 114
१२. टि वि कञ्जुमेवल्स तथा रियजेण्ट किट (मलेरिया डेंगु कालाजार आदी) खरिद तथा ढुवानी.................................................... 115

१३. ल्याब डायग्नोस्टिक, औजार उपकरण, किट लगायत अन्य सामाग्रीहरु खरिद ...... 116

**अस्पतालहरुबाट सञ्चालन हुने कार्यक्रमहरु ...... 117**

१. अस्पतालहरुको पुरानो क्वाटर मर्मत ...... 117
२. अस्पतालको नियमित रिपोर्टिङ सुदृढीकरण तथा विस्तार र वार्षिक प्रगती पुस्तिका छपाई र समिक्षा ...... 118
३. प्रयोगशाला तथा रेडियो इमेजिङ निदान सहयोग कार्यक्रम ...... 119
४. अस्पतालहरुमा मातृशिशु स्वास्थ्य सेवा सञ्चालन ...... 120
५. आपत्कालिन अवस्थाका गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थासम्म एम्बुलेन्स सहयोग ...... 121
६. सि.एम.इ निरन्तरता ...... 122
७. अस्पतालहरुमा ईमर्जेन्सि सेवा सुदृढिकरण ...... 123
८. सर्भाइकल तथा स्तन क्यान्सर को निशुल्क निदान तथा उपचार ...... 124
९. लुम्बिनी र राप्ती प्रादेशिक अस्पताल को लागि OPD र GENERAL BED को सोधभर्ना ...... 125
१०. सिकेल सेल एनिमिया, थालसेमिया तथा हेमोफेलियाको निदान, उपचार (कर्नर सञ्चालन समेत) ...... 125
११. अस्पतालको शौचालय दैनिक सरसफाई तथा व्यवस्थापन ...... 127
१२. फोहोरमैला व्यवस्थापन ...... 128
13. लुम्बिनी प्रादेशिक अस्पतलमा DEDICATED BIRTHING UNIT सञ्चालन ...... 129
१४. अस्पतालहरुमा नवजात शिशुहरुको सघन उपचार इकाई (SNCU) सेवा सुदृढिकरण ...... 130
१५. अपरेसन थिएटर सुदृढिकरण ...... 131
१६. पाल्पा अस्पतालमा प्राथमिक आँखा उपचार केन्द्र सेवा बिस्तार ...... 132
१७. बर्दिया र रामपुर अस्पतालको लागि PLACENTA PIT निर्माण ...... 133
१८. रामपुर पाल्पा र रोल्पा अस्पतालको लागि केन्द्रिकृत अक्सिजन पाईपलाईन बिस्तार ...... 134
१९. सामाजिक सेवा इकाई तथा एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन तथा व्यवस्थापन ...... 135
२०. रुकुम पूर्व अस्पतालको डेण्टल सर्भिस बिस्तार ...... 136
२१. रुकुम पूर्व अस्पतालमा फिजियोथेरापी सेवा बिस्तार ...... 137
२२. रुकुम पूर्व अस्पतालमा श:शुल्क फार्मेसी सेवाका लागि बिउ पूर्जी ...... 138
२३. रोल्पा अस्पतालको नयाँ भवनको लागि औजार उपकरण व्यवस्था ...... 139
२४. EHR निरन्तरता, बार्षिक सम्भार मुल्य समेत ...... 140
२५. राप्ती प्रादेशिक अस्पतालको प्रयोगशाला स्तरोन्नति (MICROBIOLOGY CULTURE SET UP) समेत ...... 141
२६. पोषण पुनर्स्थापना सेवा केन्द्र सञ्चालन निरन्तरता ...... 142
२७. मातृ तथा शिशु स्याहार क्लिनिक स्तरोन्नती ...... 143
२८. राप्ति प्रादेशिक अस्पतालको लागि औषधी भण्डारण गृह निर्माण ...... 144
२९. पृथ्वी चन्द्र अस्पतालको आवास निर्माण, रामग्राम नवलपरासी ...... 145
३०. लुम्बिनी प्रादेशिक अस्पतालको लागि MRI MACHINE खरिद ...... 146
३१. लुम्विनी प्रादेशिक अस्पतालमा न्यूरो सर्जरी माइक्रोस्कप खरिद ...... 147
३२. लुम्विनी प्रादेशिक अस्पतालमा इन्डो युरोलोजी सर्जरी सेट खरिद ...... 148
३३. लुम्विनी प्रादेशिक अस्पतालमा इ एन टि अडियोमिटर, TYMPANOMETER, OAE खरिद ...... 149
३४. लुम्विनी प्रादेशिक अस्पतालमा ट्रेडमिल टेस्ट मेशिन खरिद ...... 150
३५. लुम्विनी प्रादेशिक अस्पतालमा क्याथ ल्याव सञ्चालनका लागि आवश्यक थप उपकरण खरिद ...... 151
३६. भिम अस्पतालको लागि MORTUARY FREEZE ...... 152
३७. भिम अस्पतालको नंया भवनबाट सेवा सञ्चालनका लागि आवश्यक औजार उपकरण खरिद ...... 153

३८. रामपुर अस्पतालको लागि थाईराईड परीक्षण मेसिन खरिद ........ 154
३९. राप्ती प्रादेशिक अस्पतालको नया तला थपमा तथा पेडियाट्रिक व्लकमा सेवा विस्तार गर्न औजार उपकरण ........ 155
४०. राप्ती प्रादेशिक अस्पतालका लागि विशेषज्ञ शल्य चिकित्सा सेवा विस्तारका लागि MODULER OT SETUP समेत ........ 156
४१. रोल्पा अस्पतालको लागि ट्रान्सफर्मर खरिद जडान ........ 157
४२. बर्दिया अस्पतालको लागि न्यूनतम १२५KVA जेनेरेटर ........ 158
४३. पृथ्विचन्द्र अस्पतालको पर्खाल निर्माण ........ 159

**स्वास्थ्य कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु ........ 160**

१. ८० बर्ष पुगेका जेष्ठ नागरिक तथा अतिअशक्त (क र ख)वर्गहरुलाई स्थानिय तहसंगको सहकार्यमा घरमै स्वास्थ्य सेवा कार्यक्रम ........ 160
२. स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम प्रकाशन, प्रशारण तथा सञ्चालन(रेडियो, टि.भि, पत्रपत्रिका आदि) ........ 161
३. महामारीको समयमा RRT TEAM अभिमुखिकरण तथा परिचालन ........ 162
४. मुस्लिम तथा अल्पसंख्यक समुदायमा खुसहाल परिवार कार्यक्रम ........ 163
५. जिल्ला अन्तर्गत खानेपानीको गुणस्तर जाँच तथा निगरानी कार्यक्रम ........ 164
६. सिकेलसेल तथा थालसेमियाको स्क्रिनिङ तथा प्रेषण कार्यक्रम ........ 166
७. ४० वर्ष भन्दा माथिको लागि नसर्ने रोग (सुगर,प्रेसर र मृगौला रोग) स्क्रिनिङ कार्यक्रम ........ 167
८. सामुदायिक विद्यालयका किशोर किशोरीहरुको रक्तअल्पता परीक्षण तथा व्यबस्थापन ........ 168
९. सडक स्वास्थ्य सहायता कक्ष ........ 169
१०. समुदाय स्तरमा कुपोषित बच्चाहरु खोजपड्ताल ........ 170
११. अस्पतालमा जटिल प्रसुति सेवाको प्रेषण प्रणालीको सुद्धिढिकरण ........ 171
१२. खोप, प.नि साधन, HMIS TOOL, ल्याब रिएजेन्ट तथा अत्यावश्यक औषधिको ढुवानी खर्च ........ 172
१३. सिकेलसेल थालेसेमिया तथा हेमोफिलियाका विरामीहरुको परिवारलाई निःशुल्क विमा ........ 173
१४. माडीचौर स्वास्थ्य आमा समूह, रोल्पा-7 ........ 174
१५. शव वाहन खरिद कोहलपुर ........ 175
१६. शव वाहन खरिद, नेपालगञ्ज-उपमनपा ........ 175
१७. नेपालगञ्ज उपमहानगर मार्फत प्रसुती सामग्री खरिद तथा वितरण ........ 176
१८. प्रजनन् स्वास्थ्य सामग्री नेपालगञ्ज उपमहानगरपालिका वडा नं.४,१३,१४,२०,२२ मा रहेका स्वास्थ्य चौकीका ........ 177
१९. स्वास्थ्य कार्यालयका लागि सवारी साधन (अत्यावशकिय औषधी र भ्याक्सिन ढुवानीका लागि) बर्दिया,कपिलबस्तु र नवलपरासी ........ 178
२०. सुस्ता गा.पा.मा महिला स्वास्थ्य स्वयसेविकालाइ सम्मान तथा प्रोत्साहन, सुस्ता ........ 179
२१. नेपाल परिवार नियोजन संघलाइ अल्ट्रासाउण्ड मेसिन खरिद, बुटवल-5 ........ 180
२२. महिला स्वास्थ्य स्वयंसेविकालाइ क्षमता अभिबृद्धि कार्यक्रम ........ 181
२३. बाघमारे स्वास्थ्य चौकि कम्पाउण्डवाल निर्माण शान्तिनगर-२ ........ 182

**आयुर्वेद स्वास्थ्य संस्थाबाट सञ्चालन हुने कार्यक्रमहरुः ........ 183**

१. प्रादेशिक आयुर्वेद चिकित्सालय दाङगमा आयुर्वेद औषधि उत्पादन केन्द्र सञ्चालन (औजार उपकण खरिदसमेत) ........ 183
२. परम्परागत उपचारक गुरुवा, बैद्य आदीज्ञान सीप अभिलेखन ........ 184
३. शःशुल्क फार्मेशी सेवा सञ्चालनका लागि विउ पूँजी ........ 185
4. लुम्बिनी आयुर्वेद चिकित्सालय स्तरोन्नती (अन्तरंग तथा वहिरंग सेवा संचालनका लागि मेसिनरी औजार, प्रयोगशाला ) ........ 186
5. मानसिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि योग ध्यान कार्यक्रम ........ 187
6. आयुर्वेद कार्यक्रमहरुको समिक्षा तथा अनसाइट कोचिङ ........ 188
७. प्रा आ चि विजौरी र लुम्विनी आयुर्वेद चिकित्सालयमा CME सञ्चालन ........ 189
८. "मेरो स्वास्थ्य मेरो जिम्मेवारीसमुदाय स्तरमा स्वस्थ जीवन शैली प्रबर्धन कार्यक्रम " ........ 190

९. विद्यालय शिक्षकहरुका लागि आयुर्वेद तथा योग सम्बन्धी अभिमुखीकरण ........ 191
१०. प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरीलाई ५० सैयामा स्तरोन्नती गर्ने जनशक्ती)औजार उपकरण समेत) ........ 191
११. प्रा आ चि बिजौरीमा शल्य चिकित्सा र पञ्चकर्म सेवा विस्तार निरन्तरता........ 193
१२. निःशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन........ 194
१३. स्वस्थकर जीवन शैली प्रवर्द्बनमा गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम........ 195
१४. आयुर्वेद स्वास्थ्य केन्द्रमा पञ्चकर्म सेवा विस्तार ........ 196
१५. गुल्मी र प्युठानमा विस्तारित आयुर्वेद सेवा कार्यक्रम निरन्तरता........ 197
१६. प्रयोगशाला कन्ज्युमेवबल सामाग्री सहयोग........ 198

**अनूसूचीहरुः ........ 199**

अनूसूचि १: ........ 199
अनूसूचि २: ........ 199

# स्वास्थ्य मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरु

## १. लिभर फाउन्डेशन जनचेतना अभिबृद्धि कलेजो सम्बन्धि,डेङ्गी सम्बन्धि जनचेतना कार्यक्रम सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २० लाख | पटक | १ | दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | कलेजो रोग सम्वन्धी जनसमुदायमा जनचेतना अभिबृद्धि गरी रोगको रोकथाम, नियन्त्रणका साथै प्रदेशका तराई क्षेत्रका जिल्लाहरुमा वर्षायामको समयमा महामारीको रुपमा देखापर्ने डेङ्गी जस्ता समस्याहरुको बारेमा जनसमुदायमा जनचेतनाको अभिबृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| उद्देश्य | कलेजो रोग र डेङ्गी रोगहरुको बारेमा सर्वसाधरणमा जनचेतनाको अभिबृद्धि हुने |
| लाभान्वित जनसङ्ख्या/ समुह | प्रदेशबासी नागरिकहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्रहरु | बैठक, गोष्ठी, परामर्श, छपाई प्रचार प्रसार लगायत अन्य व्यबस्थापकीय खर्च। |
| कार्यक्रम सञ्चालन विधि | • कार्यक्रम सञ्चालनको लागि प्रशिक्षक एवं विज्ञ परामर्श सेवाबाट प्रस्तावना आह्वान गर्ने<br>• सम्बन्धित विज्ञबाट जनचेतनामूलक सामाग्रीको निर्माण गर्ने<br>• तयार भएको दस्तावेजको आधारमा सचेतनामूलक कार्यक्रम/ अभिमुखिकरण कार्यक्रम तय गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरुसंग समन्वय एवं सहकार्य गर्न सकिनेछ ।<br>• कार्यक्रमको प्रतिवेदन तयारी गर्ने |
| अपेक्षित उपलब्धी | कलेजो रोग र डेङ्गी जस्ता रोगहरुको बारेमा सर्वसाधरणमा जनचेतनाको अभिवृद्वी भई रुग्णतामा कमी हुनेछ |
| अनुगमनका सुचकहरु | • प्रस्तावना र सम्झौता<br>• जनचेतनामूलक सामाग्रीको सूची<br>• जनचेतनामूलक अन्तर्क्रियात्मक कार्यक्रम र गोष्ठीको संख्या |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बैठक तथा गोष्ठी खर्च, परामर्श सेवा खर्च एवं छपाई खर्चमा बाँडफाड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामाग्रीहरु | विषयसँग सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि निर्देशिका आदी । |

## २. सिकेलसेल थालेसेमिया तथा हेमोफिलियाका विरामीहरुको परिवारलाई निःशुल्क विमा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | परिवार संख्या | १ | निरन्तर |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | प्रदेशमा रहेका सिकलसेल, हेमोफिलियाका तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरुलाई उचित उपचारको व्यवस्था स्वास्थ्य विमा मार्फत गर्न सहयोग पुऱ्याउनका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | स्वास्थ्य विमा मार्फत सिकलसेल, हेमोफिलियाका तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरुलाई उपचारको व्यवस्था गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्र** | नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य बिमा शुल्क वा नविकरण गर्नका लागि लाग्ने खर्च |
| **लक्षित समूह** | सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • स्वास्थ्य बिमा गर्नुपर्ने परिवारहरुको विवरण तयार गर्ने<br>• स्वास्थ्य बिमा वोर्डसँग समन्वय गरी सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग पत्ता लागेका विरामीहरुका परिवारका सदस्यहरुको निशुल्क बिमामा लाग्ने रकमको भुक्तानी दिने<br>• सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग पत्ता लागेका विरामीहरुका परिवारका सदस्यहरुको पहिले नै बिमा गरीएको र विमितको विमा नविकरण गर्ने समय आएको अवस्थामा उनीहरुको विमा नविकरण गर्ने |
| **बजेट बाँडफाड** | स्वास्थ्य बिमा गर्न बिमा वोर्डले तोकेअनुसार खर्च गर्ने |
| **अपेक्षित उपलब्धी** | सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग पत्ता लागेका विरामीहरुका परिवारका सदस्यहरुको निःशुल्क उपचार हुने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | स्वास्थ्य बिमा वा नविकरण गरेका परिवारको संख्या |
| **प्रतिवेदन** | स्वास्थ्य विमा मार्फत सिकलसेल तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरुको विमा गरेको विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ३. मन्त्रालय र अन्तरगतबाट संचालित कार्यक्रमहरुको प्रभावकारीता अध्ययन तथा प्रतिबेदन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १० लाख | पटक | १ | दोश्रो र तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य क्षेत्रको सेवा प्रबाहलाई गुणस्तर र सेवामुखि बनाउन कार्यक्रमहरुको प्रभावकारीता अध्ययन अत्यावश्यक छ। यस प्रदेशको आवश्यकतानुसार संचालित कार्यक्रमहरुको अध्ययन तथा प्रतिबेदन तयार गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने हेतुले यस कार्यक्रमको व्यवस्था गरिएको छ।यसबाट आगामी दिनमा वार्षिक कार्यक्रमहरु निर्माण गर्न तथ्य तथ्याङ्कहरु प्राप्त हुनेछन । |
| **उद्देश्य** | मन्त्रालय र अन्तरगतबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारीता बारे अध्ययन गरी प्रतिबेदन तयार गर्ने |
| **लाभान्वित जनसङ्ख्या/ समुह** | मन्त्रालय र मातहतका निकायहरु |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्रहरु** | विज्ञ परामर्श सेवा खरिद, स्थलगत अध्ययन, बैठक गोष्ठि, छपाई तथा अन्य व्यबस्थापकीय खर्च |
| **कार्यक्रम सञ्चालन मार्गदर्शन/ विधि** | • प्रभावकारीता अध्ययन गर्ने कार्यक्रमहरुको सूची तयार गर्ने<br>• आवश्यकता अनुसार विज्ञबाट सेवा परामर्श सेवा खरिद गर्ने<br>• बहुपक्षीय सरोकारवालाहरु सम्मिलित अन्तर्क्रिया तथा गोष्ठिमा धारणा र अनुभव सङ्कलन गर्ने<br>• आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।<br>• प्राप्त मस्यौदालाई प्राविधिक समितिमा छलफल गरी अन्तिम रुप दिने<br>• प्रतिबेदन तयार पारी सार्वजानिकिकरण गर्ने। |
| **अपेक्षित उपलब्धी** | • प्रदेशबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारीता अध्ययन प्रतिबेदन तयार भई आगामी आ व मा योजना तर्जुमा गर्न सिफारिस/ सहयोग पुर्याउनेछ। |
| **अनुगमनका सुचकहरु** | • प्रभावकारीता अध्ययन गर्ने विषयको सूची तयार हुनेछ<br>• प्रस्तावना र सम्झौता<br>• प्रारम्भिक मस्यौदा तयार<br>• बैठक अन्तरक्रिया गोष्ठि<br>• अध्ययन प्रतिबेदन तयार तथा विस्तृतिकरण |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **सन्दर्भ सामाग्रीहरु** | विषयसँग सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि, निर्देशिका आदी |

## ४. मन्त्रालय र मातहतका कार्यालयहरुको व्यबस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | | दोश्रो र तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरुको कार्यालय व्यवस्थापन सम्बन्धि ज्ञान र सीपको विकास गरी कर्मचारीहरुको कार्यसम्पादनमा प्रभावकारीता ल्याउनका लागि यो कार्यक्रम तय गरीएको छ । |
| **उद्देश्य** | ज्ञान तथा सीपको विकास भई कार्यालयको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धी हुने |
| **लाभान्वित जनसङ्ख्या/ समुह** | स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरु |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्रहरु** | दै भ्र भ तथा यातायात खर्च, प्रशिक्षक तथा परामर्श खर्च, लगायत अन्य व्यबस्थापकीय खर्च। |
| **कार्यक्रम सञ्चालन मार्गदर्शन/ विधि** | • तालिम सामाग्री निर्माण गरी तालिम सञ्चालन योजना तयार गर्ने<br>• सहभागीहरुको छनौट गर्ने ।<br>• तालिम सञ्चालन गर्ने<br>• प्रतिवेदन तयार तथा अनुगमन र मुल्याङकन गर्ने |
| **अपेक्षित उपलब्धी** | • जनशक्तिको नवीनतम कार्यालय व्यवस्थापन सम्बन्धी ज्ञान तथा सीपको विकास भई कार्यालयको सेवा प्रभावकारिता अभिवृद्धी हुनेछ |
| **अनुगमनका सुचकहरु** | • तालिम सामाग्री तयार भएको<br>• तालिम सञ्चालन भएको पटक संख्या<br>• तालिममा सहभागीको संख्या |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **सन्दर्भ सामाग्रीहरु** | विषयसँग सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि, निर्देशिका आदी। |

## ५. सबै निकायहरुको पदगत तथा निकायगत कार्यविवरण तयार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५ लाख | पटक | १ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरुको कार्यशर्त एवं कर्मचारीहरुको कार्यविवरण तयार गरी निकायहरुको कार्यगत थप स्पष्टता प्रदान हुन तथा कर्मचारीहरुको कार्यसम्पादन चुस्त दूरुस्त पार्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | मन्त्रालय र अन्तरगतका निकायहरुको प्रवाह हुने सेवा प्रभावकारी तथा गुणस्तरीय हुनेछ । |
| लाभान्वित समुह | मन्त्रालय र मातहतका निकाय तथा कर्मचारीहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्रहरु | विज्ञ सेवा परामर्श खरिद, बैठक, गोष्ठी, छपाई । |
| कार्यक्रम सञ्चालन विधि | • विज्ञ परामर्श सेवा खरिदका लागि प्रस्तावना आह्वान गर्ने<br>• विज्ञहरुको परामर्श सेवा मार्फत प्रारम्भिक मस्यौदा तयार गर्ने<br>• आवश्यकता अनुसार स्वास्थ्यक्षेत्रमा कार्यरत बिकास साझेदारहरुसंग समन्वय, सहकार्य तथा साझेदारी गर्न सकिनेछ।<br>• सम्बन्धित सरोकारवालाहरुसँग बैठक तथा अन्तरक्रिया वा गोष्ठी गरी मस्यौदा तयार गर्ने<br>• प्राबिधिक समितिले मस्यौदालाई अन्तिम रुप दिने।<br>• तयार पारिएको अन्तिम मस्यौदा स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने। |
| अपेक्षित उपलब्धी | निकायहरुबाट सम्पादन हुने कार्यमा स्पष्टता, कार्यसम्पादन प्रभावकारी हुनेछ । |
| अनुगमनका सुचकहरु | मन्त्रालय र मातहतका निकायहरुको कार्यशर्त तयार भएको हुनेछ।<br>कर्मचारीहरुको कार्यविवरण तयार भएको हुनेछ। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बैठक तथा गोष्ठी खर्च, परामर्श सेवा खर्च एवं छपाई खर्चमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामाग्रीहरु | विषयसँग सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि निर्देशिका आदी । |

## ६. स्वास्थ्य सम्बन्धी विभिन्न, रणनीति,निर्देशिका, मापदण्ड, कार्यविधी तथा उपचार प्रोटोकल निर्माण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन, नियमावली, नीति, रणनैतिक योजना, मापदण्ड, कार्यविधि, तालिम सन्दर्भ सामाग्री र म्यानुअल तथा निर्देशिका मस्यौदा निर्माण गरी स्वास्थ्य सेवाको प्रभावकारीता र गुणस्तर अभिवृद्धिका लागि यो कार्यक्रमको व्यबस्था गरिएको छ। |
| उद्देश्य | स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन, नियमावली, नीति, रणनैतिक योजना, मापदण्ड, कार्यविधि तालिम सन्दर्भ सामाग्री र म्यानुअल तथा निर्देशिका मस्यौदा तयार गर्ने। |
| लाभान्वित जनसङ्ख्या/ समुह | स्वास्थ्य सेवा प्रदायक |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्रहरु | बैठक, गोष्ठी, विज्ञ परामर्श सेवा खरिद, छपाई लगायत अन्य व्यबस्थापकीय खर्च। |
| कार्यक्रम सञ्चालन विधि | • स्वीकृत वार्षिक कार्यक्रमसँग सम्बन्धित आवश्यक दस्तावेजको पहिचान गरी सूची तयार गर्ने<br>• सम्बन्धित सरोकारवालाहरुसँग बैठक तथा अन्तरक्रिया वा गोष्ठी गरी मस्यौदा तयार गर्ने ।<br>• आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम विज्ञहरुको परामर्श सेवा मार्फत प्रारम्भिक मस्यौदा तयार गर्ने<br>• प्राबिधिक समितिले मस्यौदालाई अन्तिम रुप दिने।<br>• तयार पारिएको अन्तिम मस्यौदा स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने। |
| सहकार्य, साझेदारी तथा समन्वय | • आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरुसंग समन्वय एवं सहकार्य गर्न सकिनेछ । |
| अपेक्षित उपलब्धी | • स्वास्थ्य सम्बन्धी विभिन्न, रणनीति, निर्देशिका, मापदण्ड, कार्यविधी, तालिम सन्दर्भ सामाग्री र म्यानुअल/ निर्देशिका तथा उपचार प्रोटोकल निर्माण भई स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता आउने। |
| अनुगमनका सुचकहरु | • दस्तावेजहरुको सूची<br>• प्राविधिक समिति गठन<br>• दस्तावेजको अन्तिम रुप तयार |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बैठक तथा गोष्ठी खर्च, परामर्श सेवा खर्च एवं छपाई खर्च गर्नुपर्नेछ । |
| सन्दर्भ सामाग्रीहरु | विषयसँग सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि निर्देशिका आदी । |

## ७. मातृ मृत्यु दरको कारण पहिचान, अध्ययन, र अनुसन्धान तथा समिक्षा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि त्रैमासिक |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | एक | १ | प्रथम, दोस्रो, तेस्रो |

| | |
|---|---|
| परिचय | लुम्बिनी प्रदेश सरकारले गुणस्तरीय स्वास्थ्य प्रणाली मार्फत सुरक्षित मातृ सेवा अन्तर्गत मातृ मृत्यु दरलाई घटाई दिगो विकासको लक्ष्य पूरा गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरु गर्दै आएको छ। देश कै सबै भन्दा धेरै मातृ मृत्यु लुम्बिनी प्रदेशमा हुने गरेको विभिन्न अध्ययनबाट देखिएको छ। अस्पताल तथा समुदायमा भएको उच्च मातृ मृत्युदरको कारण पहिचान गरी सोको निवारणका लागि तथ्यमा आधारित योजना तर्जुमामा सहयोग/सिफारिस गर्ने हेतुले यो कार्यक्रमको प्रस्ताव गरिएको छ। |
| उद्देश्य | • लुम्बिनी प्रदेशको उच्च मातृ मृत्यु दरको कारण पहिचान गर्न अध्ययन गरी तथ्यमा आधारित नीति योजना तथा कार्यक्रम बनाउन सहयोग गर्ने<br>• उच्च मातृ मृत्यु भएका अस्पतालमा मृत्युका विविध आयाम सम्बन्धी अध्ययन गरी प्रतिवेदन गर्ने |
| लक्षित समुह | सेवा प्रदायक अस्पताल र प्रदेशका गर्भवती तथा सुत्केरी महिलाहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्रहरु | विज्ञ परामर्श सेवा खरिद, बैठक, गोष्ठि , छपाई लगायत अन्य व्यबस्थापकीय खर्च |
| बजेट बाँडफाड | प्रचलित ऐन नियम निर्देशिका र कार्यविधि अनुसार बैठक तथा गोष्ठी खर्च , परामर्श , सेवा खर्च एवं छपाई खर्चमा बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| कार्यक्रम सञ्चालन विधि | • यस अनुसन्धानात्मक कार्य गर्नको लागि विज्ञ परामर्श सेवा आह्वान गरी गरिनेछ।<br>• प्रदेश सरकारद्वारा सञ्चालित धेरै मातृ स्वास्थ्य सेवा प्रदायक अस्पताल तथा उच्च मातृ मृत्यु दर भएका निजी स्वास्थ्य संस्थाहरुमा मातृ स्वास्थ्य सेवाको बारे अध्ययन गर्नु पर्नेछ।<br>• उच्च मातृ मृत्युको कारण पहिचान गर्न प्रदेशमा रहेका अस्पताल र मेडिकल कलेजहरुमा अध्ययन गर्नका लागी गर्भवती अवस्थामा आएको जटिलताको कारण मृत्यु भएका घटना विश्लेण अध्ययन (समुदाय र अस्पताल) लागि उचित वैज्ञानिक विधी र मिश्रित प्रणाली अवलम्बन गरी प्रस्तावना तयार गर्नुपर्नेछ।<br>• यस अनुसन्धान कार्य गर्न न्यूनतम रूपमा महिला तथा प्रसुती रोग बिषयमा स्नातकोतर गरी सम्बन्धित परिषदमा दर्ता भएका व्यक्ति वा अनुबंधित संस्थालाई अनुसन्धान गर्न छनौट गरिने छ।<br>• प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी संश्लेषणात्मक प्रतिवेदन पेश गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत विकास साझेदारहरु समन्वय र सहकार्य गर्न सकिने छ ।<br>• प्रतिवेदन अङ्ग्रेज़ी र नेपाली भाषामा तयार गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | मातृ मृत्युको कारण पहिचान हुनेछ। |
| अनुगमन मूल्याङ्कनका सुचकहरु | १.अनुसन्धानको प्रस्ताव<br>२. तथ्याङ्क संकलन गर्दै गरेको अनुगमन<br>३. तथ्याङ्कको प्रस्तुतिकरण<br>४.अध्ययन अनुसन्धान तथा प्रतिवेदन |
| सन्दर्भ सामाग्रीहरु | विषय सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा कार्यविधि निर्देशिका, आदि । |

## ८. आयुर्वेद सेवाको पहुँच र उपयोगिताको अध्ययन तथा अनुसन्धान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | एक | १ | दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| कार्यक्रमको परिचय | बढ्दो आयातित जीवनशैली र अप्राकृतिक रहन सहनका कारण विभिन्न रोगको प्रवृत्ति व्याप्त रहेको छ। सोको न्यूनिकरण एवं उचित व्यवस्थापनका लागि आयुर्वेद स्वास्थ्य सेवा मार्फत विविध प्रकारका सेवा लिनेको संख्या बढ्दै गएको देखिन्छ। आयुर्वेद स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि हाल उपलब्ध सेवाको पहुँच र उपयोगिताको वर्तमान अवस्थाको बारेमा बस्तुस्थितिको जानकारी लिई आगामी आ.व. मा योजना तर्जुमा प्रक्रियामा सहयोग पुऱ्याउन यो अनुसन्धानात्मक कार्यक्रमको व्यवस्था गरिएको छ। |
| कार्यक्रमको उद्देश्य | आयुर्वेद सेवाको विद्यमान उपलब्धता, पहुँच र उपयोगिताबारे अध्ययन तथा अनुसन्धान गरी तथ्यमा आधारित नीति तथा योजना सिफारिस गर्ने |
| लक्षित समुह | प्रदेशबासी नागरिक र आयुर्वेद स्वास्थ्य संस्थाहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| कार्यक्रमका खर्च क्षेत्रहरु | विज्ञ परामर्श सेवा खरिद, बैठक, गोष्ठि , छपाई लगायत अन्य व्यबस्थापकीय खर्च |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन मार्गदर्शन / विधि | • यस अनुसन्धान कार्य सञ्चालन गर्न न्यूनतम रूपमा आयुर्वेद चिकित्सा विज्ञानमा स्नातक गरी जनस्वास्थ्य वा आयुर्वेद चिकित्सा विज्ञानमा स्नातकोतर गरी सम्बन्धित परिषदमा दर्ता भएका व्यक्ति वा अनुबन्धित संस्थालाई अनुसन्धान गर्न प्रचलित सार्वजानिक खरिद कानून बमोजिम परामर्श सेवा खरिदका लागि छनौट गरिनेछ।<br>• प्रदेश सरकार द्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य संस्थाहरुले सेवा प्रवाह गरेका क्षेत्र र सेवाको पहुँच नभएका ठाँउ बीच आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी ज्ञान , शिप , धारणा, व्यवहार प्रस्फुटित हुने गरी उचित वैज्ञानिक विधी र मिश्रित प्रणालीमा आधारित प्रस्तावना बनाई पेश गर्नु पर्दछ।<br>• प्रतिवेदन अङ्ग्रेज़ी र नेपाली भाषामा तयार हुन पर्दछ । |
| अपेक्षित उपलब्धी | आयुर्वेद स्वास्थ्य संस्थाहरु बाट नागरिकहरुलाई थप पहुँच योग्य र प्रभावकारी सेवा प्रदान हुनेछ। |
| कार्यक्रम अनुगमनका सुचकहरु | • अनुसन्धानको प्रस्ताव परिचय), पृस्ठभूमि, उद्देश्य, विशिष्ट उद्देश्य, वैचारिक रूपरेखा, प्रश्नावली र योजना तालिका)<br>• तथ्याङ्क संकलन गर्दै गरेको अनुगमन<br>• तथ्याङ्कको प्रस्तुतिकरण<br>• अध्ययन अनुसन्धान तथा प्रतिवेदन |
| बजेट बाँडफाड | प्रचलित ऐन नियम निर्देशिका र कार्यविधि अनुसार बैठक तथा गोष्ठी खर्च , परामर्श, सेवा खर्च एवं छपाई खर्चमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| कार्यक्रम सञ्चालनको लागि सन्दर्भ सामाग्रीहरु | विषय सम्बन्धित संघ तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन , नियम , नीति तथा कार्यविधि निर्देशिका, आदि । |

## ९. AMR तथा विरामी सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.१० लाख | पटक | ४ | प्रथम,दोश्रो,तेश्रो र चैथो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | प्रतिजैबिक प्रतिरोध गम्भीर जनस्वास्थ्य समस्या तथा चिकित्सा विज्ञानको प्रमुख चुनौतिको रुपमा देखिएको छ। मानवस्वास्थ्य ,कृषी तथा औधोगिक क्षेत्रमा प्रतिजैबिक औषधि तथा औषधिजन्य सामाग्रीको अनुचित र अबैज्ञानिक प्रयोगको कारण यो समस्या झनै बिकराल बन्दै गएको छ। लुम्बिनी प्रदेशमा प्रतिजैबिक प्रतिरोध समस्याको समयमा नै पहिचान, रोकथाम, तथा व्यवस्थापन गर्न आवश्यक रहेकोले यो कार्यक्रमको व्यवस्था गरिएको छ। प्रतिजैविक प्रतिरोध समस्यालाई न्युनीकरण गर्न सकेमा बिरामी सुरक्षाका (Patient safety) कार्यहरु थप सवल र सुदृढ गराउने उद्देश्य का साथ यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | चिकित्सक तथा स्वास्थ्यकर्मीहरु र अन्य सरोकारवालाहरुको प्रतिजैविक प्रतिरोध र विरामी सुरक्षा सम्बन्धी सचेतना अभिवृद्धि हुने। |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्र | दै भ्र भ तथा यातायात खर्च, विज्ञ परामर्श सेवा खरिद, कार्यशाला गोष्ठी, बैठक छपाई तथा अन्य व्यबस्थापकीय खर्च । |
| लक्षित समुह | स्वास्थ्यकर्मी, संचारकर्मी र सरोकारवालाहरु |
| कार्यक्रम सञ्चालन विधि | • प्रति जैविक प्रतिरोध र बिरामी सुरक्षा सचेतना सम्बन्धी वार्षिक कार्यक्रमहरुको तय गर्ने।<br>• विश्वप्रतिजैविक प्रतिरोध सचेतना सप्ताहमा विभिन्न अन्तर्क्रियात्मक कार्यक्रम गर्ने<br>• विरामी सुरक्षा दिवसमा विभिन्न सचेतनामूलक गतिविधी सञ्चालन गर्ने<br>• कार्यक्रम सञ्चालनको लागि प्रशिक्षक एंव विज्ञ परामर्श र सहभागीहरु पहिचान गर्ने<br>• अनुगमन तथा प्रतिवेदन तयार गर्ने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कनका सूचकहरु** | • प्रति जैविक प्रतिरोध र बिरामी सुरक्षा सचेतना सम्बन्धी वार्षिक कार्यक्रमहरुको कार्ययोजना<br>• विश्वप्रतिजैविक प्रतिरोध सचेतना सप्ताहमा विभिन्न अन्तर्क्रियात्मक कार्यक्रम पटक र सहभागीको संख्या<br>• विरामी सुरक्षा दिवसमा विभिन्न सचेतनामूलक कार्यक्रम पटक र सहभागीको संख्या |

## १०. ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविका सम्मानजनक विदाई कार्यक्रम

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २ करोड | पटक | १ | निरन्तर |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | समुदायस्तरमा आमा तथा बच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन आवश्यक प्रतिकारात्मक र प्रबर्धनात्मक सेवा पुर्याउने उदेश्यले बि.सं. २०४५ साल देखि नेपालमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम शुरु भएको हो । समुदायस्तरमा परिचालित महिला स्वास्थ्य स्व्यमसेविकाको अथक मेहनत र योगदानलाई सम्मान गर्ने उद्देश्यले यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका रणनीति, २०७६ बमोजिम म सा स्व से हरुको स-सम्मान विदाई गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु |
| सहकार्य, साझेदारी तथा समन्वय | आवश्यकता अनुसार स्थानीय तहसंग समन्वय तथा सहकार्य गर्न सकिनेछ |
| खर्च क्षेत्र | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका सम्मानजनक विदाई खर्च मात्र। |
| लक्षित समुह | महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरु |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य कार्यालयले आ आफ्नो जिल्ला भित्र चालू आ. व. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका रणनीति २०७६ बमोजिम बिदाई हुने म सा स्व से को लगत तयार गर्ने।<br>• प्राप्त तथ्याङ्कका आधारमा मन्त्रालयबाट सम्बन्धित स्वास्थ्य कार्यालयलाई रकम निकासा गरिनेछ।<br>• यसरी बिदाई हुँदा प्रदेश सरकारबाट जनही रू ५०,०००/-( अक्षेरुपी पचास हजार) दरले नगद र प्रमाण पत्र सहित सम्मान दिनुपर्नेछ।<br>• स्वास्थ्य सम्बन्धि दिवस र उपयुक्त अवसर पारी सम्मानजनक विदाई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• सम्मानजनक बिदाई लिनुहुने म सा स्व से को लगत स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा खर्च गर्नु पर्नेछ। |
| अपेक्षित उपलब्धी | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको स-सम्मान विदाई हुनेछ । |
| अनुगमन तथा मूल्याङ्कन सूचक | सम्मानजनक बिदाई लिनुहुने म सा स्व से को संख्या |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य कार्यालयहरुले मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ११. नेपाल परिवार नियोजन संघको पुर्वाधार निर्माण तथा मर्मत सम्भार र औषधि उपकरण खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २० लाख | पटक | १ | दोश्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | यौन तथा प्रजनन अधिकार संरक्षण र प्रर्वद्धनका लागि विगत ६४ वर्ष देखी पैरवी गर्दे आईरहेको परिवार नियोजन संघको दाङ शाखाको सेवालाई विस्तार तथा सुदृढीकरण गर्नाका लागि आवश्यक भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार र औषधि उपकरण खरिद गरी समयमै सेवा उपलव्ध गराउन यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | परिवार नियोजन संघको दाङको भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार र औषधि उपकरण खरिद हुने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय दाङ |
| खर्च क्षेत्र | भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार र औषधि उपकरण खरिद, अनुगमन एवं प्रतिवेदन |
| लक्षित समुह | प्रजनन उमेर समुहका सेवाग्राहीहरु। |
| कार्यक्रम सञ्चालन विधि | • परिवार नियोजन संघको दाङ घोराहीसँग पुर्वाधार निर्माण तथा मर्मत सम्भार र औषधि उपकरण खरिद सम्बन्धी प्रस्तावना माग गर्ने<br>• प्रस्तावनाका आधारमा स्वास्थ्य कार्यालय दाङ (प्रथम पक्ष) र परिवार नियोजन संघ दाङ, घोराही (दोस्रो पक्ष) बीच द्विपक्षीय सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ।<br>• सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण औषधि तथा बस्तु खरिद तथा व्यवस्थापन गर्ने।<br>• सम्झौता अनुरुप भएको वास्तविक प्रगतिका आधारमा सम्बन्धित प्राविधिकले गरेको नाँप जाँच गुणस्तर परीक्षण समेतका आधारमा बील भर्पाई अनुसार स्वास्थ्य कार्यालय दाङले दोस्रो पक्षलाई भुक्तानी गर्नुपर्नेछ।<br>• कार्यक्रम सञ्चालन कार्यान्वयन अनुगमन एवं प्रतिवेदन तयार गर्ने। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | परिवार योजनाका साधनहरुमा सर्वासाधरण सेवा ग्राहीहरुको पहुँच पुगेको हुनेछ। |
| अनुगमन तथा मूल्याङ्कन | • प्रस्तावना र सम्झौता<br>• भौतिक पुर्वाधार निर्माण सम्पन्नता तथा मर्मत सम्भार<br>• औषधि उपकरण खरिद |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य कार्यालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## १२. नेपाल रेडक्रस सोसाइटी दाङ तुल्सीपुर शाखालाई सामाग्री खरिद

| खर्च शीर्षक नः | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५ लाख | पटक | १ | दोश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | विश्व रेडक्रस अभियानमा सहभागी हुने उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटी वि.स.२०२० भाद्र १९ गते स्थापना भई हाल ७७ वटै जिल्लामा विस्तार भएको छ । नेपाल रेडक्रस सोसाईटी दाङ तुल्सीपुर शाखामा रक्तसञ्चार लगायत यस सँग सम्वन्धित सामग्री खरीद गरी सेवा लाई थप सुदृढ गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | आपतकालिन अवस्थामा मानवीय सहयोग अभिवृद्धि हुने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय, दाङ |
| खर्च क्षेत्र | मानवीय सहायता प्रदान गर्न आवश्यक सामाग्री खरिद अनुगमन एवं प्रतिवेदन |
| लक्षित समुह | आपतकालीन अवस्थाका सहयोगापेक्षी |
| कार्यक्रम सञ्चालन विधि | • नेपाल रेडक्रस सोसाईटी तुलसीपुरसँग मानवीय सहायता प्रदान गर्न आवश्यक सामाग्री खरिद सम्बन्धी प्रस्तावना माग गर्ने<br>• प्रस्तावनाका आधारमा स्वास्थ्य कार्यालय दाङ प्रथम पक्ष र नेपाल रेडक्रस सोसाईटी तुलसीपुर दोस्रो पक्ष बीच द्विपक्षीय सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ।<br>• सम्झौता अनुरुप मानवीय सेवा प्रवाहका लागि आवश्यक सामाग्री खरिद तथा व्यवस्थापन गर्ने।<br>• सम्झौता अनुरुप भएको वास्तविक प्रगतिका आधारमा सम्बन्धित प्राविधिकले गरेको नाँप जाँच गुणस्तर परीक्षण समेतका आधारमा बील भर्पाई अनुसार स्वास्थ्य कार्यालय दाङले दोस्रो पक्षलाई भुक्तानी गर्नुपर्नेछ।<br>• कार्यक्रम सञ्चालन कार्यान्वयन अनुगमन एवं प्रतिवेदन तयार गर्ने। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा खर्च गर्नु पर्नेछ। |
| अपेक्षित उपलब्धी | आपतकालिन अवस्थामा सहयोग हुने । |
| अनुगमन तथा मूल्याङ्कन | • प्रस्तावना र सम्झौता<br>• मानवीय सहायता प्रदान हुने सामाग्रीको उपलब्धता |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य कार्यालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## १३. नीजि तथा सामुदायिक अस्पतालहरुको सञ्चालन अनुमति, नविकरण, अनुगमन आदि कार्य

| खर्चशीर्षकनं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | निरन्तर |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचय** | यस प्रदेश भित्र रहेका निजी, गैह्रसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्था/ अस्पतालहरुको नियमन गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु प्रदेश सरकारको कार्यक्षेत्र रहेको छ। यस प्रदेश भित्र सञ्चालित अस्पतालहरुको स्थापना, सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नतिको अनुगमन तथा स्थलगत निरीक्षण कार्यलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | यस प्रदेश भित्रका निजी, गैह्रसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्था/ अस्पतालहरुको नियमन गर्नु |
| **लाभान्वित जनसङ्ख्या/समुह** | प्रदेश भित्रका निजी, गैह्रसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्था/ अस्पतालहरु |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्रहरु** | दैनिक भ्रमण भत्ता तथा यातायात खर्च, बैठक, गोष्ठी तथा परामर्श खर्च, छपाई, प्रतिवेदन लगायत अन्य व्यबस्थापकीय खर्च। |
| **कार्यक्रम सञ्चालन विधि** | • वर्ष भरी गरीने अनुगमनको सूची तयार गर्ने<br>• चेकलिष्ट प्रयोग गरी प्रचलित कानून बमोजिम गठित समितिहरुबाट नियमित, आवधिक स्थलगत निरीक्षण तथा अनुगमन गर्ने ।<br>• अनुगमनका आधारमा प्रतिबेदन तयार गर्ने ।<br>• प्रतिबेदनका आधारमा संस्था दर्ता वा नविकरण प्रक्रिया अघि वढाउने ।<br>• संस्था दर्ता वा नविकरण गर्न नसकिएको खण्डमा सम्बन्धित संस्थालाई कारण सहित पृष्ठपोषण दिने । |
| **अपेक्षित उपलब्धी** | यस प्रदेश भित्र रहेका स्वास्थ्य सेवा प्रदायक अस्पतालहरुको नियमन भई नागरिकहरुको गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन् । |
| **अनुगमनका सुचकहरु** | अनुगमन प्रतिबेदन<br>संस्था दर्ता तथा नविकरण प्रमाण।<br>संस्था दर्ता तथा नविकरण हुन नसकेका संस्थाहरुलाई कारण सहितको पृष्ठपोषण |
| **बजेट बाँडफाड** | प्रचलितऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |

## १४.अस्पतालमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुको लागि **Professional Motivation** (व्यवसायिक उत्प्रेणा)कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| | ५ लाख | पटक | १ | तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश लोकसेवा आयोगबाट सिफारिश भई नियुक्ति तथा पदस्थापना भएका नवप्रवेशी जनरल नर्सिङ र कार्यरत नर्सिङ्ग कर्मचारीहरुको कार्य दक्षता अभिवृदि गर्दै सुदृढ स्वास्थ्य सेवा प्रवाह गर्ने नर्सिङ्ग कर्मचारीहरुको नेतृत्व क्षमता बृद्धि गरी आफ्नो तथा कार्यरत संस्थाप्रति जन विश्वास बढाउने उद्देश्यले यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| उद्देश्य | नर्सिङ्ग कर्मचारीहरुको कार्य दक्षता अभिवृदि भई सेवा गुणस्तरीयता अभिबृद्धि हुने । |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्रहरु | विज्ञ परामर्श सेवा खरिद, प्रशिक्षक खर्च, प्रतिवेदन दै.भ्र.भ, यातायात लगायत अन्य व्यबस्थापकीय खर्च। |
| लक्षित समूह | नर्सिङ्ग कर्मचारीहरु |
| कार्यक्रम सञ्चालन विधि | • कार्यक्रम सञ्चालनका लागि विषयबस्तु निर्धारण गरी कार्ययोजना बनाउने<br>• सहभागी हुने जनशक्ति विवरण तयार गर्ने<br>• स्वीकृत कार्ययोजना बमोजिम अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | नर्सिङ्ग कर्मचारीहरुको व्यावसायिक उत्प्रेरित हुनेछन । |
| अनुगमन र मुल्याङ्कन | कार्ययोजना<br>अभिमुखीकरणमा सहभागी संख्या |

## १५. राप्ती प्रादेशिक अस्पताल तुलसीपुर, प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी दाङ र लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवलको संगठन तथा व्यवस्थान सर्वेक्षण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५ लाख मात्र | पटक | १ | दोश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचय** | हाल राप्ती प्रादेशिक अस्पताल १०० वेडमा संचालित भएको र २०० वेड क्षमताको स्वीकृत भैसकेको अस्पताल सञ्चालन गर्न हाल मौज्दात कर्मचारी दरवन्दीमा परिवर्तन गर्नु पर्ने भएको तथा यसरी नै प्रादेशिक आयुर्वेद चिकित्सालय दाङ विजौरी २५ वेडमा संचालित भएको र विरामीको चापलाई ध्यान दिई यस चिकित्सालयलाई पनि ५० वेडमा सञ्चालन गर्न हाल मौज्दात दरवन्दीमा परिवर्तन गर्न पर्ने भएको साथै लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवललाई १५ वेडमा स्तरोन्नती भई हाल मौज्दात दरवन्दीमा परिवर्तन गर्न पर्ने भएको हुदा यस कार्यक्रमको व्यवस्था गरिएको हो । |
| **उद्देश्य** | राप्ती प्रादेशिक अस्पताल र प्रादेशिक आयुर्वेद चिकित्सालय दाङ र लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवलको हालको कर्मचारी दरवन्दी संरचनामा परिवर्तन गरी सो अनुसार कार्यान्वयन गरी सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न |
| **लाभान्वित जनसङ्ख्या/समुह** | अस्पतालहरु तथा प्रदेशबासी |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्रहरु** | विज्ञ परामर्श सेवा खरिद, दैनिक भ्रमण भत्ता कार्यशाला गोष्ठी, बैठकभत्ता, छपाई र व्यबस्थापकिय खर्च। |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रचलित कानुन बमोजिम विज्ञहरुको परामर्श सेवामार्फत प्रारम्भिक मस्यौदा तयारगर्ने<br>• स्थलगत अध्ययन<br>• सङ्गठन व्यस्थापन सर्भेक्षण सम्बन्धी प्रारम्भिक मस्यौदा तयार गर्ने<br>• छलफल एवं प्रस्तुतीकरण गर्ने<br>• प्रदेश सरकार समक्ष पेश गर्ने |
| **अपेक्षित उपलब्धी** | • राप्ती प्रादेशिक अस्पताल र प्रादेशिक आयुर्वेद चिकित्सालय दाङ र लुम्बिनी आयुर्वेद चिकित्सालयमा पर्याप्त जनशक्तीको व्यवस्था भई सेवा प्रभावकारी रुपमा सञ्चालन भई जनताले सहज स्वास्थ्य सेवा प्राप्त गर्नेछन् । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। |
| **सन्दर्भ सामाग्रीहरु** | • न्यूनतम सेवा मापदण्ड कार्यान्वयन निर्देशिका २०७८,<br>• नेपालको स्वास्थ्य जनशक्ति सम्बन्धी राष्ट्रिय रणनीति २०२१-२०३०<br>• नेपाल स्वास्थ्य क्षेत्र रणनैतिक योजना, २०२३-३० |

## १६. मृगौला डायलायसिस गर्न पर्ने गरिब तथा असहाय बिरामीको लागि इन्जेक्सन ईरिथ्रोपोइटिनमा पचास प्रतिशत अनुदान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. १० लाख | अस्पताल | १३ | प्रथम, दोस्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | नेपालमा दिन प्रतिदिन मृगौला सम्बन्धी समस्याहरु बढीरहेको छ । मृगौला फेल भएको अवस्थामा मृगौला प्रत्यारोपण सर्वसाधारणको पहुँच भन्दा टाढा रहेकोले त्यस्ता विपन्न समुदायका विरामीहरुलाई सरकारी अस्पतालहरुमा मृगौला डाइलाईसिस गर्दा आवश्यक पर्ने इरेथ्रोपोएटिन इन्जेक्सन खरिदमा ५० प्रतिशत सहयता दिने व्यबस्थाका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | विपन्न नागरिकहरुलाई मृगौला डाइलासिस गर्दा आवश्यक पर्ने इरेथ्रोपोएटिन इन्जेक्सन खरिदमा ५० प्रतिशत आर्थिक सहयोग पुऱ्याउन। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| खर्च क्षेत्र | • इरेथ्रोपोएटिन इन्जेक्सन खरिदमा ५० प्रतिशत रकम सम्बन्धित अस्पताललाई उपलब्ध गराउने । |
| लक्षित समूह | प्रदेश भित्रका सरकारी अस्पतालहरुबाट मृगौला सम्बन्धी डाईलाइसिस उपचार सेवा लिने सेवा ग्राही |
| कार्यक्रम सञ्चालन विधि | • यस सेवा प्रवाहका लागि प्रदेश भित्रका निःशुल्क डाईलाइसिस सेवा प्रवाह गर्ने अस्पतालहरुलाई जानकारी दिने ।<br>• सामुदायिक डाइलासिस सेवाहरुसँग सो सेवाका लागि सम्झौता गर्ने र सोही सम्झौता बमोजिम शोध भर्ना गर्ने ।<br>• सम्बन्धित अस्पतालहरुलाई स्वास्थ्य निर्देशनालयले चौमासिक रुपमा शोधभर्ना स्वरुप रकम निकासा गर्नुपर्नेछ।<br>• विपन्न नागरिकलाई मृगौला डायलासिस औषधिमा सहायता कार्यक्रम प्रदान गर्नका लागि स्थानीय तहबाट प्रदान गरिएको विपन्नताको सिफारिसका आधारमा सेवा दिने अस्पतालहरुमा मृगौला डाइलासिस गर्दा आवश्यक पर्ने इरेथ्रोपोएटिन इन्जेक्सनको खरिदमा ५० प्रतिशत रकम स्वास्थ्य निर्देशनालय मार्फत अस्पतालहरुमा शोधभर्ना उपलब्ध गराउने।<br>• सेवा प्रदान गर्ने अस्पताललाई इरेथ्रोपोएटिन इन्जेक्सनको भुक्तानी रकममा एकरुपताका लागि स्वास्थ्य निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |

## १७. लुम्बिनी प्रदेशको हिमाली जिल्लामा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन कार्यक्रम

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.५० लाख मात्र | जिल्ला | ३ | प्रथम, दोश्रो, तेश्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश भित्रका हिमाली तथा दुर्गम जिल्लाहरुमा चिकित्सक/स्वास्थ्यकर्मीहरु न्यून संख्यामा भएकोले प्रादेशिक अस्पतालमा रहेका चिकित्सक/स्वास्थ्यकर्मीहरु र छात्रवृत्ति करारका कर्मचारीहरुलाई निश्चित प्रोत्साहन भत्ता लगाएतको सुविधा प्रदान गरी हिमाली तथा दुर्गम जिल्लाहरु रुकुमपूर्व, रोल्पा र रामपुर अस्पतालहरुमा चिकित्सक/स्वास्थ्यकर्मीहरुलाई टिकाई राखी सेवा प्रवाहलाई प्रभावकारी वनाउने उद्देश्यले यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| उद्देश्य | प्रदेश भित्रका हिमाली तथा दुर्गम जिल्लाहरु (रुकुम पूर्व अस्पताल, रोल्पा अस्पताल र रामपुर अस्पताल) मा चिकित्सकहरुलाई टिकाई राखी सेवा निरन्तर प्रवाह हुने । |
| कार्यक्रमसञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्र | प्रदेशबाट स्वीकृत **विशेषज्ञ चिकित्सक परिचालन निर्देशिका २०७८** ले तोकेको खर्च क्षेत्र |
| लक्षित समुह | चिकित्सक र विशेषज्ञ चिकित्सकहरु |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेशबाट स्वीकृत **विशेषज्ञ चिकित्सक परिचालन निर्देशिका २०७८** अनुसार कार्यक्रम सञ्चालन गरिनेछ।<br>• यस निर्देशिका बमोजिमको सुविधा चौमासिक रुपमा उपलब्ध गराउनुपर्नेछ। |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड र खर्च गर्नु पर्नेछ। |
| अपेक्षित उपलब्धी | प्रदेश भित्रका हिमाली तथा दुर्गम जिल्लाका अस्पतालहरुमा स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृदि हुनेछ। |
| अनुगमन तथा मुल्याङ्कनका सुचकहरु | यस सुविधा बमोजिम खटिएका चिकित्सक र विशेषज्ञ चिकित्सकको संख्या तथा सेवा अवधि |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## १८.प्रस्तावित भालुवाङ अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा सहित आकस्मिक सेवा विस्तार (सञ्चालन तथा व्यवस्थापन समेत)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ करोड ५० लाख | पटक | १ | दोस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचय** | यस प्रदेशको राजधानीमा रहेको साविकको लालमटिया स्वास्थ्य चौकी (प्रस्तावित भालुवाङ अस्पतालमा) परिसरमा अस्थायी संरचनायुक्त भवन बनाई विशेषज्ञ स्वास्थ्य सेवा सहित आकस्मिक सेवा विस्तार (सञ्चालन तथा व्यवस्थापन समेत) यो कार्यक्रम व्यवस्था गरीएको छ । |
| **उद्देश्य** | प्रस्तावित भालुवाङ अस्पतालमा आकस्मिक सेवा सहितको विशेषज्ञ सेवा प्रवाह गर्ने |
| **कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या/समुह** | प्रदेशबासी नागरिकहरु |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **खर्च क्षेत्रहरु** | भौतिक पूर्वाधार निर्माण तथा संरचना मर्मत सम्भार, जनशक्ति व्यवस्थापन, उपकरण खरिद तथा स्वास्थ्य सेवा सञ्चालन । |
| **कार्यक्रम सञ्चालन विधि** | • भौतिक पूर्वाधार निर्माण तथा संरचना मर्मत सम्भार, जनशक्ति, र आवश्यक औजार उपकरणको लगत तयार गर्ने<br>• प्रदेश मातहत अस्पताल प्राप्त भए पश्चात आवश्यक जनशक्तिको व्यबस्था गर्ने ।<br>• प्रचलित सार्वाजानिक खरिद कानून बमोजिम आवश्यक संरचनाको निर्माण र बस्तुको आपूर्ति व्यवस्थापन गर्ने<br>• औजार उपकरण जडान तथा विकास गरी सेवा सञ्चालन गर्ने<br>• आवश्यकता अनुसार विभिन्न मन्त्रालय, संघ संस्था र सम्बन्धित स्थानिय तहसँग समन्वय गर्ने |
| **अपेक्षित उपलब्धी** | प्रस्तावित भालुवाङ अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा सहित आकस्मिक सेवा विस्तार हुने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **कार्यक्रम अनुगमनका सुचकहरु** | पूर्वाधार निर्माण तथा मर्मत संभार र जनशक्तिको व्यवस्थापनको अवस्था<br>विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको अवस्था |
| **अनुगमा तथा मुल्याङ्कन** | कार्यक्रमको प्रगति विवरण कार्यक्रम सञ्चालन गर्ने निकायले नियमित रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयबाट सो कार्यप्रगतिको अनुगमन र मुल्याङ्कन गरिनेछ |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## १९. अस्पताल फर्मूलरी निर्माण सम्बन्धी कार्यक्रम

| खर्च शिर्षक नं . | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधी |
|---|---|---|---|---|
| २२५२२ | रु .५ लाख | पटक | १ | प्रथम, दोश्रो, तेश्रो र चौथो |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | अस्पताल फार्मेसीले सम्बन्धित अस्पतालमा औषधी तथा औषधीजन्य सामग्रीहरुको खरिद भण्डारण तथा वितरण गर्ने कार्य गर्दछ। सो सम्बन्धमा अस्पताल भित्र प्रयोग हुने सम्पूर्ण औषधी तथा औषधीजन्य सामग्रीहरुको बारेमा तयार गरिएको विस्तृत विवरण सहितको पुस्तिकालाई अस्पताल फर्मुलरी भनिन्छ। यसले सुलभ मुल्यमा गुणस्तरिय फार्मेसी सेवा दिन फार्मेसीलाई सक्षम बनाउन मद्दत गर्दछ। अस्पताल फर्मुलरी तयार गर्ने कार्य ड्रग एण्ड थेराप्युटिक समितिको भएको र सो समितिको सदस्य सचिव फार्मासीष्ट हुने व्यवस्था भएकाले फार्मासीष्टका लागि यस कार्यक्रम व्यवस्था गरिएको हो। |
| उदेश्य | फार्मासीष्टलाई अस्पताल फर्मुलरी तयार गर्नका लागि सक्षम बनाउने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय। |
| खर्च क्षेत्र | विज्ञ परामर्श सेवा, दैनिक भ्र भ तथा यातायात खर्च र अन्य व्यवस्थापकीय खर्च। |
| सञ्चालन प्रक्रिया | • फार्मास्युटिकल केयर वा क्लिनिकल फार्मेसी वा फार्मेसी विषयमा कम्तिमा स्नाकोत्तर (M.Pharm) गरेको व्यक्तिलाई प्रशिक्षकको रुपमा लिने।<br>• अस्पतालको बर्गिकरण अनुसार अलग अलग फर्मुलरी तयारी गर्ने<br>• तालिमको कार्ययोजना बनाउने<br>• तालिम सामग्री निर्माण गर्ने।<br>• अस्पतालमा कार्यरत फार्मासीष्टहरुको सूची तयार गर्ने।<br>• तालिम सञ्चालन गर्ने। |
| बजेट बाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधी अनुसार बिनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चानल र खर्च गर्नुपर्नेछ। |
| तालिमको अवधि तथा सहभागि संख्या | • तालिम अवधि ३ दिन<br>• सहभागी संख्या २५ देखी ३० जना |
| अनुगमन तथा मुल्यांकन सूचक | • तालिममा सहभागी संख्या<br>• अस्पताल फर्मुलरी तयारी भएका अस्पताल |
| प्रतिवेदन | तालिम सम्पन्न भए पश्चात तालिम संयोजकले विस्तृत प्रतिवेदन बनाई स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

## २०.प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र सुदृढिकरण (हव एन्ड सेटलाइट नेटवर्क पूर्व तयारी समेत)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १० लाख | पटक | ४ | पहिलो,दोस्रो,तेस्रो र चौथो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचय** | विपद पूर्व तयारी र प्रतिकार्यका लागि यस प्रदेशमा प्रदेश प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालनमा आएको छ। यस प्रदेशमा ४ वटा हब अस्पतालहरु रहेका छन। भविष्यमा हुने विपद प्रकोप र महामारीको जोखिम न्यूनिकरण, पूर्वतयारी र प्रतिकार्यका लागि हब अस्पताल र स्याटेलाईट अस्पतालबीच रणनैतिक सम्बन्ध स्थापन गरी नेटवर्कलाई सुदृढीकरण गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | प्रदेशमा हब अस्पताल र स्याटेलाईट अस्पतालबीच नेटवर्कलाई सुदृढीकरण गर्ने |
| **लाभान्वित जनसङ्ख्या/समुह** | प्रदेशबासी नागरिकहरु र अस्पताल |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय |
| **कार्यक्रमका खर्च क्षेत्रहरु** | दै भ्र भ तथा यातायात खर्च, खाजा खाना र अन्य व्यवस्थापकीय खर्च |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रदेशमा रहेका चार वटा हब अस्पताल र स्याटेलाईट अस्पतालको नेटवर्क बैठकको कार्ययोजना तयार गर्ने<br>• आवश्यकता अनुसार विभिन्न मन्त्रालय, संघ संस्था र सम्बन्धित स्थानिय तहसँग समन्वय तथा सहकार्य गर्ने<br>• चौमासिक रुपमा PHEOC को प्राविधिक सहयोगमा सम्वन्धित हब अस्पतालमा र स्याटेलाईट अस्पतालको नेटवर्कको कार्यसञ्चालन, Hospital disaster preparedness and response plan तयारी र कार्यान्वयनका बारेमा छलफल गर्ने |
| **अपेक्षित उपलब्धी** | हब अस्पताल र स्याटेलाईट अस्पतालको नेटवर्कको सुढृढीकरण हुने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन मुल्याङ्कनका सुचकहरु** | हब अस्पतालमा र स्याटेलाईट अस्पतालको नेटवर्कको बैठक संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २१. निःशुल्क आखाँको नानी (कर्निया ट्रान्सप्लान्टेशन) प्रत्यारोपण शोधभर्ना

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २० लाख | पटक | ४ | पहिलो,दोस्रो,तेस्रो र चौथो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | प्रदेशमा बसोवास गर्ने नागरिकहरुको आँखाको नानीमा लागेको चोट लगायतका कारणहरुले गर्दा आँखाको ज्योती गुमिरहेको छ। यस प्रदेशमा रहेका आँखा सेवा कार्यक्रम प्रदान गर्ने स्वास्थ्य संस्थाहरुले कोर्नीया प्रत्यारोपण गरी उनीहरुको दृष्टी जोगाउन सफल भएका छन । तसर्थ, यस अवस्थाबाट प्रभावित ब्यक्तिहरुको उपचारमा सहुलियत प्रदान गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | आँखाको नानीमा लागेको चोट लगायतका कारणहरुले गर्दा आँखाको ज्योती गुमाएकाहरुलाई कोर्नीया प्रत्यारोपणमा सहयोग गर्ने |
| **लाभान्वित जनसङ्ख्या/समुह** | प्रदेशबासी नागरिकहरु |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्रहरु** | कोर्नीया प्रत्यारोपणमा लाग्ने खर्चको शोधभर्ना |
| **कार्यक्रम सञ्चालन विधि** | • आखाँको कर्निया प्रत्यारोपण संचालन सम्बन्धि कार्यविधी तयार गर्ने<br>• स्वास्थ्य निर्देशनालयले कर्निया प्रत्यारोपण सेवा सुविधा उपलब्ध गराउने अस्पतालहरुसँग सम्झौता गर्ने ।<br>• सम्झौता बमोजिम प्रदेशबासी नागरिकहरुलाई कर्निया प्रत्यारोपण सेवा उपलब्ध गराएका अस्पतालहरुलाई चौमासिक रुपमा सेवा बमोजिमका संलग्न बील भर्पाई र प्रमाणका आधारमा भुक्तानी दिनुपर्नेछ।<br>• सोको लगत राखी मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | कर्निया प्रत्यारोपण गर्नुपर्ने विरामीहरुलाई सहुलियत प्राप्त भई आखाँको ज्योति प्राप्त हुने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अनुगमन मुल्याङ्कनका सुचकहरु** | कोर्नीया प्रत्यारोपणबाट लाभान्वित सेवाग्रहीहरु |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २२. प्रदेशको उपयुक्त स्थानमा महिला तथा बाल अस्पतालको सम्भाव्यता अध्ययन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५ लाख | पटक | १ | दोस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि सरकारी स्तरमा अस्पतालको स्थापना गरी महिला तथा बालबालिकाका बिशिष्टकृत स्वास्थ्य सेवा सरल, सहज, व्यवस्थित तथा प्रभावकारी रुपमा प्रदान गर्नको लागि उपयुक्त स्थानको छनौट तथा अस्पताल स्थापनाको सम्भाव्यता अध्ययन गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | महिला तथा बाल अस्पतालको सम्भाव्यता अध्ययन गर्ने |
| लाभान्वित जनसङ्ख्या/ समुह | प्रदेश भित्र बसोबास गर्ने आम नागरिक |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य मन्त्रालय |
| खर्च क्षेत्रहरु | विज्ञ परामर्श, कार्यशाला गोष्ठी, बैठक भत्ता, छपाई र व्यबस्थापकिय खर्च। |
| कार्यक्रम सञ्चालन विधि | • महिला तथा बाल अस्पतालको सम्भाव्यता अध्ययनको लागि विज्ञहरुको परामर्श सेवा खरिद गर्ने<br>• बहुपक्षीय सरोकारवालाहरु सम्मिलित समिति गठन गरी सो मार्फत अस्पताल स्थापना सम्बन्धी बृस्तृत अध्ययन गर्ने ।<br>• अध्ययनको प्रतिबेदन माथि सरोकारवालाहरुसँग कार्यशाला गोष्ठी, छलफल, बैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने।<br>• प्रतिबेदन तयार पारी स्वीकृतिका लागि पेश गर्ने। |
| सहकार्य, साझेदारी तथा समन्वय | • आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ । |
| कार्यक्रमको अपेक्षित उपलब्धी | • प्रदेशमा महिला तथा बालबालिका अस्पतालको लागि उपयुक्त स्थान छनौट भएको हुनेछ। |
| अनुगमनका सुचकहरु | • विज्ञ नियुक्ति वा सम्भाव्यता अध्ययन समिति गठन<br>• परामर्श तथा छलफलका निर्णयहरु<br>• अध्ययन प्रतिबेदन |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामाग्रीहरु | नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड २०७४ |

## २३. अस्पतालहरुमा सामाजिक लेखा परिक्षण(Socal Audt)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १३ लाख | पटक | १ | दोश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य क्षेत्रको सेवा प्रबाहलाई थप जवाफदेहि पारदर्शी र जन भावना अनुरुप बनाउन अत्यावश्यक छ। यस प्रदेशको मातहतमा रहेका प्रादेशिक अस्पतालहरुको सेवाको बारेमा आम जनमानसको राय सल्लाह सुझाव अनुसार समय सापेक्ष र जनभावना अनुरुप सेवा प्रवाह गरी थप पारदर्शी बनाउने हेतुले यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | प्रादेशिक अस्पतालबाट प्रवाह हुने सेवाहरुको सामाजिक परिक्षण गर्ने |
| **लाभान्वित जनसङ्ख्या/ समुह** | प्रदेश मातहतका सरकारी अस्पतालहरु |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | अस्पतालहरु |
| **खर्च क्षेत्रहरु** | विज्ञ परामर्श सेवा खरिदका लागि तयारी, बोलपत्र आह्वान तथा सम्झौता, स्थलगत अध्ययन, छलफल एवं प्रस्तुती, प्रतिवेदन |
| **कार्यक्रम सञ्चालन मार्गदर्शन/ विधि** | • विज्ञ संस्था छनौटका लागि कार्यक्षेत्र शर्त तयारी र सम्झौता<br>• सामाजिक परीक्षण कार्य सचालन<br>• अनुगमन एवं प्रतिवेदन तयारी तथा सार्वजनिकिकरण |
| **सहकार्य, साझेदारी तथा समन्वय** | आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ । |
| **अपेक्षित उपलब्धी** | प्रादेशिक अस्पतालबाट प्रवाह हुने सेवाहरु प्रति विश्वास बढ्ने |
| **कार्यक्रम अनुगमनका सुचकहरु** | • परामर्श तथा छलफलका निर्णयहरु<br>• अध्ययन प्रतिबेदन |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **सन्दर्भ सामाग्रीहरु** | संवास्थ्य क्षेत्रका लागि सामाजिक परीक्षण कार्यसञ्चालन निर्देशिका २०७० प्रथम संशोधन २०७३ |

## २४.बारवर्दिया स्थित थारु R C memorial अस्पतालमा सेवा विस्तार सहयोग

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ३० लाख | पटक | १ | दोस्रो तेस्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| परिचय | तराईमा व्यापक सिकलसेल तथा थालेसेमिया रोगको सचेतना स्क्रिनिङ्ग तथ उपचारमा अहम भुमिका खेलेको बर्दिया जिल्ला बारबर्दिया नगरपालिकामा रहेको थारु RC Memorial अस्पतालको सेवा विस्तार गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | थारु R C memorial अस्पतालमा सेवा विस्तार गर्ने |
| लाभान्वित जनसङ्ख्या/ समुह | बर्दियाबासी नागरिकहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | बारबर्दिया न पा |
| खर्च क्षेत्रहरु | अस्पतालको सेवा विस्तारमा आवश्यक औजार उपकरण |
| कार्यक्रम सञ्चालन विधि | • भौतिक पूर्वाधार निर्माण तथा संरचना मर्मत सम्भार, जनशक्ति, र आवश्यक औजार उपकरणको लगत तयार<br>• प्रचलित सार्वाजानिक खरिद कानून बमोजिम आवश्यक संरचनाको निर्माण र बस्तुको आपूर्ति व्यवस्थापन<br>• औजार उपकरण जडान तथा विकास गरी सेवा सञ्चालन<br>• आवश्यकता अनुसार विभिन्न मन्त्रालय, संघ संस्था र सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने |
| अपेक्षित उपलब्धी | थारु R C memorial अस्पतालमा सेवा विस्तार भई सेवाग्राहीहरुको पहूँच अभिवृद्धि हुनेछ |
| अनुगमनका सुचकहरु | पूर्वाधार निर्माण, औजार उपकरणको उपलब्धता<br>सेवाग्राहीहरुको संख्या |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |

# स्वास्थ्य निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु

## १. विद्यालय नर्सिङ सेवा कार्यक्रम थप तथा निरन्तरता

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१९ | रु. १०४.६५लाख | जना | २५ | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| **परिचयः** | विद्यालय तहवाटै बालबालिकाहरुलाई सन्तुलित र पोषिलो खानेकुरा खाने तथा स्वस्थ्य जीवनशैली अपनाउन प्रेरित गर्दै समग्र स्वास्थ्य, सरसफाई र पोषण प्रवर्धन, किशोरकिशोरीको प्रजनन स्वास्थ्य तथा महिनावारी व्यवस्थापनको आवश्यकताको महशुस गर्दै विद्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पुर्‍याई विद्यार्थीहरुको स्वास्थ्य सुधार ल्याउन यो कार्यक्रमलाई थप तथा निरन्तरता गरीएको छ । |
| **उद्देश्य** | • विद्यालय उमेरका बालबालिकाहरुलाई स्वास्थ्य जिवनशैली अपनाउन प्रेरित गर्ने ।<br>• विद्यालयमा अध्यनरत किशोरीहरुको महिनावारी स्वास्थ्यलाई व्यवस्थित गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |
| **खर्च क्षेत्र** | पारिश्रमिक सेवा सुविधा । |
| **लक्षित समूह** | विद्यालयमा अध्ययनरत छात्र छात्राहरु । |
| **कार्यक्रम सञ्चालन विधि** | • गत वर्ष देखि कार्यरत विद्यालय नर्सलाई सम्बन्धित विद्यालयको सिफारिसमा निरन्तरता दिने ।<br>• मन्त्रालयले तोकेको मापदण्ड अनुसार विद्यालयहरु छनौट गर्ने ।<br>• सेवा करारमा कार्यरत विद्यालय नर्सहरुलाई सहायक पाँचौ तहको शुरु तलव स्केल अनुसारको तलव नियमानुसार उपलब्ध गराउने ।<br>• यस निर्देशनालयले तयार पारेको कार्यविवरण अनुसार बिद्यालय नर्सले कार्य गर्नु पर्नेछ ।<br>• विद्यालय नर्सको हाजिरी प्रमाणित सम्बन्धित पालिका वा विद्यालयले प्रमाणित गरी स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ र सोको आधारमा सम्बन्धित कर्मचारीको पारिश्रमिक बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।<br>• कार्यरत नर्स मध्ये कसैले करार सम्झौता निरन्तरता नगरेमा नयाँ करार सेवाको लागि निर्देशनालयले प्रक्रिया अगाडि बढाई सेवा निरन्तरता दिइनेछ । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • विद्यालय उमेरका बालबालिकाहरुको पोषण सुधार तथा स्वस्थ्य जीवनशैली अपनाउन सहयोग हुनेछ ।<br>• विद्यालयमा अध्यनरत किशोरीहरुको महिनावारीका कारणले गर्दा विद्यालयमा हुने अनुपस्थित दर कमि हुनेछ । |
| **अनुगमन मुल्यांकनको सूचक** | • लाभान्वित विद्यार्थीको संख्या<br>• स्वास्थ्य |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २. स्वास्थ्य कार्यक्रमहरुको अर्धवार्षिक समीक्षा तथा कार्ययोजना तयारी कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५ लाख | पटक | १ | दोस्रो |

| | |
|---|---|
| **परिचय** | विगत तथा यस आ.व. को अर्धवार्षिक अवधिसम्म संचालन भएका कार्यक्रमहरुको छलफल, जिल्लातहदेखि स्थानीय तह सम्म लक्षित गरे अनुसारको प्रगतीको अवस्था, सुधार गर्नु पर्ने अवस्था, खास सवाल पहिचान गरी आगामी आ.व. मा के कस्ता कार्यक्रमहरुको आवश्यकता पर्छन सो को लागि योजना बनाउन यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | विगत तथा यस आ.व. का कार्यक्रमबाट सिकाई गर्दै आगामी आ.व. का लागि कार्यक्रम योजना तयार गर्ने उद्देश्यले यो कार्यक्रमको आवश्यकता परेको हो । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | समिक्षा कायक्रम, प्रशिक्षक तथा सहभागी दै भ्र भ तथा यातायात खर्च |
| **लक्षित समूह** | प्रादेशिक अस्पतालका प्रमुख, स्वास्थ्य कार्यालयका प्रमुख, प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्था वा योजनासँग संलग्न जनशक्ति |
| **कार्यक्रम सञ्चालन विधिः** | • स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका कार्यक्रमको हालसम्मको प्रगति तथा संचालन गर्दा आइपरेका समस्या र समाधानका उपायका वारेमा तोकिएको ढाँचामा प्रस्तुती।<br>• विगतको कार्यक्रमबाटको सिकाई र आगामी कार्यक्रम संचालन गर्नका लागि योजना तयारीका वारेमा छलफल । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | यस आ.व. को समीक्षा र आगामी कार्यक्रम प्रभावकारी रुपमा संचालन हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | समीक्षाको विस्तृति कार्यतालिका, सहभागीहरुको हाजिरी, प्रस्तुतीकरण slides, समीक्षाको प्रतिवेदन । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि बजेट खर्च र प्रगति प्रतिबेदन संबन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## ३. निशुल्क रक्त संचार सेवा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १ करोड ७५ लाख | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| | |
|---|---|
| **परिचय** | प्रदेशमा हुने शल्यक्रिया, मातृस्वास्थ्य सेवा, सडक दुर्घटना, रगत तथा रगत जन्य रोगहरु आदिको उपचार व्यवस्थापनको लागि अत्यावश्यक रगत तथा रक्त तत्वहरु सर्वसुलभ, सुरक्षित र निशुल्क रुपमा उपलब्ध गराई रगतको अभावबाट हुन सक्ने अकाल मृत्युबाट बचाउनाको लागि गराउनको लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्य** | प्रदेशमा बसोबास गर्ने सबै नागरिकलाई सर्वसुलभ तरीकाले चाहिएको समयमा आवश्यक परिमाणमा गुणस्तरीय र सुरक्षित रगत तथा रक्त तत्वहरु उपलब्ध गराउने |
| **कार्यक्रम व्यबस्थापन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | प्रदेशमा रहेका सबै सरकारी अस्पतालहरु, प्रतिष्ठानहरु, सामुदायिक अस्पतालहरु, Dialysis center र रक्त संचार केन्द्रहरु। |
| **खर्च क्षेत्रहरु** | नेपाल सरकारबाट मान्यता प्राप्त रक्तसंचार सेवा प्रदायक संस्थाले तोके बमोजिमको बिल भरपाई |
| **लक्षित समूह** | रक्तसंचार सेवा लिने सेवाग्राहीहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | • रक्त संचार सेवा प्रदान गर्ने संस्था (Bood Bank, Nepal Red Cross Society), अस्पताल तथा प्रतिष्ठानहरुको सूची तयार गर्ने ।<br>• रक्त संचार सेवा उपलब्ध गराउने संघ संस्था तथा अस्पतालहरुले निःशुल्क रक्तसंचार सेवा उपलब्ध गराउन सम्झौता गर्ने।<br>• स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशबाट स्वीकृत कार्यविधि "**निशुल्क रक्त संचार निर्देशिका २०७८**" (संशोधन समेत) बमोजिम कार्यक्रम संचालन गरिनेछ ।<br>• रक्तसंचार सेवा वापतको सेवाग्रहीको बिबरण अध्यावधिक गरी त्रैमासिक रुपमा निर्देशनालयबाट उपलब्ध गराईएको खाकामा स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ।<br>• रक्त संचार सेवा प्रदान गर्ने संघ संस्था तथा अस्पतालबाट प्रतिवेदन प्राप्त भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालयले सम्झौता अनुसारको सोध भर्ना दिनुपर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | सबै नागरिकलाई सर्वसुलभ तरीकाले चाहिएको समयमा आवश्यक परिमाणमा गुणस्तरीय र सुरक्षित रगत तथा रक्त तत्वहरु उपलब्ध हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | निःशुल्क रगत र रक्त जन्य पदार्थ प्राप्त गर्ने बिरामीको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन त्रैमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ४. दम जन्य तथा ब्रोंकाटिस उपचार व्यवस्थापन अस्पतालहरु (स्वास्थ्य सेवा)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १ करोड | अस्पताल | १३ | प्रथम, दोश्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| **परिचय** | प्रदेशमा विद्यमान विभिन्न नसर्ने रोगहरुको वढ्दो प्रकोपवाट प्रदेश वासीलाई पर्ने व्यक्तीगत व्ययभार कम गर्नका लागि उपचारमा आर्थिक सहुलियत प्रदान गर्न दीर्घ श्वासप्रश्वास रोगहरु (Chronic Respiratory Diseases) (जस्तै COPD, Asthma, Occupational Lungs Diseases, Pulmonary Hypertension) को विरामीहरुलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार रु. ५०,०००।– अक्षेरुपी रु. पचास हजार सम्मको निःशुल्क उपचार व्यवस्थापनको लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| **उद्देश्य** | दमजन्य तथा ब्रोंकाईटिस उपचारमा विरामीको व्यक्तीगत व्ययभारलाई कम गर्न आर्थिक सहुलियत प्रदान गर्ने । |
| **कार्यक्रम व्यबस्थापन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | प्रदेश अन्तरगतका सरकारी अस्पतालहरु। |
| **खर्च क्षेत्रहरु** | विरामीको उपचारमा लाग्ने खर्चको सोधभर्ना, कार्यक्रमको अभिमुखिकरण, अनुगमन, समिक्षा तथा छपाई |
| **लक्षित समूह** | दीर्घ श्वासप्रश्वास रोगीहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • कार्यक्रम सञ्चालन गर्ने सरकारी अस्पतालहरुको सुची तयार गर्ने ।<br>• सूचीकृत अस्पतालहरुले **"दम तथा ब्रोन्काइटिस रोग उपचार आर्थिक सहुलियत निर्देशिका,२०७६(संशोधन समेत)"**अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• प्रदेशमा रहेका संघीय सरकारी अस्पतालहरुसँग यो कार्यक्रम लागु गर्न स्वास्थ्य निर्देशनालयले सम्झौता गर्नेछ ।<br>• निर्देशनालयले प्रत्येक तीन महिनामा अस्पतालले पेश गरेको विरामी उपचारको अभिलेखका आधारमा सम्बन्धित अस्पताललाई शोध भर्ना स्वरुप रकम उपलब्ध गराउनु पर्नेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | दम जन्य तथा व्रोङ्काइटिसका विरामीहरुको उपचारमा हुने व्यक्तिगत व्ययभार कम भई सेवामा नागरीकको पँहुचमा वृद्धि हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | निःशुल्क दीर्घ श्वासप्रश्वासको उपचार प्राप्त गर्ने बिरामीको संख्या ।<br>भुक्तानी भएका दस्ताबेजहरु । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन त्रैमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ५. प्रदेश विपन्न नागरीक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम (मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोग)

| खर्च शीर्षक नं | बजेट | एकाई | अनुमानित | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५ करोड | जना | २००० | प्रथम, दोश्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| **परिचय** | नेपालमा हाल नसर्ने रोगहरुका बिरामिहरु बृद्धि हुदै गएको र सो रोगको उपचारमा लाग्ने खर्च महंगो भएकोले असहाय र विपन्न नागरीकहरुले पैसाकै अभावमा उपचारबाट बन्चित हुन नपरोस भनी नेपाल सरकारले उपलब्ध गराउदै आईरहेको रकमले मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचार धान्न नसकेकोले प्रदेश सरकारबाट असहाय तथा विपन्न नागरीकहरुलाई उपचारमा थप सहुलियतका लागि यो कार्यक्रमको ब्यबस्था गरिएको छ । |
| **उद्देश्य** | यस प्रदेशका असहाय र विपन्न नागरीकहरुको मुटुको भल्भ फेर्न, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा आर्थिक सहुलियत प्रदान गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |
| **खर्च क्षेत्र** | औषधि उपचार खर्च सोधभर्ना। |
| **लक्षित समूह** | • लुम्बिनी प्रदेशका मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचार गर्नुपर्ने असहाय र विपन्न नागरीक। |
| **कार्यक्रम सञ्चालन विधि** | स्वास्थ्य मन्त्रालय लुम्विनी प्रदेशबाट स्वीकृत कार्यविधि "**प्रदेश स्वास्थ्य उपचार विशेष सुविधा निर्देशिका २०७८**" अनुसार कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | असहाय र विपन्न नागरीकहरुले आर्थिक अभावको कारणले मृगौला प्रत्यारोपण गर्न बन्चित हुने छैनन्। |
| **अनुगमन तथा मुल्यांकनको सूचक** | मुटुको भल्भ फेर्ने, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचार बापत सहुलियत लिने बिरामीको संख्या । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ६. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा अनसाइट कोचिङ्ग कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख मात्र | पटक | १ | प्रथम दोस्रो, तेश्रो र चौथो |

| | |
|---|---|
| परिचय | लुम्बिनी प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको ज्ञान सीप र दक्षता अभिबृद्धि गरी सेवाको प्रभावकारिता वढाउन यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| उद्देश्य | स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवाको गुणस्तरीयता र प्रभावकारिता अभिबृद्ध गर्ने |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |
| खर्च क्षेत्रहरु | प्रशिक्षक तथा सहभागीहरुको दै भ्र भ तथा यातायात खर्च र अन्य व्यबस्थापकीय खर्च |
| लक्षित समूह | स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु । |
| कार्यक्रम सञ्चालन विधि | • अनसाइट कोचिङ तथा मेन्टरिङ्गका लागि समयसारिणी सहितको कार्ययोजना तयार गरी स्वीकृत गराउने ।<br>• अनसाईट कोचिंग तथा मेन्टरिङ्ग सम्बन्धी संक्षिप्त सन्दर्भ सामग्री तथा Skill Assessment चेकलिस्ट तयार गर्ने ।<br>• मेन्टरहरुको सूची तयार गर्ने ।<br>• कोचिङ्ग तथा मेन्टरिङ्ग विषय तय गरी आयुर्वेद स्वास्थ्य संस्था अनसाईट कोचिंग तथा मेन्टरिङ्ग गर्ने ।<br>• कोचिङ तथा मेन्टरिङ् पश्चात अनिवार्य रुपमा प्रतिबेदन तयार गर्ने र सो अनुसार कार्ययोजना लागू गर्ने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | आयुर्वेद स्वास्थ्यकर्मीहरुको क्षमता विकास भई गुणस्तरीय आयुर्वेद सेवा संचालन हुनेछ । |
| अनुगमन र मुल्याङ्कनको सूचक | अनसाईट कोचिंग तथा मेन्टरिङ्ग कार्यक्रम संचालन गरेको आयुर्वेद स्वास्थ्य संस्था र सहभागीको संख्या। |
| प्रतिबेदन | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन तथा फलोअप वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ७. बंगलाचुली आयुर्वेद औषधालय हासिपुरमा सेवा विस्तार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १० लाख | पटक | १ | दोश्रो र तेश्रो |

| | |
|---|---|
| **परिचय** | बंगलाचुली गाँउपालिका स्थित वंगालाचुली आयुर्वेद औषधालयको सेवा विस्तारका लागि आवश्यक औजार उपकरणहरुको व्यबस्था गरी प्रभावकारी आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | बंगालाचुली आयुर्वेद औषधालयको स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन आवश्यक औजार उपकरणको व्यबस्था गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक औजार तथा उपकरण, फर्निचर फिक्चर खरिद। |
| **लक्षित समूह** | बंगलाचुली गाउपालिकाका जनता |
| **कार्यक्रम सञ्चालन विधि** | • बंगालाचुली गाँउपालिकाले तयार गरेको प्रस्तावका आधारमा स्वास्थ्य निर्देशनालय र गाँउपालिकाको सम्झौता तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ ।<br>• प्राप्त प्रस्तावका आधारमा पालिकालाई प्रक्रिया अघि वढाउन लगाई कार्य सम्पन्न पश्चात पेश भएको प्राविधिक मुल्याङ्कन तथा अनुगमन प्रतिबेदनको आधारमा सम्बन्धित पालिकालाई भुक्तानी दिने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | वंगलाचुली आयुर्वेद औषधालयमा सेवा विस्तार भई आयुर्वेद स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | • औजार उपकरणहरुको उपलब्धता<br>• विल भर्पाई |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रायमा पेश गर्नुपर्नेछ । |

## ८. प्रदेशका अस्पताल तथा आयुर्वेद चिकित्सालय तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम निरन्तरता कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.३० लाख मात्र | अस्पताल | २६ | सबै चौमासिक |

| | |
|---|---|
| **परिचय** | प्रदेश अन्तर्गतको स्वास्थ्य संस्थाहरुका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा अस्पतालहरुको अवस्थाको बारेमा स्व-मुल्यांकन, अनुगमन तथा समिक्षा गरी अस्पतालको तह अनुसारको न्युनतम सेवा मापदण्ड मुल्याङ्कन गर्ने र सुधार गर्नु पर्ने कार्ययोजना समेत तयार गरी अस्पतालहरुको सेवाको गुणस्तर वृद्धि गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| **उद्देश्य** | प्रादेशिक अस्पतालहरुले प्रदान गर्ने सेवाको गुणस्तरमा सुधार गर्न अप्नाउनु पर्ने न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) सुनिश्चित गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | अस्पतालको MSS को समिक्षा,तथा फलोअप। |
| **लक्षित समुह** | प्रदेश अन्तर्गतका १३ वटै अस्पतालहरु र १३ वटै आयुर्वेद स्वास्थ्य संस्थाहरु । |
| **कार्यक्रम सञ्चालन विधि** | • MSS संचालन गर्ने अस्पतालहरुको कार्यक्रम संचालन कार्ययोजना तयार गर्ने ।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुको MSS का लागि स्रोत व्यक्ति तयार गर्नुपर्नेछ ।<br>• कार्यक्रम संचालन कार्ययोजना अनुसार MSS फलोअप गरी समिक्षा गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | प्रदेश अन्तर्गतको अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड लागू भएको हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | MSS को स्कोर तथा कार्ययोजना। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## ९. निजी अस्पतालहरुको संचालन अनुमतिको लागि प्राविधिक अनुगमन समिति परिचालन तथा कार्यक्रम व्यबस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.८ लाख मात्र | पटक | ३ | पहिलो,दोश्रो, तेश्रो |

| | |
|---|---|
| **परिचय** | हाल प्रदेशबाट नै निजी स्वास्थ्य संस्थाहरुको सञ्चालनका लागि प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती ऐन २०७५ र प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नती नियमावली २०७७ अनुसार अनुमति र नविकरण कार्यहरु नियमित रुपमा भैरहेको छ।ऐन र नियमावलीको मापदण्ड अनुसार अनुमति र नविकरण गर्नका लागि प्राविधिक अनुगमन समित परिचालन तथा अस्पतालहरुको अनुमति, नविकरण सम्बन्धी अभिलेख अध्यावधिक तथा व्यबस्थापन गर्न यो कार्यक्रमको ब्यबस्था गरीएको छ। |
| **उद्देश्य** | स्वास्थ्य संस्थाहरुको संचालन अनुमति, नविरण र स्तरोन्नतिमा सहजिकरणका लागि प्राविधिक अनुगमन समिति परिचालन तथा अस्पतालहरुको अनुमति नविकरण सम्बन्धी अभिलेख व्यबस्थापन गर्ने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |
| **खर्च क्षेत्र** | जनशक्ती व्यबस्थापन, दै.भ्र.भ तथा यातायात खर्च। |
| **लक्षित समुह** | निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | • अस्पतालहरुको अनुमति तथा नविकरणको अभिलेख व्यबस्थापनका लागि कम्प्युटर सम्बन्धी ज्ञान भएको पाँचौ तहको स्वास्थ्य प्राविधिक जनशक्ती प्रचलित नियमानुसार सेवा करारमा लिने ।<br>• संचालन अनुमति, नविकरण र स्तरोन्नतीका लागि दर्ता भएका संस्थाहरुको प्राविधिक समितिले अनुगमन गर्ने।<br>• अनुगमन पश्चात अनुगमन प्रतिवेदन पेश गर्ने, पेश भएको प्रतिवेदनको आधारमा आवश्यक प्रक्रिया अगाढि बढाउने। |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम ,निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलव्धी** | • स्वास्थ्य संस्थाहरुको संचालन नविकरण र स्तरोन्नतिमा सहजिकरणका लागि प्राविधिक अनुगमन समिति परिचालन भई कार्यान्वयन हुनेछ । |
| **अनुगमन तथा समिक्षा** | स्वास्थ्य मन्त्रालयबाट अनुगमन तथा समिक्षा हुनेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यप्रगतीको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## १०. अपाङ्गता भएका बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न HRDC संग सहकार्य

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १५ लाख | पटक | १ | प्रथम, दोस्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | यस प्रदेशमा रहेका अपाङ्गता भएका वालबालिकाहरुको समयमा नै पहिचान, उपचार (जटिल प्रकृतिका शल्यक्रिया समेत) र पुनःर्स्थापना गरी अपाङ्गता व्यबस्थापन एवं मूलप्रवाहीकरण गर्न गराउनका लागि अपाङ्ग वाल अस्पताल तथा पुनःर्स्थापन केन्द्रसँग सहकार्य गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ। |
| **उद्देश्य** | अपाङ्गता भएका बालबालिकाहरुको समयमा नै पहिचान गरी उपचार र पुनःर्स्थापना मार्फत जीवन यापनमा सहजता प्रदान गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | स्क्रिनिंग क्याम्प, सेवा बिस्तार तथा सेवा प्रवाह र पुनःर्स्थापना खर्च |
| **लक्षित समूह** | प्रदेश भित्रका अपाङ्गता भएका वालबालिकाहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • अपाङ्ग वाल अस्पताल तथा पुनःर्स्थापना केन्द्र (HRDC Nepal) सँग स्क्रिनिंग क्याम्प, Reconstructive surgery, सेवा प्रवाह र पुनःर्स्थापना सम्बन्धी प्रस्ताव माग गर्ने।<br>• स्वीकृत प्रस्ताब अनुसार अपाङ्ग वाल अस्पताल तथा पुनःर्स्थापना केन्द्र (HRDC Nepal) सँग सम्झौता गरी कार्यहरु संचालन गर्न लगाउने ।<br>• कार्य योजना बमोजिमको कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | अपाङ्ग भएका बालबालिकाहरुको अविलम्व पहिचान भई उपचार र पुनःर्स्थापना सेवा प्रदान हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | उपचारबाट लाभान्वित अपाङ्गता भएका बालबालिकाहरुको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यप्रगतीको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## ११. दुर्गम तथा अपायक क्षेत्रका गर्भवती महिलाहरुलाई निःशुल्क हवाई उद्दार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १० लाख | पटक | ३ | प्रथम, दोस्रो, तेस्रो |

| | |
|---|---|
| **परिचय** | कुनै पनि गर्भवति तथा सुत्केरी महिलाले अस्पतालसम्म पुग्न नसकी ज्यान गुमाउन नपरोस भनी उनीहरुलाई आवश्यक परेको खण्डमा तुरुन्त अस्पतालमा निःशुल्क हवाई प्रेषण गर्नका लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | दुर्गम तथा अपाएक क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरुको समयमै जटिलता व्यबस्थाका लागि सुविधा सम्पन्न नजिकैको सरकारी अस्पतालमा प्रेषण गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | हवाई भाडा भुक्तानी खर्च |
| **लक्षित समूह** | तोकिएका दुर्गम क्षेत्रका गर्भवति तथा सुत्केरी महिला |
| **कार्यक्रम सञ्चालन विधि** | ● सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थाले गर्भवति महिला तथा सुत्केरीको अवस्था ज्यादै नाजुक भएको, तत्कालै C/S नगरेमा जीउ ज्यान खतरामा पर्न सक्ने र उक्त संस्थामा C/S तथा अन्य सम्बन्धित जटिलताको व्यबस्थापन हुन नसक्ने भएको खण्डमा नजिकको सुविधा सम्पन्न अस्पतालमा थप उपचारका लागि तत्काल प्रेषण गर्नुपर्ने भएमा मात्र हवाई उद्दारका लागि पहल गर्नुपर्ने हुन्छ ।<br>● प्रेषणका लागि अस्पताल प्रमुख तथा स्थानीय तहको स्वास्थ्य संस्थाको हकमा स्वास्थ्य संस्था प्रमुखले वा संम्वन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुखले गर्भवति तथा सुत्केरी महिलाको जटिलता व्यबस्थापनका लागि स्वास्थ्य निर्देशनालयलाई हवाई उद्दारको आवश्यक्ताको पूर्व जानकारी गराउने ।<br>● गर्भवति तथा सुत्केरी महिलाको उपचारमा संलग्न अस्पतालको प्रमुख वा संम्वन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुखले हवाई सेवा संचालन गरेको संस्थासँग हवाई सेवा व्यावस्थापनको लागि सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको समन्वयमा स्वीकृत दर रेटमा सम्झौता गरी स्वास्थ्य निर्देशनालयलाई जानकारी गराई बिरामीलाई उपचारको लागि सम्वन्धित अस्पतालमा पठाई भुक्तानीका लागि स्वास्थ्य निर्देशनालयमा पठाउने ।<br>● सम्बन्धित अस्पताल प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखले जटिलता व्यबस्थापनका लागि प्रेषण गरेको विरामी पुर्जा, हवाई सेवा संचालन गर्ने संस्थाको विल,सम्बन्धित अस्पताल/ स्वास्थ्य संस्थाको भुक्तानी सिफारिस पत्र सहित हवाई सेवा उपलव्ध गराएको १५ दिन भित्र भुक्तानीको लागि स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन  र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | दुर्गम तथा अपाएक क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरुको सहज जटिलता व्यबस्थापन भई मृत्युदरमा कमी हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | हवाई उद्धार गरिएका जटिल सुत्केरी महिलाहरुको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन गर्ने निकायले कार्य प्रगतिका बारेमा  प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## १२. अस्पतालमा डाईलाईसिस सेवा स्थापना तथा सेवा विस्तार

| खर्च शीर्षक न | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ६ करोड | अस्पताल | १ | दोश्रो र तेश्रो |

| | |
|---|---|
| परिचय | मृगौला फेल भएका विपन्न विरामीहरुलाई निः शुल्क डायलाईसिस सेवा प्रदान गर्न सेवा उपलब्ध नभएका अस्पतालहरुमा सेवा विस्तार तथा सेवा प्रदान गरिरहेका केश वढी भएका अस्पतालहरुमा थप हेमोडायालिस मेसिन तथा सो सेवा प्रदान गर्न आवश्यक जनशक्तिको व्यबस्था गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| उद्देश्यः | मृगौला रोगीहरुलाई निः शुल्क डायलाईसिस सेवा प्रदान गर्न । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |
| खर्च क्षेत्र | डायलासिस सेवा विस्तारका लागि आवश्यक जनशक्ति व्यबस्थापन, Exposer visit तालिमका लागि दै भ्र भ तथा यातायात खर्च, डायलाईसिस सेवा विस्तारका लागि आवश्यक औजार उपकरण र जनशक्ति व्यबस्थापन, |
| लक्षित समुह | डायलाईसिस गर्नुपर्ने मृगौलाका विरामीहरु। |
| कार्यक्रम सञ्चालन विधि | • डायलाईसिस सेवा संचालनका लागि अस्पतालहरुबाट उपकरण तथा आवश्यक जनशक्तिको माग विवरण संकलन गर्ने ।<br>• डायलाईसिस सेवा संचालनका लागि कक्ष निर्माण नभएका अस्पतालहरुलाई कक्ष निर्माणका लागि स्वीकृत लागत माग गर्ने ।<br>• डायलाईसिस कक्ष निर्माण सम्पन्न पश्चात अस्पतालले कक्ष निर्माण सम्पन्न प्रतिबेदन सहित विल भर्पाई स्वास्थ्य निर्देशनालयमा पेश गर्न लगाउने र सो विल भर्पाई अनुसार अस्पताललाई खर्च शोधभर्ना गर्ने ।<br>• डायालाईसिस सेवा संचालनका लागि आवश्यक जनशक्तिको व्यबस्थाका लागि प्रचलित नियमानुसार करारमा भर्ना गर्ने ।<br>• डायलाइसिस सेवा संचालन गर्ने प्राविधिक जनशक्तिहरुलाई डायलाइसिस सेवा दिइरहेका अस्पतालहरुमा कम्तिमा २ हप्ताको अभ्यासिकरण तालिम (Exposer vist) गराउने ।<br>• आवश्यक औजार उपकरणका लागि सूची तयार गरी प्राविधिक लागत अनुमान तयार गर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद कार्य गर्ने ।<br>• डायलाइसिस मेसिन तथा उपकरणहरुको Instalation गर्ने र सेवा संचालन गर्ने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| अपेक्षित उपलब्धी | अस्पतालमा डायलाईसिस सेवा विस्तार भई विपन्न मृगौला रोगीहरुले निःशुल्क डायलाईसिस सेवा प्राप्त गर्नेछन् । |
| अनुगमन तथा मूल्याङ्कन सूचक | • जनशक्ति व्यबस्था भएको<br>• कक्ष निर्माण भएको<br>• हेमोडायलासिस मेसिन तथा अन्य आवश्यक उपकरणको जडान<br>• सेवा लिएका सेवा ग्राहीको संख्या |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## १३. स्वास्थ्य संस्थाहरुमा सर्प दंश उपचार व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १० लाख | पटक | ३ | प्रथम, दोस्रो, तेस्रो |

| | |
|---|---|
| **परिचय** | तराईका केही स्थानीय तहहरुमा सर्पदंशबाट समयमै उपचार नपाई हरेक वर्ष मानिसहरुले ज्यान गुमाईरहेका हुन्छन् । अस्पतालहरुमा सर्प दंश उपचार व्यबस्थापनका लागि अस्पतालको सेवा सुदृढिकरण गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | सर्पदंशबाट वढी प्रभावित स्थानीय तहको स्वास्थ्य संस्थामा सर्पदंश उपचार केन्द्र स्थापना गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | सर्पदंश उपचारका लागि आवश्यक औषधी, उपकरण खरिद |
| **लक्षित समूह** | सर्पदंश उपचारको पहुँचबाट बञ्चित क्षेत्रका नागरिकहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • रोल्पा अस्पताल र प्रस्तावित भालुवाङ अस्पतालमा सर्पदंश उपचार केन्द्र स्थापना गर्ने।<br>• ती केन्द्रहरुबाट सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी उपकरणको माग गरी लागत अनुमान तयार गर्ने ।<br>• माग गरीएका आवश्यक औषधी,उपकरण तथा सामाग्रीहरुको प्रचलित ऐन तथा नियम वमोजिम खरिद गर्ने र वितरण गर्ने ।<br>• सेवा संचालन भए नभएको अनुगमन गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | सर्पदंश प्रभावित क्षेत्रका जनताहरुमा समयमै सर्पदंश उपचार सेवा उपलब्ध हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | सर्पदंश उपचार प्राप्त गर्ने बिरामीको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १४.पूर्ण संस्थागत प्रसूति सेवा कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १० लाख | पटक | | पहिला, दोश्रो र तेस्रो |

| | |
|---|---|
| **परिचय** | मातृ तथा नवशिशु स्याहार कार्यक्रम अन्तरगत हरेक गर्भवती महिलाहरुको नियमित स्वास्थ्य जाँच र प्रसुति स्वास्थ्य संस्थाहरुमा नै हुन सकेमा मातृ तथा नव शिशुमा हुने जटिलता लगाएतको व्यबस्थापन सहज भै आमा र वच्चाको मृत्युमा कमि हुने हुँदा हरेक गर्भवती महिलाको प्रसुति स्वास्थ्य संस्थामा भएको सुनिश्चित गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | हरेक गर्भवति महिलाहरुको प्रसुती स्वास्थ्य संस्थामा भएको सुनिश्चित गरी पूर्ण संस्थागत प्रसुती जिल्ला घोषणा गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | फाराम फर्मेट छपाई, दै भ्र भ तथा कार्यक्रम संचालन खर्च । |
| **लक्षित समूह** | प्रजनन उमेर समुहका महिलाहरु । |
| **कार्यक्रम सञ्चालन विधि** | पूर्ण संस्थागत प्रसुति युक्त जिल्ला र स्थानीय तह घोषणा तथा सुनिश्चितता सम्बन्धि मापदण्ड २०८० बमोजिम कार्यक्रम संचालन गरीनेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | पूर्ण संस्थागत प्रसुती भएको सुनिश्चित हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | संस्थागत सुत्केरी हुने महिलाको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## १५. लुम्विनी प्रादेशिक अस्पतालबाट प्रदान हुने जनस्वास्थ्य कार्यक्रमहरुको सहजीकरणका लागि जनशक्ती १

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ४ लाख ६० हजार | जना | १ | पहिला |

| | |
|---|---|
| **परिचय** | लुम्विनी प्रादेशिक अस्पतालबाट संचालन हुने जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरु जस्तैः MDR TB, HIV, Leprosy, Malaria, Dengu, Kalazar लगायतका रोगका विरामीहरुको उपचार तथा व्यबस्थापनका लागि स्वास्थ्य कार्यालय रुपन्देही, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा स्वास्थ्य निर्देशनालयसँग नियमित प्रतिबेदन तथा समन्वय गर्नका लागि १ जना हेल्थ एसिस्टेन्ट आवश्यकता परेकोले यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | लुम्विनी प्रादेशिक अस्पतालबाट संचालन हुने जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | जनशक्ति व्यबस्थापन खर्च |
| **लक्षित समूह** | लुम्विनी प्रादेशिक अस्पताल |
| **कार्यक्रम सञ्चालन विधि** | • लुम्विनी प्रादेशिक अस्पतालबाट संचालित जनस्वास्थ्य कार्यक्रमहरुमा प्रतिबेदन र समन्वयमा समस्या भएका कार्यक्रमहरुको सूची तयार गर्ने ।<br>• ती कार्यक्रमहरुको नियमित प्रतिबेदन तथा समन्वयका लागि १ जनाहेल्थ असिस्टेन्ट करारमा भर्ना गर्ने<br>• उक्त जनशक्तीलाई कार्यक्रमका वारेमा अभिमुखिकरण गर्ने<br>• लुम्विनी प्रादेशिक अस्पतालसँग समन्वय गरी कर्मचारी खटाउने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | लुम्विनी प्रादेशिक अस्पतालबाट संचालित जनस्वास्थ्य कार्यक्रमहरु प्रभावकारी भई MDR क्षयरोग,कुष्ठरोग, औलो, कालाजार, लगाएतका विरामीहरुले सहज तथा प्रभावकारी स्वास्थ्य सेवा प्राप्त गर्नेछन् । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | कर्मचारी भर्ना प्रक्रिया, कर्मचारीको हाजिरीको प्रतिलिपि, कर्मचारीको कार्यसम्पादन मुल्यांकन। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## १६. प्रदेश सरकारबाट संचालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि एकिकृत अनुगमन निर्देशिका निर्माण

| खर्चशीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५ लाख | पटक | १ | दोस्रो |

| | |
|---|---|
| **परिचय** | प्रदेश सरकारबाट संचालित कार्यक्रमहरुको प्रभावकारी तथा उद्देश्य अनुरुप संचालन भए नभएको एकिन गर्न मातहतका निकायहरुबाट संचालित कार्यक्रमहरुको अनुगमन गरी पृष्ठपोषण दिन जरुरी भएकोले उक्त अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाउन एकिकृत अनुगमन निर्देशिका तयार गरी कार्यान्वयन गर्न गराउन यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| **उद्देश्य** | अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाउन निर्देशिका तयार गर्ने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | बैठक, गोष्ठी अन्तरक्रिया, परामर्श, छपाई तथा अन्य व्यबस्थापकीय खर्च। |
| **लक्षित समूह** | स्वास्थ्य निर्देशनालय तथा मातहतका निकायहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रदेश सरकारबाट संचालित कार्यक्रमहरुको सूची तयार गर्ने र हरेक कार्यक्रमको मुख्य उद्देश्य, लक्ष्य तथा अपेक्षित प्रतिफल सहितको लगफ्रेम तयार गर्ने<br>• सम्बन्धित सरोकारवालाहरुसँग बैठक तथा अन्तरक्रिया वा गोष्ठी गरी मस्यौदा तयार गर्ने। अथवा प्रचलित कानुन बमोजिम आवश्यकता अनुसार विज्ञहरुको परामर्श सेवा मार्फत प्रारम्भिक मस्यौदा तयार गर्ने।<br>• तयार पारिएको अन्तिम मस्यौदा स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने।<br>• पेश भएको निर्देशिका स्वीकृत गराई लागू गर्ने। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अपेक्षित उपलब्धी** | प्रदेश सरकारबाट संचालित कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | प्रदेश सरकारबाट संचालित कार्यक्रमहरुको एकीकृत अनुगमन निर्देशिकाको अन्तिम मस्यौदा। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

### १७. आयुर्वेद स्वास्थ्यकर्मीहरुका लागि AHMIS सम्बन्धी Roll Out तथा निर्देशिका निर्माण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | पहिलो |

| | |
|---|---|
| **कार्यक्रमको परिचय** | आयुर्वेद सेवा कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरी गुणस्तरीय आयुर्वेद सेवा प्रणालीको अनुगमन एवं मुल्याङ्कनका लागि तथ्याङ्क व्यवस्थापन अपरीहार्य छ। यस प्रदेशमा समेत **DHIS2 System** मा आधारित **AHMIS** लागु भैसकेको छ तसर्थ सूचना व्यवस्थापन प्रणालीमा प्रदेश भरिका आयुर्वेद स्वास्थ्य संस्था समेटिन नसकेको हुनाले आयुर्वेद सेवा कार्यक्रमको तथ्याङ्कका व्यवस्थापनमा कार्यरत कर्मचारीहरुलाई अभिमुखीकरण तालिम प्रदान गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **कार्यक्रमको उद्देश्य** | प्रदेश भित्रका आयुर्वेद स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई AHMIS सम्बन्धी अभीमुखीकरण गराई सबै किसिमका आयुर्वेद सेवा कार्यक्रमहरुको शत प्रतिशत तथ्याङ्क प्रविष्टिकरण गर्नु |
| **कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या/ समुह** | प्रदेशका सबै किसिमका आयुर्वेद स्वास्थ्य संस्था |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रमका खर्च क्षेत्रहरु** | बैठक भत्ता, विज्ञ परामर्श खर्च, दैनिक भ्रमण तथा यातायात भत्ता लगायतका व्यवस्थापकीय खर्च। |
| **कार्यक्रम सञ्चालन मार्गदर्शन/ विधि** | यस प्रदेशका विभिन्न तहका आयुर्वेद स्वास्थ्य संस्थाको सूचीकरण गर्ने। AHMIS प्रणालीमा सूचना प्रविष्टिकरण गर्ने व्यक्तीहरुको सूचीकरण गर्ने। आयुर्वेद स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा तथ्याङ्क प्रविष्टिकरण गर्ने करिब ६० जनालाई आयुर्वेद विभाग तथा स्वास्थ्य निर्देशनालयको समन्वयमा ३ दिने अभिमुखीकरण तालिम सञ्चालन गर्ने (२ ब्याच समुह)। |
| **सहकार्य, साझेदारी तथा समन्वय** | आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रमा कार्यरत बिकास साझेदारहरु संग समन्वय, सहकार्य तथा साझेदारी गर्न सकिनेछ। |
| **कार्यक्रमको अपेक्षित उपलब्धी** | सबै किसिमका आयुर्वेद सेवा सम्बन्धी क्रियाकलापहरुको अनलाई तथ्याङ्क प्रविष्टिकरण AHMIS प्रणालीमा भई प्रभाकारी अनुगमन तथा मुल्याङ्कन गर्न सघाउ पुर्याउनेछ। |
| **कार्यक्रम अनुगमनका सुचकहरु** | आयुर्वेद स्वास्थ्य संस्थाबाट AHMIS मा तथ्यांक प्रविष्टीको प्रतिशत |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## १८.आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि उपचारात्मक योग एवं पंचकर्म सेवा सम्बन्धी कार्यक्रम

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ४ लाख | पटक | १ | दोस्रो |

| | |
|---|---|
| **परिचय** | प्रदेश भित्रका आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई उपचारात्मक योग एवं पंचकर्म सेवा सम्बन्धी अभमुखिकरण गराई पञ्चकर्म सेवा प्रभावकारी बनाउने उद्धेश्यले यो कार्यक्रम प्रस्ताव गरीएको हो। |
| **उद्देश्य** | उपचारात्मक योग तथा पंचकर्म  सेवा बिस्तार हुने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | उपचारात्मक योग एवं पंचकर्म सेवा सम्बन्धी अभिमुखीकरण संचालन कार्ययोजना निर्माण प्रशिक्षार्थीहरुको निर्धारण तथा छनौट प्रशिक्षकहरुको सुची तयार तथा समन्वय तालिम सामाग्रीहरुको निर्माण तथा बन्दोबस्ती तालिम संचालन, अनुगमन तथा प्रतिवेदन |
| **कार्यक्रम सञ्चालन प्रकृया** | • अभिमुखीकरण संचालन कार्ययोजना<br>• प्रशिक्षकहरुको सुची तयार<br>• तालिम सामाग्रीहरुको निर्माण<br>• तालिम संचालन तथा प्रतिवेदन |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमा योग एवं पंचकर्म सेवा सम्बन्धी सिपको बिकास हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन सूचक** | योग एवं पंचकर्म सेवा सम्बन्धि तालिम लिएका सहभागीको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## १९. दुर्गम स्थानमा विशेषज्ञ स्वास्थ्य शिविर

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ३० लाख | पटक | ३ | प्रथम,दोश्रो, तेश्रो |

| | |
|---|---|
| **परिचय** | धेरैजसो ग्रामीण समुदायका मानिसहरु स्वास्थ्य संस्थाहरुबाट विशेषज्ञ स्वास्थ्य सेवा लिन बञ्चित छन। त्यस्ता क्षेत्र, र समुदायमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन टड्कारो आवश्यकता रहेको हुँदा आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदायको बसोवास भएको स्थानहरुमा शल्यक्रीया सहितको निःशुल्क बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवाको पँहुचमा वृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य** | • दुर्गम तथा पिछडिएको क्षेत्र,स्वास्थ्य सेवाको पहुँच नपुगेका आर्थिक तथा सामाजिक रुपमा पछि परेका बर्ग तथा समुदायमा बिशेषज्ञ स्वास्थ्य सेवाको पँहुच बृद्धि गर्ने ।<br>• स्वास्थ्य सेवाको पँहुच वाहिर रहेका समुदायका नागरीकहरुको विभिन्न रोगहरुको पहिचान, निदान, उपचार तथा प्रेषण गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | • स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | औषधि, अन्य उपचार सामाग्री खरिद, प्रचारप्रसार, ढुवानीका लागि गाडी भाडा लगाएत अन्य व्यबस्थापकीय खर्च। |
| **लक्षित समुह** | प्रदेश बासि |
| **कार्यक्रम सञ्चालन विधि** | • आवश्यकता र औचित्यका आधारमा दुर्गम तथा पिछडियको क्षेत्रमा शल्यक्रीया सहितको विशेषज्ञ निःशुल्क शिविर संचालन गरिने।<br>• शिविर सञ्चालनको लागि चाहिने विशेषज्ञ चिकित्सक सहितको मानवश्रोत. चिकित्सकीय उपकरण तथा भौतिक स्रोतको व्यबस्था गर्ने ।<br>• स्थानीय तहहरुसँग समेत सहकार्य गरी शिविर सञ्चालन गरीने विशेषज्ञ स्वास्थ्य सेवाहरुका वारेमा जानकारी स्थानीय संचार माध्यम तथा साधन श्रोतको उपयोग गरी प्रचारप्रसार गर्ने ।<br>• विशेषज्ञ स्वास्थ्य शिविर आवश्यक्ता र औचित्यको आधारमा विभिन्न संघ संस्थाहरु, मेडिकल कलेजहरुसँग समन्वय तथा साझेदारीमा सञ्चालन गर्न सकिनेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | स्वास्थ्य सेवाको पहुचँ अपुग भएका नागरीकहरुको विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेछ । |
| **अनुगमन तथा मुल्यांकनको सूचक** | विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरेको संख्या।<br>विशेषज्ञ स्वास्थ्य शिविरबाट लाभाम्बितको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## २०.पूर्व कर्म तथा पंचकर्म सेवामा कार्यरत अभ्यंगकर्तालाई क्षमता अभिवृद्धि कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३ लाख | पटक | १ | दोश्रो |

| | |
|---|---|
| **परिचय** | आयुर्वेद सम्बन्धी औषधीहरुको गुणस्तर कायम गर्न उचित तरिकाले कम्पाउन्डिङ, वितरण तथा भण्डारण गर्न जरुरी छ जसका लागि आयुर्वेद स्वा केन्द्र र चिकित्सालयका औषधी कुटुवाहरुलाई सो सम्बन्धमा अभिमुखिकरण गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्य** | आयुर्वेद औषधीको गुणस्तरमा वृद्धि हुनेछ । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |
| **खर्च क्षेत्र** | अभिमुखीकरण संचालन कार्ययोजना निर्माण<br>प्रशिक्षार्थीहरुको निर्धारण तथा छनौट<br>प्रशिक्षकहरुको सुची तयार तथा समन्वय<br>तालिम सामाग्रीहरुको निर्माण तथा बन्दोबस्ती<br>तालिम संचालन, अनुगमन तथा प्रतिवेदन |
| **लक्षित समूह** | आयुर्वेद स्वा के रचिकित्सालयका औषधि कुटुवाहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • सहभागी छनौट गर्ने ।<br>• तालिम योजना तयार गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा **७ दिन** पहिले पत्र वा र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिस्चितता।<br>• बजेटको परिधि भित्र रही तालिम संचालनको लागि आवस्यक सामग्री खरिद सहभागीले तालिम पश्चात स्वास्थ्य संस्थामा गइ सकेपछी तालिममा सिकेको सिप र ज्ञान अनिवार्य रुपमा प्रस्तुतीकरण गर्ने र सो को अनुगमन निर्देशनालय तथा मन्त्रालयले गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | आयुर्वेद स्वास्थ्यकर्मिको औषधि उत्पादान क्षमतामा वृद्दि भई उत्पादित औषधि सर्वसुलव मुल्यमा सम्पूर्ण जनताले उपभोग गर्न पाउनेछन |
| **अनुगमन र मुल्याङ्कन सूचक** | स्वास्थ्य निर्देशनालय तथा मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरिनेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २१. आयुर्वेद सेवा कार्यक्रम सम्बन्धित पुस्तक, शिक्षा तथा सूचना सामाग्री छपाई

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | दोस्रो |

| | |
|---|---|
| **परिचय** | आयुर्वेद स्वास्थ्य सेवामा संचालित विभिन्न कार्यक्रमहरुको बारेमा आम जनमानसमा जानकारी दिन र असल अभ्यासहरुको दस्तावेजिकरण गरी जन समुदायहरुलाई सो को अभ्यास तथा मार्गदर्शनमा सहयोग गराउने उद्देश्यले वार्षिक पुस्तिका तथा सूचना सामग्री छपाई गर्नको लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| **उद्देश्य** | आयुर्वेद सेवा कार्यक्रम सम्बन्धित पुस्तक, शिक्षा तथा सूचना सामग्री उपलब्ध भई सेवा प्रवाहमा सहजता हुने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |
| **खर्च क्षेत्र** | बैठक तथा गोष्ठि, छपाई खर्च |
| **लक्षित समूह** | सम्बन्धित निकाय तथा सरोकारवालहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | • छपाई गर्नुपर्ने आयुर्वेद सेवा कार्यक्रम सम्बन्धित पुस्तक, शिक्षा तथा सूचना सामाग्रीहरु सूचीकरण<br>• छपाई गर्ने कार्यका लागि लागत अनुमान, कोटेशन संकलन तथा दर-रेट निर्धारण<br>• छपाई तथा प्राप्ति र प्रयोग |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | प्रदेशमा भएका आयुर्वेद सेवा सम्बन्धि कार्यक्रमहरुको दस्तावेज तयार हुने |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | छपाई भएका आयुर्वे सेवा सम्बन्धि पुस्तक, शिक्षा तथा सुचना सामग्री। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## २२. RRT परिचालन तथा महामारी नियन्त्रण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५ लाख | पटक | १ | दोश्रो |

| | |
|---|---|
| **परिचय** | स्वास्थ्य सँग सम्बन्धित विभिन्न महामारीहरुको समयमा नै पहिचान गरी सो को प्रतिकार्य र व्यवस्थापनका साथै नियन्त्रण गरी महामारी फैलिनबाट रोक्न समुदायस्तरमा द्रुत प्रतिकार्य टोलि परिचालन गर्नका लागि यो कार्यक्रम तर्जुमा गरिएको छ । |
| **उद्देश्य** | RRT गठन अभिमुखिकरण तथा परिचालन हुने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | बैठक तथा गोष्ठि, प्रशिक्षण, टोलि परिचालन तथा व्यवस्थापन । |
| **लक्षित समूह** | RRT सदस्यहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • आवश्यकता अनुसार पालिकातहमा RRT परिचालन गर्ने ।<br>• सम्भावित महामारी तथा प्रकोप जन्य रोगको नियमित निगरानी प्रणाली स्थापना गर्ने ।<br>• सम्भावित महामारीको जोखिम कम गर्न आवश्यक्ता अनुसार प्रतिकार्यका लागि स्थानीय तहको RRT परिचालन गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | RRT गठन तथा परिचालन |
| **अनुगमन र मुल्याङ्कन** | बैठक तथा गोष्ठि संख्या<br>RRT गठन संख्या । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २३. AHMIS तथा HMIS Tool छपाई तथा ढुवानी

| शिर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५० लाख | संस्था | १ | पहिलो, दोस्रो |

| | |
|---|---|
| **परिचय** | स्वास्थ्य सेवामा संचालित कार्यक्रम तथ्यांकको recording तथा प्रतिवेदन गर्नको लागि आवश्यक tools समयमै छपाई तथा ढुवानी गरी recording reporting प्रक्रियालाई सहज बनाउने उदेश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । |
| **उद्देश्य** | recording reporting प्रक्रियाका लागि आवश्यक फाराम रजिष्टर समयमै उपलब्ध हुने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | छपाई तथा ढुवानी खर्च |
| **कार्यक्रम सञ्चालन प्रकृया** | • को स्थानीय तहका स्वास्थ्य संस्था तथा अस्पतालहरुलाई आवश्यक पर्ने AHMIS तथा HMIS Tools को लगत संकलन गर्ने<br>• टेन्डर प्रक्रियाबाट छपाई कार्य अगाडी बढाउने<br>• मागका आधारमा सम्बन्धित स्थानमा ढुवानी गर्ने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धि** | गुणस्तरीय स्वास्थ्य तथ्याङ्क उत्पादन हुने |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | HMIS मा on time data reporting status<br><br>हस्तान्तरण फारमको कार्यालय प्रति |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ। |

## २४.स्थानीय तह र नागरिक आरोग्य केन्द्रका स्वास्थ्यकर्मीहरुलाई स्वस्थ जीवनशैली प्रवर्धन अभिमुखीकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १० लाख | पटक | २ | दोस्रो |

| | |
|---|---|
| **परिचय** | प्रदेश भित्रका स्थानीय तह अन्तर्गतका आयुर्वेद औषधालयहरु र नागरिक आरोग्य सेवा केन्द्रका आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई स्वस्थ जीवनशैली प्रवर्धन सम्बन्धी अभमुखिकरण गराई सो सेवा प्रभावकारी बनाउने उद्धेश्यले यो कार्यक्रम प्रस्ताव गरीएको हो। |
| **उद्देश्य** | स्वस्थ जीवनशैली प्रवर्धनात्मक सेवा बिस्तार हुने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | स्वस्थ जीवनशैली सेवा सम्बन्धी अभिमुखीकरण संचालन कार्ययोजना निर्माण<br>प्रशिक्षार्थीहरुको निर्धारण तथा छनौट<br>प्रशिक्षकहरुको सुची तयार तथा समन्वय<br>तालिम सामाग्रीहरुको निर्माण तथा बन्दोबस्ती<br>तालिम संचालन, अनुगमन तथा प्रतिवेदन |
| **लक्षित समूह** | स्थानीय तह र नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • अभिमुखीकरण संचालन कार्ययोजना<br>• प्रशिक्षकहरुको सुची तयार<br>• तालिम सामाग्रीहरुको निर्माण<br>• तालिम संचालन तथा प्रतिवेदन |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसारबजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमा योग एवं पंचकर्म सेवा सम्बन्धी सिपको बिकास हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सूचक** | उपचारात्मक योग कार्यक्रमबाट तालिम लिने आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन र सम्पन्न प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । |

## २५. किटजन्य रोगहरु औलो कालाजार डेंगु हात्तिपाईले जे इ जिका स्क्रव टाईफस सार्ने भेक्टरहरुको एकिकृत सर्भिलेन्स

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १२ लाख | पटक | २ | पहिलो दोश्रो तथा तेश्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपालमा जनस्वास्थ्य समस्याको रुपमा किटजन्य रोगहरु औलो कालाजार डेंगी चिकनगुनिया जापानिज इन्सेफलाईटिस हात्तिपाइले रहदै आएको छ र लुम्बिनी प्रदेशमा औलो कालाजार डेंगी स्क्रव टाइफसले महामारीको रुप लिनसक्ने र जिका लगायत अन्य रोग सार्ने भेक्टर समेत विद्यमान रहेकोले प्रदेश स्तरवाट नियमित रुपमा किटजन्य रोगहरुको भेक्टर सर्भे गरी निगरानी गरिरहनु जरुरी छ । |
| उद्देश्य | समुदाय स्तरमा किटजन्य रोगहरु र यी रोगहरु सार्ने भेक्टरहरुको उपस्थितीको अबस्था तथा यिनीहरुको आनिवानी पत्ता लगाउन सकिन्छ । |
| अपेक्षित प्रतिफल | किटजन्य रोगहरु सार्ने भेक्टहरुको पहिचाहन गरी उनिहरुको आनिवानि थाहापाई समयमा नै सहि नियन्त्रणको उपायहरु अवलम्वन गर्न सहयोगी हुने छ । |
| सञ्चालन प्रकिया | लुम्विनी प्रदेशले आवस्यकता अनुसार किटजन्य रोगहरु सार्ने भेक्टरहरुको सर्भे तथा अनुसन्धान गर्न सक्नेछ । सर्भेमा खटिने कर्मचारी हरुमा ईन्टोमोलोजिष्ट १ जना इन्सेक्ट कलेक्टर २ जना भे क नि र म इ मध्ये ३ र कार्यक्रम फोकल पर्सन १ जना रहनेछन । इन्टोमोलोजिष्ट र इन्सेक्ट कलेक्टर नभएमा तालिम प्राप्त भे क नि, म इ तथा स्वास्थ्य कर्मि बाट काम गराउन सकिने छ । यस अन्तरगत गरिने सर्भे तथा अनुसन्धान कार्यक्रमको स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय वाट अनुगमन तथा सुपरिवेक्षण हुनेछ । यस सर्भे कार्यको लागी आवस्यकता अनुसार वजेटको परिधि भित्र रहि गाडि समेत भाडामा लिइ कार्य सम्पन्न गर्न सकिने छ । यस सर्भे कार्य विहान दिउसो साझ तथा रातीमा समेत इन्सेक्ट कलेक्सन गर्नुपर्ने भएकोले आवस्यकता अनुसार वजेटको परिधि भित्र रहि सर्भेमा खटिने कर्मचारीहरु लाइ खाजा खाना तथा इन्सेक्ट कलेक्सन तथा अनुसन्धान को लागी हल भाडामा लिइ कार्य सम्पन्न गर्न सकिने छ । यस कार्यको लागी प्रदेशले जिल्लामा तथा स्थानिय तहमा भएका जनशक्ती समेतलाइ आवस्यकता अनुसार परिचालन गर्न सक्ने छ । उपलब्ध बजेटको परिधिभित्र रही तराइ र पहाडी जिल्लामा सर्भे गर्नु पर्ने छ । सर्भे कार्य प्रति स्थान बढिमा ७ दिनको हुनेछ । |

## २६. मातृ मृत्यु वढी भएका पालिकाहरुमा विशेष आमा सुरक्षा कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३० लाख | पटक | १० | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| **परिचयः** | राष्ट्रिय जनगणना २०७८ को मातृ मृत्यु सम्बन्धी प्रकाशित प्रतिबेदन अनुसार लुम्विनी प्रदेश देशकै उच्च मातृ मृत्यु भएको प्रदेशका रुपमा परिचित भएको छ ।जस मध्ये यस प्रदेशका उच्च मातृ मृत्यु भएका १० स्थानीय तहहरुमा विशेष आमा सुरक्षा कार्यक्रम संचालन गरी मातृ मृत्युलाई रोक्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | • मातृ मृत्यु उच्च भएका यस प्रदेशका १० स्थानीय तहहरुमा विशेष आमा सुरक्षा कार्यक्रम संचालन गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | अन्तरक्रिया संचालनका लागि आवश्यक व्यबस्थापकीय तथा प्रशासनिक खर्चः दै भ्र भ तथा यातायात खर्च |
| **लक्षित समूह** | मातृ मृत्यु उच्च भएका लुम्विनी प्रदेशका १० स्थानीय तहहरुः नेपालगंज उ म न पा, शिवराज नगरपालिका, तुल्सिपुर उ म न पा, डुडुवा गा पा, नरैनापुर गा पा, रासी सोनारी गा पा, बुद्ध भूमी न पा, बुटवल उ म न पा, जानकी गा पा र ठाकुरवाबा न पा |
| **कार्यक्रम सञ्चालन विधि** | • मातृ मृत्यु उच्च भएका प्रदेशका १० स्थानीय तहका प्रमुख उपप्रमुख, प्रशासकीय अधिकृत, स्वास्थ्य शाखाका प्रमुख, वडाका वडा अध्यक्ष तथा अन्य जनप्रतिनीधिहरु, पत्रकारहरु, महिला अधिकार कर्मिहरु, धार्मिक स्थलका धर्म गुरुहरु, स्वास्थ्य कार्यालय प्रमुख, सोही स्थानीय तहमा पर्ने अस्पताल प्रमुखहरु, सुरक्षित प्रसुती केन्द्रमा कार्यरत नर्सिङ कर्मचारी तथा परिवार स्वास्थ्यमा कार्य गर्ने गैर सरकारी संघ संस्थाहरुलाई राखेर १ दिने मातृ मृत्यु सम्बन्धी अभिमुखिरण कार्यक्रम संचालन गर्ने।<br>• मातृ मृत्यु न्यूनिकरणका लागि स्थानीय तह, प्रदेश र संघीय सरकारबाट गरिनु पर्ने कार्यहरुको कार्ययोजना तयार गर्ने<br>• कार्य योजना अनुरुप कार्य भए नभएको अनुगमनका लागि तहगत विशेष संयन्त्र तयार गर्ने । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • मातृ मृत्यु उच्च भएका पालिकाहरुमा अभिमुखिकरण कार्यक्रम संचालन भई मातृ मृत्यु न्यूनिकरणका लागि आवश्यक योजनाहरु तयार भई कार्यान्वयन हुनेछ । |
| **अनुगमन मुल्यांकनको सूचक** | • अभिमूखिकरण कार्यक्रम संचालन भएको<br>• मातृ मृत्यु न्यूनिकरणका लागि कार्ययोजना तयार भएको<br>• कार्ययोजना अनुसार कार्य भए नभएको अनुगमन भएको |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २७. प्रदेशका कार्यक्रमहरुको एकिकृत सूचना प्रणालीको स्थापना

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१२ | २० लाख | १ | पटक | दोश्रो, तेश्रो |

| | |
|---|---|
| **परिचयः** | लुम्बिनी प्रदेश सरकारबाट संचालन भएका स्वास्थ्य सम्बन्धी मौलिक कार्यक्रमहरुको तथ्यपरक अनुगमन तथा मूल्याङ्कन गर्न र आगामी बर्षका लागि योजना तर्जुमा गर्न सहजताका लागि एकिकृत रुपमा विधुतिय अभिलेख तथा प्रतिवेदन तयार गर्नका लागि आवश्यक प्रणाली विकास गर्ने उद्देश्यले यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य** | • प्रदेशबाट संचालन भएका स्वास्थ्य कार्यक्रमहरुको एकिकृत विधुतिय प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयन गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय । |
| **खर्च क्षेत्र** | बैठक, गोष्ठी, विज्ञ परामर्श सेवा, एकिकृत विधुतिय प्रतिवेदन प्रणालीसँग सम्बन्धित सामाग्री, सफ्टवेर खरिद, जडान, तालिम तथा अनुगमन। |
| **लक्षित समूह** | मन्त्रालय तथा मातहतका सम्पूर्ण निकायहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • एकिकृत विधुतिय प्रतिवेदन प्रणाली संचालनका लागि कार्यक्रमको लगत तयार गर्ने<br>• सम्बन्धित सरोकारवालाहरुसँग बैठक अन्तरक्रिया गोष्ठी संचालन गर्ने<br>• विज्ञ परामर्श मार्फत एकिकृत विधुतिय प्रतिवेदन प्रणालीको स्थापना र संचालनको लागि बिस्तृत कार्य योजना तयार गर्ने<br>• आवश्यकता अनुसारको सफ्टवेयर विकास<br>• आवश्यकता अनुसार हार्डवेयर खरीद गर्ने<br>• सफ्टवेयर जडान तथा युजर म्यानुअल तथा तालिम संचालन गर्ने<br>• प्रणाली कार्यान्वयनमा ल्याउने । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • प्रदेशबाट संचालन भएका स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन भई तथ्यपरक योजनाहरु तर्जुमा हुनेछन् । |
| **अनुगमन मुल्यांकनको सूचक** | • सूचनाप्रणाली स्थापना भएको<br>• विद्युतीय अभिलेख तथा प्रतिबेदन |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २८.मानसिक स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुसँग सहकार्य

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | तेश्रो |

| | |
|---|---|
| **परिचयः** | मानसिक स्वास्थ्य एक प्रमूख समस्याको रुपमा रहेकोले यस सँग सम्बन्धित सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुको सहकार्यमा सहज तथा प्रभावकारी रुपमा मानसिक स्वास्थ्य सेवालाई विस्तार गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | • मानसिक स्वास्थ्य सेवालाई विस्तार गर्न |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | मानसिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औजार उपकरण, जनशक्तिको व्यबस्थापन |
| **लक्षित समूह** | मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सस्थाहरुबाट सहकार्यका लागि प्रस्ताव मागका लागि सूचना प्रकाशन गर्ने ।<br>• ती स्वास्थ्य संस्थाहरुको प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त संस्था छनौट गर्ने ।<br>• छनौट भएको संस्थासंग सम्झौता गर्ने<br>• कार्य सम्पन्न पश्चात स्थलगत अनुगमन गरी प्रतिबेदन तयार गर्ने र सो अनुसार भुक्तानी गर्ने । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • मानसिक स्वास्थ्य सेवा विस्तारका लागि मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुसँग सहकार्य हुने |
| **अनुगमन मुल्यांकनको सूचक** | • मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने संस्था छनौट<br>• मानसिक स्वास्थ्य सेवा लिएका विरामी संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## २९. एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालन तथा ब्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | १ | पटक | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| **परिचयः** | प्रदेश भित्र संचालनमा रहेका एम्वुलेन्सहरुको बास्तविक भौगोलिक अवस्था थाहा पाई आकस्मिक विरामीहरुले समयमै एम्वुलेन्स प्राप्त गरुन भन्ने उद्देश्यका साथ यस प्रदेशमा संचालनमा रहेको एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालनार्थ यस कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | • एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालन गरी समयमै आकस्मिक विरामीहरुले एम्वुलेन्स सेवा प्राप्त गर्न |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालनार्थ आवश्यक व्यबस्थापकीय खर्च, इन्टरनेट, तथा संचार महशुल, कक्ष निर्माणका लागि आवश्यक सामाग्री खरिद खर्च, बैठक संचालन |
| **लक्षित समूह** | प्रदेशमा संचालन भएका एम्वुलेन्सहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रदेश भित्रका GPS जडान भएका/नभएका एम्बुलेन्सहरुको सूची तयार गर्ने<br>• एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र स्थापनाका लागि आवश्यक सामाग्रीहरुको सूची तयार गर्ने ।<br>• प्रचलित कानून अनुसार सामाग्री खरिद गर्ने । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • एम्वुलेन्स प्रदेश प्रेषण केन्द्र संचालन हुनेछ । |
| **अनुगमन मुल्यांकनको सूचक** | • GPS जडान भएका एम्वुलेन्सहरुको संख्या<br>• आकस्मिक विरामीहरुले एम्वुलेन्स सेवा माग गरेको फोन कल |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नुपर्ने पर्नेछ । |

## ३०. नेपाल रेडक्रस सोसाइटिको सहकार्यमा प्रादेशिक रक्त संचार सेवाको एकिकृत सूचना प्रणाली स्थापना

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १० लाख | पटक | १ | दोश्रो |

| | |
|---|---|
| **परिचयः** | यस प्रदेशमा रहेका रक्त संचार केन्द्रहरुबाट एकिकृत रुपमा विधुतिय अभिलेख तथा प्रतिवेदन तयार गर्नका नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा प्रादेशिक रक्त संचार सेवाको एकिकृत सूचना प्रणाली स्थापना गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य** | • रक्त संचार सेवाको एकिकृत विधुतिय प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयन गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | बैठक, गोष्ठी, विज्ञ परामर्श सेवा, एकिकृत विधुतिय प्रतिवेदन प्रणालीसँग सम्बन्धित सामाग्री, सफ्टवेर खरिद, जडान, तालिम तथा अनुगमन। |
| **लक्षित समूह** | लुम्विनी प्रदेशका रक्त संचार केन्द्रहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • एकिकृत विधुतिय प्रतिवेदन प्रणाली संचालनका लागि अभिलेख संकलन गर्ने<br>• सम्बन्धित सरोकारवालाहरुसँग बैठक अन्तरक्रिया गोष्ठी संचालन गर्ने<br>• विज्ञ परामर्श मार्फत एकिकृत विधुतिय प्रतिवेदन प्रणालीको स्थापना र संचालनको लागि बिस्तृत कार्य योजना तयार गर्ने<br>• आवश्यकता अनुसारको सफ्टवेयर विकास गर्न रेडक्रस सोसाइटिसँग सहकार्य गर्ने<br>• आवश्यकता अनुसार हार्डवेयर खरीद गर्ने<br>• सफ्टवेयर जडान तथा युजर म्यानुअल तथा तालिम संचालन गर्ने<br>• प्रणाली कार्यान्वयनमा ल्याउने । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • प्रदेशका एकिकृत रक्त संचार विद्युतिय प्रणालिको विकास हुनेछ । |
| **अनुगमन मुल्यांकनको सूचक** | • रक्त संचार सेवाको एकिकृत विद्युतीय प्रतिबेदन प्रणाली तयार भएको<br>• मासिक रुपमा प्रतिबेदन प्राप्त भएको |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ३१. नरैनापुर गाउँपालिकासगँको सहकार्यमा आधारभुत अस्पतालमा CEONC सेवा विस्तार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५० लाख | | | प्रथम, दोश्रो, तेश्रो चौथो |

| | |
|---|---|
| **परिचयः** | लुम्विनी प्रदेशमा मातृ मृत्युको दर राष्ट्रिय स्तर भन्दा बढी रहेको र यस प्रदेश भित्र मध्ये पनि बाँके जिल्लामा अत्यधिक मातृ मृत्यु भएको र सो जिल्लामा प्रदेश अन्तरगतको कुनै पनि अस्पताल नरहेको तथा राप्ती गाँउपालिकाको अति दुर्गम क्षेत्रका प्रसूति तथा सुत्केरी अवस्थामा हुने जटिलता व्यवस्थापनलाई सहज गराउन राप्ती गाउँपालिकासगँको सहकार्यमा CEONC सेवा विस्तार गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| **उद्देश्य** | • प्रसूति तथा सुत्केरी अवस्थामा हुने जटिलताको समयमै व्यवस्थापन गर्न |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | जनशक्ती व्यवस्थापन, औजार उपकरण, पूर्वाधार विकास लगाएत अन्य व्यवस्थपकीय खर्च |
| **लक्षित समूह** | गर्भवती सुत्केरी महिला तथा नवजात शिशूहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • CEONC सेवा विस्तारका लागि नरैनापुर आधारभुत अस्पतालको स्थलगत assessment गर्ने ।<br>• सेवा विस्तारका लागि स्थानीय तह र स्वास्थ्य निर्देशनालयले गर्ने कार्यको जिम्मेवारी बाँडफाँड गर्ने<br>• आवश्यक जनशक्ति औजार उपकरण तथा पूर्वाधार विकास प्रचलित कानून बमोजिम गर्ने<br>• कार्य संचालनको प्रगति समय समयमा अनुगमन तथा समिक्षा गर्ने |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • राप्ती गाउपालिकाको स्थानीय तहमा रहेको आधार भूत अस्पतालमा CEON सेवा विस्तार हुनेछ । |
| **अनुगमन मुल्यांकनको सूचक** | • CEONC सेवा विस्तार भएको<br>• प्रसूती तथा सुत्केरी अवस्थाको जटिलताको व्यवस्थापन भएको |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

## ३२. रासी आँखा अस्पताल (नेपाल नेत्र ज्योति संघ), तुल्सीपुर दाङ

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २० लाख | १ | पटक | तेश्रो |

| | |
|---|---|
| **परिचयः** | रासी आखाँ अस्पतालको सेवा सुदृढिकरणका लागि यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | • रासी आखाँ अस्पताल(नेपाल नेत्र ज्योति संघ) तुल्सीपुर दाङको सेवा सुदृढिकरण गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्र । |
| **खर्च क्षेत्र** | औजार उपकरण, पूर्वाधार विकास खर्च |
| **लक्षित समूह** | रासी आखाँ अस्पताल(नेपाल नेत्र ज्योती संघ) तुल्सीपुर दाङ |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रस्ताव माग गर्ने<br>• प्रस्ताव मूल्याङकन गरी छनौट गर्ने<br>• मूल्याङकन भए बमोजिम सम्झौता गर्ने<br>• कार्य सम्पन्न भएको प्राविधिक स्थलगत अनुगमन गरी प्रतिबेदन तयार गर्ने<br>• प्रतिबेदनका आधारमा भुक्तानी गर्ने । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • सेवा सुदृढिकरण हुनेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

# प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

## १. औषधिहरुको परिमाण निर्धारण गोष्ठि

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु २ लाख ५० हजार | पटक | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | Forecasting, quantification र Procurement सम्बन्धि क्षमता अभिवृद्धिका लागि पुर्नताजगि तथा अभिमुखिकरण गरी यस कार्यमा सहजता ल्याउनका लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुका सम्बन्धीत कार्यका Focal Person हरुलाई Forcasting, quantification र Procurement सम्बन्धि क्षमता अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | Forecasting, quantification र Procurement सम्बन्धि कार्यमा सहजता हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुका सम्बन्धीत कार्यका Focal Person हरुलाई क्षमता अभिवृद्धि सम्बन्धि अभिमुखिकरण गर्ने ।<br>• प्रदेशका लागि आवश्यक औषधि परिमाण निर्धारण गर्ने । |
| लक्षित समूह | प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुका सम्बन्धी कार्यका Focal Person हरु । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## २. औषधी तथा भ्याक्सिन स्टोरको अनसाइट कोचिङ तथा सुपरभिजन

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | जिल्ला | १२ | निरन्तर |

| | |
|---|---|
| परिचय | • प्रदेश अन्तर्गतका जिल्ला स्थित औषधि तथा भ्याक्सिन स्टोर र हाल प्रयोगमा आएका सप्लाई सेन्टर बाट स्वास्थ्य संस्थामा सप्लाई भएका औषधि तथा भ्याक्सिन सामाग्रीको नियमित तथा आकस्मिक निरन्तर सञ्चालन र गुणस्तर कायम राख्न तथा औषधि लगाएत खोप कार्यक्रम तथा कोल्ड चेनको अवस्था र e-LMIS मा सुधार ल्याउन यो शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | • नियमित औषधि, औषधजन्य सामग्री खोप सुदृढीकरण, पुर्ण खोपमा दिगोपन, खोप कोल्डचेन समाग्रीको नियमित व्यबस्थापन गर्ने |

| | |
|---|---|
| | • खोप कोल्डचेन आपूर्ति बितरणको बास्तबिक योजना तयारीमा सहजिकरण र सहयोग गरि खोप खेर जाने दर घटाउने र खोप तथा खोप समाग्रीको उचित उपयोग र गूणस्तर कायम गर्ने |
| अपेक्षित प्रतिफल | • प्रभावकारी र गुणस्तरीय खोप सेवा संन्चालन भै पूर्ण खोप सुनिश्चिततामा तिव्रता आउने छ ।<br>• औषधि खोप कोल्डचेन समाग्रीहरुको नियमित सप्लाई तथा व्यबस्थापन भई खोप गूणस्तर कायम हूनेछ । |
| कार्यक्रम सञ्चालन विधि | • eLMIS मा कमजोर संस्थाको सूची तयार गर्ने<br>• अनसाइड भिजिट गर्ने<br>• सम्बन्धित साइटमा गै प्रबिधिक सहयोग गर्ने |
| बजेट बाँडफाड | • प्रचलित आर्थिक ऐन नियम निर्देशिका र कार्यबिधि अनुसार बजेट बाँडफाट गरि कार्यक्रम र खच गर्नु पर्नेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि उपलब्धि र कार्य बिबरण सहितको प्रतिबेदन गर्ने व्यबस्था मिलाउने । |
| सन्दर्भ सामाग्री | अन साइड कोचिङ चेक लिष्ट, सूपरिबेक्षक चेक लिष्ट, पुर्ण खोप सुनिश्चितता घोषणा निर्देशिका, एस.ओ.पि. निर्देशिका आदि । |

## ३. बायोमेडिकल वर्कसप सञ्चालन तथा व्यबस्थापन

| खर्चशीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ४० लाख | वटा | ४ | निरन्तर |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा भएका मेडिकल उपकरण मर्मत सम्मार सम्बन्धि कार्य गरी उपकरणहरु सञ्चालनमा प्रभावकारीता ल्याउन यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा भएका मेडिकल उपकरणहरुको मर्मत गर्ने । |
| अपेक्षित प्रतिफल | बिग्रेका मेडिकल औजार उपकरण बनाई पुन: सञ्चालनमा आउने छन। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य संस्था/अस्पतालहरु सँग समन्वय गरी बिग्रेका मेडिकल उपकरण को सूची तयार गर्ने ।<br>• खरिद गरेका तथा प्राप्त भएका मेडिकल उपकरण को आवश्यकता अनुसार User training दिने ।<br>• स्वास्थ्य संस्थाहरु मा भएका मेडिकल उपकरणहरुको मर्मत सम्भार गर्ने।<br>• आवश्यक्ता अनुसार को उपकरण को spare parts/consumables खरिद गरि मर्मत सम्मार गर्ने। |
| लक्षित समूह | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ४. जिपलग व्याग तथा फर्मेट (फोम प्याड) खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | ५ लाख | जिल्ला | १२ | दोस्रो |

| | |
|---|---|
| परिचय | प्रदेशिक भ्याक्सिन स्टोर देखि प्रदेश अन्तरगतका जिल्ला भ्याक्सिन स्टोर ,पालिकामा रहेका भ्याक्सिन सप्लाई सेन्टर तथा खोप सेवा प्रबाह हुने स्थानसम्म गुणस्तरीय भ्याक्सिन तथा डाइलेन्टलाई सुरीक्षत तरिकाले व्यबस्थापन गर्न जिपलग व्याग तथा फोम प्याड खरिदका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | नियमित साथै बिशेष खोप कार्यक्रममा गूणस्तरीय भ्याक्सिन लक्षित समुहमा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | भ्याक्सिनको गूणस्तरियता कायम भएको हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • जिपलग व्याग तथा फोम प्याड जिल्लाहरुमा खोप केन्द्रहरुको पहिचानबाट आबश्यक पर्ने परिमाण निर्धारण गर्ने<br>• आवश्यक पर्ने जिपलग व्याग तथा फोम प्याड खरिदका लागि विगतको दरभाउलाई आधार मानि दररेट निर्धारण गर्ने ।<br>• जिपलग व्याग तथा फोम प्याड खरिद प्रकृया सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने<br>• खरिद प्रकृयाबाट प्राप्त जिपलग व्याग र फोमप्याड जिल्ला स्वास्थ्य कार्यालय, पालिकाका भ्याक्सिन सप्लाई सेन्टरहरुमा बितरण गर्ने |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।<br>• सार्वजनिक खरिद ऐन र नियमावली अनूसार प्रकृया पुरयाई खरिद व्यबस्थापन गर्ने । |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ५. औषधी, भ्याक्सिन तथा भ्याकसिनजन्य सामग्री, साधन रिप्याकिङ तथा ढुवानी

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु.३० लाख | पटक | ३ | प्रथम दोस्रो तेस्रो र चैथो |

| | |
|---|---|
| परिचय | औषधि भ्याक्सिन, भ्याक्सिनजन्य सामग्रीहरु औजार उपकरण अभिलेख तथा प्रतिवेदन फारामहरु, साधन तथा समय समयमा प्राप्त हूने अन्य सामग्रीहरु प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्रको लागि रिप्याकिङ्ग तथा ढुवानी र पुनः बितरण गर्नाका लागि यस शिर्षक अन्तरगत वजेटको व्यवस्था गरिएको छ । |
| उद्देश्य | • स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि निःशूल्क औषधिहरु निरन्तर आपुर्ति गर्ने । |

| | |
|---|---|
| | • स्वास्थ्य संस्थाहरुमा औषधिको मौज्दात कायम राख्ने ।<br>• औषधि तथा साधनको त्रैमासिक भ्याक्सिनको मासिक वितरण गर्ने व्यवस्था मिलाउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा नियमित औषधि तथा खोप, खोपजन्य सामाग्री नियमित रुपमा उपलब्ध हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेशवाट स्वास्थ्य संस्थाहरुको कति दुरी, ढूवानीको माध्यम निश्चित गरी सामान ढूवानी गर्दा लाग्ने खर्चको लागत अनुमानित लागत इस्टीमेशन तयार गर्ने। स्थानीय ढुवानि व्यावसायहरु संग वाट प्राप्त विवरण ढुवानीको दररेटलाई आधार मान्न सकिन्छ ।<br>• औषधि, औजार उपकरण रिप्याकिङ्ग तथा ढूवानी एकिकृत अवधारण बमोजीम नै सम्पन्न गर्नुपर्दछ । प्राप्त भएका स्वास्थ्य कार्यक्रमका सरसामानहरु संभव भए सम्म एकै पटक ढुवानी गर्नुपर्दछ ।<br>• ढूवानी कार्यको लागि आबश्यक पर्ने समाग्रीहरु सहित रिप्याकिङ्ग ज्याला आदि समेत यसै कार्यक्रम अन्तरगत खर्च गर्न सकिनेछ ।<br>• यस वजेट शिर्षक अन्तरगत राखिएको वजेटलाई मुख्य गरी औषधि तथा औषधीजन्य समाग्री, खोप, खोप जन्यसमाग्री, औजार उपकरण ढूवानी तथा प्याकिे कार्यमा मात्र खर्च गर्न सकिनेछ ।<br>• स्वास्थ्य संस्थाहरुवाट प्राप्त LMIS त्रैमासिक प्रतिबेदनको आधारमा मौज्दातलाई आधार मानी नियमित आपुर्ति गर्ने व्यबस्था मिलाउनु पर्द% ।<br>• स्वास्थ्य संस्थाहरुमा ('वानी गर्दा शिलवन्दी दरभाउ पत्र वा वोलपत्र वा इविडिङ्ग प्रक्रिया द्धारा ढूवानी सम्वन्धि कार्य गर्न सकिने छ । |
| लक्षित समूह | लुम्बिनी प्रदेश भित्रका स्वास्थ्य संस्थाहरु । |
| बजेट बाँडफाड | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ६. अस्पतालबाट अत्यावश्यक निःशुल्क वितरणका लागि औषधी खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. २ करोड | पटक | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तगर्त रहेका अस्पतालहरुबाट दिइने निःशुल्क अत्यावश्यक औषधीहरु वितरण सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन औषधी खरिद गरी सर्वसुलभ तरिकाले उपभोक्तामा सेवाको प्रयोगदर बढाइ प्रदेशका अधिकाशं जनतालाई लाभान्वित गराउन बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | • अस्पतालहरुबाट दिइने निःशुल्क औषधी वितरण सेवालाई गुणस्तरीय तथा सर्वसुलभ रुपमा उपलब्ध गराउने ।<br>• गरिब तथा विपन्न वर्गका जनताहरुमा अत्यावश्यक औषधीको पहुँच बढाई लाभान्वित गराउने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहिहरुलाई सर्वसुलभ तरिकाले औषधी उपलब्ध हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पतालहरुको आन्तरिक योजना तथा औषधी सम्बन्धी आवश्यक अध्ययन गर्ने ।<br>• प्रदेश भित्र रहेका अस्पतालहरुमा सेवा प्रदान गर्न निःशुल्क औषधीहरुको सूचीबाट नाम र परिमाण तय गर्ने ।<br>• आवश्यक पर्ने औषधीहरु खरिदका लागि विगतको दरभाउलाई आधार मानि नयाँ दररेट निर्धारण गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• औषधीहरु खरिद )ढुवानी⁄ Re-Packing समेत(गर्नका लागि ई–टेण्डर द्धारा उपयुक्त फर्म, कम्पनी छनोट गर्नुपर्ने ।<br>• WHO-GMP Certified प्राप्त कम्पनी वा फर्मबाट औषधी खरिदको लागि छनोट गर्नुपर्ने छ ।<br>• औषधीको सुची तयार, टेण्डर आह्वान तथा सामाग्री वितरण गर्दा LMIS को तथ्याङ्कको आधारमा गर्नुपर्ने छ । |
| **अनुगमन** | • निःशुल्क औषधी, भ्याक्सीन, स्वीकृत कार्यक्रम अनुसारका सामाग्रीहरु जिन्सी किताबामा आम्दानी बाधिए⁄नबाधिएका अवस्था एकिन गर्ने ।<br>• LMIS प्रतिवेदन पठाए⁄नपठाएको स्वास्थ्य संस्थाहरु एकिन गर्ने ।<br>• आपूर्ति व्यवस्थापन कार्य तथा कार्यक्रम अनुसार अनुगमन गर्ने जस्तैः FEFO, Temperature Monitoring,, नियमित फ्रिज सञ्चालन, भ्याक्सीन सप्लाईमा गर्नुपर्ने ICE Pack Conditioning, म्याद गुज्रेका औषधीहरु छुट्टाएर राख्ने गरेको छ छैन हेर्ने । |
| लक्षित समूह | अस्पताल तथा स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका विरामीहरु । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| अभिलेख प्रतिवेदन | • केन्द्र, प्रदेश तथा स्थानीय तहबाट प्राप्त भएका र खर्च भएका सामाग्रीहरुको जिन्सी खातामा अभिलेख राखि अध्यावधिक गरिएको छ छैन हेर्ने ।<br>• LMIS प्रतिवेदनमा भ्याक्सीन तथा खोपजन्य सामाग्री समावेश गरिएको छ छैन हेर्ने ।<br>• जिन्सी खाता र भौतिक मौज्दात मिले⁄नमिलेको एकीन गर्ने ।<br>• खर्च भएर नजाने सामानहरुको व्यवस्थापनको अवस्थालाई एकिन गर्ने ।<br>• सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ७. आकस्मिक तथा महामारीका लागि औषधि खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. १० लाख | पटक | १ | दोस्रो र तेश्रो |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तगर्त रहेका स्वास्थ्य संस्थाहरुबाट महामारी र विपतका लागि अत्यावश्यक औषधीहरु वितरण सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन औषधी र उपकरण खरिद गरी सर्वसुलभ तरिकाले उपभोक्तामा सेवाको प्रयोगदर बढाइ प्रदेशका अधिकाशं जनतालाई लाभान्वित गराउन बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | • स्वास्थ्य संस्थाहरुबाट दिइन औषधी वितरण सेवालाई गुणस्तरीय तथा सर्वसुलभ रुपमा उपलब्ध गराउने ।<br>• महामारी र विपत् ब्यबस्थापनका लागि । |
| अपेक्षित प्रतिफल | आकस्मिक सेवा लिन आउने सेवाग्राहिहरुलाई सर्वसुलभ तरिकाले औषधी उपलब्ध हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पतालहरुको आन्तरिक योजना तथा औषधी सम्बन्धी आवश्यक अध्ययन गर्ने ।<br>• प्रदेश भित्र रहेका अस्पतालहरुमा सेवा प्रदान गर्न निःशुल्क औषधीहरुको सूचीबाट नाम र परिमाण तय गर्ने ।<br>• आवश्यक पर्ने औषधीहरु खरिदका लागि विगतको दरभाउलाई आधार मानि नयाँ दररेट निर्धारण गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• औषधीहरु खरिद )ढुवानी/ Re-Packing समेत (गर्नका लागि ई–टेण्डर द्धारा उपयुक्त फर्म, कम्पनी छनोट गर्नुपर्ने ।<br>• WHO-GMP Certified प्राप्त कम्पनी वा फर्मबाट औषधी खरिदको लागि छनोट गर्नुपर्ने छ ।<br>• औषधीको सुची तयार, टेण्डर आह्वान तथा सामाग्री वितरण गर्दा LMIS को तथ्याङ्कको आधारमा गर्नुपर्ने छ । |
| लक्षित समूह | अस्पताल तथा स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका विरामीहरु । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |

| | |
|---|---|
| अनुगमन | • निःशुल्क औषधी, भ्याक्सीन, स्वीकृत कार्यक्रम अनुसारका सामाग्रीहरु जिन्सी किताबामा आम्दानी बाधिए/नबाधिएका अवस्था एकिन गर्ने ।<br>• LMIS प्रतिवेदन पठाए/नपठाएको स्वास्थ्य संस्थाहरु एकिन गर्ने ।<br>• आपूर्ति व्यवस्थापन कार्य तथा कार्यक्रम अनुसार अनुगमन गर्ने जस्तैः FEFO, Temperature Monitoring,, नियमित फ्रिज सञ्चालन, भ्याक्सीन सप्लाईमा गर्नुपर्ने ICE Pack Conditioning, म्याद गुज्रेका औषधीहरु छुट्टाएर राखे गरेको छ छैन हेर्ने । |
| अभिलेख प्रतिवेदन | • केन्द्र, प्रदेश तथा स्थानीय तहबाट प्राप्त भएका र खर्च भएका सामाग्रीहरुको जिन्सी खातामा अभिलेख राखि अध्यावधिक गरिएको छ छैन हेर्ने ।<br>• LMIS प्रतिवेदनमा भ्याक्सीन तथा खोपजन्य सामाग्री समावेश गरिएको छ छैन हेर्ने ।<br>• जिन्सी खाता र भौतिक मौज्दात मिले/नमिलेको एकीन गर्ने ।<br>• खर्च भएर नजाने सामानहरुको व्यवस्थापनको अवस्थालाई एकिन गर्ने ।<br>• सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ८. अत्यावस्यक निःशुल्क वितरणका लागि आयुर्वेद औषधि खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. ३० लाख | पटक | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तगर्त रहेका अस्पतालहरुबाट दिइने निःशुल्क आयुर्वेद औषधीहरु वितरण सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन औषधी खरिद गरी सर्वसुलभ तरिकाले उपभोक्तामा सेवाको प्रयोगदर बढाइ प्रदेशका अधिकाशं जनतालाई लाभान्वित गराउन बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | • आयुर्वेदिक अस्पताल तथा स्वास्थ्य संस्थाबाट गरिने निःशुल्क आयुर्वेद औषधी वितरण सेवालाई गुणस्तरीय तथा सर्वसुलभ रुपमा उपलब्ध गराउने ।<br>• गरिब तथा विपन्न वर्गका जनताहरुमा अत्यावश्यक औषधीको पहुँच बढाई लाभान्वित गराउने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद सेवा लिन आउने सेवाग्राहिहरुलाई सर्वसुलभ तरिकाले औषधी उपलब्ध हुनेछ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पतालहरुको आन्तरिक योजना तथा औषधी सम्बन्धी आवश्यक अध्ययन गर्ने ।<br>• प्रदेश भित्र रहेका अस्पतालहरुमा सेवा प्रदान गर्न निःशुल्क औषधीहरुको सूचीबाट नाम र परिमाण तय गर्ने ।<br>• आवश्यक पर्ने औषधीहरु खरिदका लागि विगतको दरभाउलाई आधार मानि नयाँ दररेट निर्धारण गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• औषधीहरु खरिद )ढुवानी/ Re-Packing समेत (गर्नका लागि ई—टेण्डर द्वारा उपयुक्त फर्म, कम्पनी छनोट गर्नुपर्ने ।<br>• WHO-GMP Certified प्राप्त कम्पनी वा फर्मबाट औषधी खरिदको लागि छनोट गर्नुपर्ने छ ।<br>• औषधीको सुची तयार, टेण्डर आह्वान तथा सामाग्री वितरण गर्दा LMIS को तथ्याङ्कको आधारमा गर्नुपर्ने छ । |
| लक्षित समूह | अस्पताल तथा स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका विरामीहरु । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| अनुगमन | • निःशुल्क औषधी, भ्याक्सीन, स्वीकृत कार्यक्रम अनुसारका सामाग्रीहरु जिन्सी किताबामा आम्दानी बाधिए/नबाधिएका अवस्था एकिन गर्ने । |

| | |
|---|---|
| | • LMIS प्रतिवेदन पठाए/नपठाएको स्वास्थ्य संस्थाहरु एकिन गर्ने ।<br>• आपूर्ति व्यवस्थापन कार्य तथा कार्यक्रम अनुसार अनुगमन गर्ने जस्तैः FEFO, Temperature Monitoring,, नियमित फ्रिज सञ्चालन, भ्याक्सीन सप्लाईमा गर्नुपर्ने ICE Pack Conditioning, म्याद गुज्रेका औषधीहरु छुट्टाएर राख्ने गरेको छ छैन हेर्ने । |
| अभिलेख प्रतिवेदन | • केन्द्र, प्रदेश तथा स्थानीय तहबाट प्राप्त भएका र खर्च भएका सामाग्रीहरुको जिन्सी खातामा अभिलेख राखि अध्यावधिक गरिएको छ छैन हेर्ने ।<br>• LMIS प्रतिवेदनमा भ्याक्सीन तथा खोपजन्य सामाग्री समावेश गरिएको छ छैन हेर्ने ।<br>• जिन्सी खाता र भौतिक मौज्दात मिले/नमिलेको एकीन गर्ने ।<br>• खर्च भएर नजाने सामानहरुको व्यवस्थापनको अवस्थालाई एकिन गर्ने ।<br>• सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ९. ग्रमिण अल्ट्रासाउण्ड कार्यक्रमको लागि पोर्टेबल यु एस जी मेशिन खरिद

| खर्चशीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. २ करोड १० लाख | वटा | १३ | प्रथम र दोस्रो |

| | |
|---|---|
| परिचय | अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुका लागि **Portable USG Machine** खरिद गरी सेवा प्रदान गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको सेवा गुणस्तर सुदृढिकरण गर्न । |
| अपेक्षित प्रतिफल | सम्बन्धित रोगको पहिचान, उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य संस्था/अस्पतालहरु सँग समन्वय गरी सूची तयार गर्ने ।<br>• लागत अनुमान तयार गर्दा परिमाण निर्धारण गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने ।<br>• स्वास्थ्य संस्थाहरुबाट माग भएबमोजिमका सामाग्रीहरु खरिद गरी वितरण गर्ने । |
| लक्षित समूह | ग्रामीण क्षेत्र तथा सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरुलाई उपचार सेवाको पहुँच पुऱ्याउन । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १०. DR Xray System( ५०० MA) खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. २ करोड मात्र | वटा | ४ | दोस्रो |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा उपचारका लागि भर्ना भएका विरामीको जस्तैः Bone fracture, Delocation of bone आदि display गरी समयमै समस्याको निधान गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | समयमै समस्याको पहिचान गरी निधान गर्ने। |
| अपेक्षित प्रतिफल | सम्बन्धित रोगको समयमै पहिचान, उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य संस्था/अस्पतालहरु सँग समन्वय गरी सूची तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने ।<br>• गुल्मी, बर्दिया, प्युठान र पृथ्वीचन्द्र अस्पतालहरु मा DR-X Ray Machine उपलब्ध गराउने । |
| लक्षित समूह | प्रदेश भित्रका आम नागरिक सेवा लिने र दिने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ११. स्थानीय तहका आयुर्वेद औषधालयका लागि पूर्वकर्म पंच कर्मका लागि उपकरण औजार खरिद (स्नेहन तथा स्वेदन सामाग्री)

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. २० लाख | पटक | १० | दोस्रो र तेस्रो |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तगर्त रहेका आयुर्वेद स्वास्थ्य संस्थामा दिइने सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाई उपभोक्तामा सेवाको प्रयोगदर बढाइ प्रदेशका जनतालाई लाभान्वित गराउन यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | • आयुर्वेदिक अस्पताल तथा स्वास्थ्य संस्थाबाट गरिने निःशुल्क आयुर्वेदिक सेवालाई गुणस्तरीय तथा सर्वसुलभ रुपमा उपलब्ध गराउने ।<br>• गरिब तथा विपन्न वर्गका जनताहरुमा अत्यावश्यक आयुर्वेदिक सेवाको पहुँच बढाई लाभान्वित गराउने । |
| अपेक्षित प्रतिफल | रोगबाट पीडित उपभोक्ताहरुलाई सर्वसुलभ तरिकाले शरिरको विकारहरुबाट मुक्त गराई स्वस्थ बनाउने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट आयुर्वेदिक अस्पताल तथा स्वास्थ्य संस्थाहरुको आन्तरिक योजना तथा आवश्यकता अध्ययन गर्ने ।<br>• लागत अनुमान तयार गर्दा परिमाण निर्धारण गर्ने ।<br>• आयुर्वेदिक स्वास्थ्य संस्थाबाट पूर्वकर्म पञ्चकर्म सम्बन्धी सामाग्री खरिदका लागि विगतको दरभाउलाई आधार मानि नयाँ दररेट निर्धारण गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । |
| लक्षित समूह | आयुर्वेदिक स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका विरामीहरु । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| अभिलेख प्रतिवेदन | • केन्द्र, प्रदेश तथा स्थानीय तहबाट प्राप्त भएका र खर्च भएका सामाग्रीहरुको जिन्सी खातामा अभिलेख राखि अध्यावधिक गरिएको छ वा छैन हेर्ने<br>• जिन्सी खाता र भौतिक मौज्दात मिले/नमिलेको एकीन गर्ने ।<br>• खर्च भएर नजाने सामानहरुको व्यवस्थापनको अवस्थालाई एकिन गर्ने ।<br>• सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १२. वर्थिङ सेन्टरका लागि डेलिभरी वेड बेवी वार्मर तथा संक्सन एवं विरामी वेड

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ५० लाख | वटा | १० | दोस्रो |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा उपचारका लागि भर्ना भएका नवजात शिशु र आमा विरामीको लागि जस्तैः Delivery bed, Baby warmer, suction र patient bed आदि खरिद गरी आमा र वच्चाको स्वास्थ्य सुधार गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | प्रसुति सेवा र नवजात शिशुको स्याहारमा सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | आमा र नवजात शिशुको स्याहारमा सहज हुने छ। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य संस्था/अस्पतालहरु सँग समन्वय गरी सूची तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• लागत अनुमान तयार गर्दा परिमाण निर्धारण गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Post shipment inspection को आधारमा दाखिला गर्ने ।<br>• स्वास्थ्य मन्त्रालयमा निर्णय भएका स्वास्थ्य संस्थाहरुमा Birthing Center Equipments उपलब्ध गराउने । |
| लक्षित समूह | प्रदेश भित्रका सुत्केरी सेवा लिने महिला र नवजात शिशु । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १३. SICKLE CELL SETUP (Electrophorosis machine) खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ३० लाख | वटा | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | सिकेल सेल एनिमिया तथा थालसेमिया रोगको समयमै निदान तथा उपचारमा सहयोग पुर्याइ यस रोगको निदान तथा उपचारमा सहयोग पुर्याउने उदेश्यले यस कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | सिकेल सेल एनिमिया तथा थालसेमिया रोगको निदान तथा उपचारमा सहयोग पुर्याउने। |
| अपेक्षित प्रतिफल | रोग निदानको लागि सहयोग पुगेको हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य मन्त्रालय सँग समन्वय गरी सूची तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Post shipment inspection को आधारमा दाखिला गर्ने ।<br>• लमही अस्पतालमा **SICKLE CELL SETUP (Electrophorosis machine)** गराउने । |
| लक्षित समूह | प्रदेश भित्रका सिकेल सेल एनिमिया तथा थालसेमिया रोग लागेका व्यक्तिहरु |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १४.X-ray 100mA 6KW portable with DR

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ५० लाख | वटा | २ | दोस्रो |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा उपचारका लागि भर्ना भएका विरामीको जस्तैः Bone fracture, De-location of bone आदि display गरी समयमै समस्याको निधान गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | समयमै समस्याको पहिचान गरी निधान गर्ने। |
| अपेक्षित प्रतिफल | सम्बन्धित रोगको समयमै पहिचान, उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम संचालिन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल |
| कार्यक्रम सञ्चालन विधि | • प्रदेश भित्रका स्वास्थ्य संस्था/अस्पतालहरु सँग समन्वय गरी सूची तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Post shipment inspection को आधारमा दाखिला गर्ने ।<br>• रुपन्देहीको देवदह नगर अस्पताल र प्यूठानको भिङग्री प्रा स्वा के मा Portable X-ray with DR (100 mA) उपलब्ध गराउने । |
| लक्षित समूह | प्रदेश भित्रका आम नागरिक सेवा लिने र दिने । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १५. आखाँ अस्पतालको लागि IOL Master र Pheko Machine खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ५० लाख | वटा | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | आँखा अस्पताल मा आँखा सम्बन्धि रोग तथा सल्यक्रिया सम्बन्धि कार्यलाई सहज बनाई सेवाग्राहिलाई प्रभावकारी रुपमा सेवा सञ्चालन गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिइको छ । |
| उद्देश्य | सम्बन्धित आँखा रोग को निदान उपचार गर्ने । |
| अपेक्षित प्रतिफल | आँखा रोग निदानको लागि सहयोग पुगेको हुने । |
| कार्यक्रम संचालिन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य मन्त्रालय सँग समन्वय गरी सूची तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Post shipment inspection को आधारमा दाखिला गर्ने ।<br>• तुल्सीपुर आँखा अस्पतालमा IOL Master र Pheko machine उपलब्ध गराउने । |
| लक्षित समूह | प्रदेश भित्रका आखाँको समस्या भएका व्यक्तिहरु |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १६. प्रयोगशालाका लागि अत्यावश्यकीय औजार तथा उपकरण खरिद

| खर्च शीर्षक नः | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ५० लाख | पटक | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला लगाएत अन्य स्वास्थ्य संस्थाहरुका लागि lab setup सञ्चालन तथा सेवाको गुणस्तरमा सुदृढिकरण गरी प्रयोगशाला सेवालाई थप गुणस्तरिय र विश्वस्नीय वनाउन यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | जनस्वास्थ्य प्रयोगशाला र प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा lab setup तथा सेवा गुणस्तर सुदृढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | सम्बन्धित रोगको समयमै पहिचान गरी उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • जनस्वास्थ्य प्रयोगशाला, अस्पताल र स्वास्थ्य कार्यालयसँग समन्वय गरी सूची तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Post shipment inspection को आधारमा दाखिला गर्ने ।<br>• जनस्वास्थ्य प्रयोगशाला र अन्य आवश्यक पर्ने स्वास्थ्य सँस्थाहरुमा Lab Set up Equipment उपलब्ध गराउने । |
| लक्षित समूह | सवै प्रदेशवासी |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

**१७. रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि औजार उपकरण खरिद (४K Laproscopy Tower-१set, Urology Instrument Complete set-१set, Lithotriptor-१set, Thulium Laser-१set and High End Ultrasound machine-२ set)**

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. चार करोड | पटक | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवालाई थप सुदृढ वनाउन अस्पतालमा उपचार्थ रहेका विरामीहरुको विभिन्न रोगको पहिचान, सल्यक्रिया तथा चेक जांच सम्बन्धि उपकरण हरु खरिद गरी सेवा प्रवाहलाई थप सहज बनाउन यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | सम्बन्धित रोगको बिरामी चेक जांच, रोग पहिचाँन, शल्यक्रिया, उपचार गर्ने । |
| अपेक्षित प्रतिफल | सम्बन्धित रोगको पहिचान, उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • रासी स्वास्थ्य बिज्ञान प्रतिष्ठानको आवस्यकता एकिन गर सोहि अनुरुप स्पेशिफिकेशन तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• मेशिनको जडान तथा तालिम सञ्चालन गर्ने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Post shipment inspection को आधारमा दाखिला गर्ने ।<br>खरिद गरिने औजार उपकरणहरु;<br>१. Laproscopic Tower 4K – 1 set<br>२. Urology Instrument Complete set-1 set<br>३. Lithotriptor -1 set<br>४. Thulium Laser- 1 set<br>५. High End Ultrasound machine- 2 set |
| लक्षित समूह | प्रदेश भित्रका आम नागरिकहरु |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १८.ख वर्गको एम्बुलेन्स खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२१ | रु. ४४ लाख | वटा | २ | दोस्रो |

| | |
|---|---|
| परिचय | विरामी, घाइते तथा आकस्मिक उपचारका लागि समयमै अस्पतालमा पु¥याउन र थप उपचार सेवाका लागि सुविधायुक्त अस्पतालमा पु¥याई विरामीको उपचार र व्यवस्थापन गर्नका लागि ख वर्गको एम्बुलेन्स खरिद गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | • एम्बुलेन्स तथा पूर्व अस्पताल सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं पारदर्शिता बनाउन ।<br>• ग्रामिण स्तरमा रहेका विरामीहरुलाई विशिष्टिकृत स्वास्थ्य सेवा उपलब्ध गराउन<br>• न्यूनतम खर्चमा स्वास्थ्य सेवा प्रदान गर्न । |
| अपेक्षित प्रतिफल | आकस्मिक विरामीले छिटो छरितो स्वास्थ्य सेवा प्राप्त गरी विरामीहरुको मृत्युदरलाई घटाउने । |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • सम्बन्धित प्राविधिकद्धारा राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ बमोजिम स्पेशिफिकेशन तयार गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम खरिद गरी सञ्चालन तथा व्यवस्थापन गर्ने ।<br>• रुकुम पुर्व र प्रस्तावित भालुवाङ्ग अस्पतालमा एम्वुलेन्स उपलब्ध गराउने |
| लक्षित समूह | आपतकालिन स्वास्थ्य सेवा आवश्यक पर्ने विरामी । |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## १९. नेमोकोकल भ्याक्सिन खरिद

| खर्च शीर्षक नः | बजेटः | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. ६० लाख | पटक | १ | दोस्रो |

| | |
|---|---|
| परिचय | नेमोकोकल भ्याक्सिनको आपुर्ति गरी फोक्सोको संक्रमण, मस्तिष्क संक्रमण, रगत संक्रमण तथा निमोनिया जस्ता रोगको जोखिम कम गर्न यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | नेमोकोकल भ्याक्सिनको आपुर्तिबाट १३ प्रकारका pneumocacal bacteria बाट हुने जटिल संक्रमणबाट जोगाउने । |
| अपेक्षित प्रतिफल | Pneumocacal pneuomonia तथा meningitis देखि हुने जटिल स्वास प्रस्वास समस्या कम भएको हुने छ । |
| कार्यक्रम संचालित गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्य मन्त्रालय लुम्विनी प्रदेशबाट यस भ्याक्सिनका लागि निर्धारित कार्यविधि अनुसार गर्ने |
| लक्षित समूह | प्रदेशवासी नागरिक |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| प्रतिवेदन | सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

# स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरु

## १. अपरेशन थेयटरमा कार्यरत नर्सिङ कर्मचारीहरुका लागी अपरेशन थेयटर ब्यवस्थापन सम्बन्धी ४२ दिने तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.१० लाख | समुह | २ | पहिलो र दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | अस्पतालहरुमा प्रदान गरिने शल्यक्रिया सेवाको लागि व्यवस्थित रुपमा सुरक्षित शल्यक्रिया सञ्चालन गर्न नर्सिङ कर्मचारीहरुको महत्वपूर्ण भूमिका हुनेगर्छ ।त्यसैले शल्यक्रिया कक्षमा काम गर्ने नर्सिङ कर्मचारीलाई Operation Theater Technique and Management (OTTM) बिषयमा आवश्यक ज्ञान र सीपको विकास गर्न यो तालिम कार्यक्रम राखिएको छ। |
| **उद्देश्य** | शल्यक्रियाद्वारा हुने स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्न सेवाप्रदायक (नर्सिङ् स्टाफ) को शल्यक्रिया कक्ष र सो सम्बन्धी सेवा व्यवस्थापन सम्बन्धी सीप र दक्षता विकास गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | प्रदेश अन्तर्गतका अस्पतालमा कार्यरत नर्सिङ् कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • कम्तिमा स्टाफ नर्स कोर्ष उतीर्ण गरि नेपाल नर्सिङ् काउन्सिलमा दर्ता गरेको<br>• सहभागी छनौट गर्दा शल्य कक्ष प्रविधि तथा ब्यवस्थापन गर्नको लागि जनशक्तिको आवश्यकता भएको शल्यक्रिया सम्बन्धि कार्य भईरहेको अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | • CTS तालिम लिएको वा शल्यकक्ष व्यवस्थापन तालिम लिएका चिकित्सक वा नर्सिगं स्टाफ हुनुपर्ने ।<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुनुपर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | • स्थानीय तह मातहतको अस्पताल भएको स्थानीय तहसँग समन्वय गरि र प्रदेश तहको अस्पताल / स्वास्थ्य कार्यालय समेतसंग समन्वय गरि अस्पतालको अपरेशन कक्षमा कम्तिमा ३ जना दक्ष जनशक्ति हुने गरि तालिम नलिएका नर्सिङ्ग स्टाफहरुको पहिचान गरि योजना बनाउने ।<br>• पहिला तालिम लिईसकेका नर्सिङ्ग कर्मचारीलाई तालिममा सहभागी नगराउने ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्रले निर्धारण गर्ने ।<br>• अपरेसन थियटर व्यवस्थापन OT Management तालिम प्रदायक अस्पतालहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि समन्वय र वार्षिक रुपमा सम्झौता गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email र फोन (दुवै) मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने । |

| | |
|---|---|
| | • बजेटको परिधिभित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिनेछ ।<br>• अपरेसन थियटर व्यवस्थापन (OT Management) तालिम प्रदायक अस्पतालहरुसँगको समन्वय, सहजीकरण र सहकार्यमा तालिमको लागि छनौट भएका नर्सिङ्ग स्टाफहरुलाई ४२ दिनको तालिम सञ्चालन गर्ने ।<br>• लक्ष्य)६ जना देखि १० जना सम्म *१ सत्र(४२ दिन * ब्याच/ |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | सेवा प्रदायक (नर्सिङ्ग स्टाफ) को शल्यक्रिया कक्ष र सेवा व्यवस्थापन सम्बन्धी सीप र दक्षता विकास भई शल्यक्रियाद्वारा हुनेस्वास्थ्य सेवाको गुणस्तर बृद्धि हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>२. तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>३. तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरि सहभागीको मूल्याङ्कन गर्न सकिनेछ । |
| **प्रतिवेदन** | कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात नियमानुसार पेश्की फर्यौट गरी तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## २. सि.टि. एस तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.५ लाख | पटक | १ | दोस्रो चौमासिक |

| | |
|---|---|
| **परिचय** | यस तालिम केन्द्रका क्लिनिकल तालिम साइटमा कार्यरत चिकित्सक, नर्सिङ कर्मिचारी र स्वास्थ्यकर्मिहरुको लागी क्लिनिकल सीपको क्षेत्रको सैद्दान्तिक ज्ञान, ब्यवहारीक सीप प्रदान गर्ने क्षमता अभिबृद्दिको लागि सिटिएस तालिम तालिम आयोजना गरिएको हो । |
| **उद्देश्य** | क्लिनिक तालिम साइटका चिकित्सक, स्वास्थ्यकर्मि र नर्सिङ कर्मचारीको क्लिनिकल सीप क्षमताको विकास गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | प्रदेश अन्तर्गतका क्लिनिकल तालिम साइटमा कार्यरत प्रशिक्षण कार्यक्रम सञ्चालन हुने वा हुने सक्ने कम्तिमा हे.अ. वा स्टाफ नर्स उतिर्ण गरेका स्वास्थ्य प्राविधिक कर्मचारीहरु |

| | |
|---|---|
| **सहभागी छनौटका आधार** | • कम्तिमा स्टाफ नर्स पिसिएल कोर्ष उतीर्ण गरि नेपाल नर्सिङ् काउन्सिलमा दर्ता गरेको<br>• एमबिबिएस तथा चिकित्सा शास्त्र पिसिएल पास गरि सम्बन्धित परिषदमा दर्ता भएको<br>• सहभागी छनौट अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | • CTS तालिम लिएको वा शल्यकक्ष व्यवस्थापन तालिम लिएका चिकित्सक वा नर्सिगं स्टाफ हुनुपर्ने ।<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने ।<br>• संयोजककोलागि सिटएस तालिम लिएको हुनु पर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | • स्थानीय तह मातहतको अस्पताल भएस्थानीय तहसँग समन्वय गरि र प्रदेश तहको अस्पताल / स्वास्थ्य कार्यालयसँग समन्वय गरि अस्पतालको क्लिनिक सीप दिन सक्ने ३ जना दक्ष जनशक्ति हुने पहिचान गरि योजना बनाउने ।<br>• पहिला तालिम लिईसकेका कर्मचारीलाई तालिममा सहभागी नगराउने ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email र फोन (दुवै) मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधि भित्ररही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ<br>• लक्ष्य) :१० जना देखि १५ जना सम्म *१ सत्र * ब्याच/५ दिन |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | प्रदेश अन्तर्गतका क्लिनिकल तालिम साइटमा कार्यरत प्रशिक्षक हरुको सीप सिकाउने दक्षता क्षमतामा अभिबृद्धि भइ गुणस्तरिय स्वास्थ्य सेवामा टेवा पुग्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | • स्वास्थ्य जनसंख्या मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरि सहभागीको मूल्याङ्कन गर्न सकिनेछ । |
| **प्रतिवेदन** | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ |

## ३. स्वास्थ्यकर्मीहरुलाई Implant तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.८ लाख | पटक | ४ | प्रथम,दोश्रो,तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | लुम्बिनी प्रदेशमा परिवार नियोजनको साधनको प्रयोग दर (Contraceptive Prevalence Rate-CPR) बढाउदै स्वस्थ तथा व्यवस्थित परिवार बनाउन, सबै स्वास्थ्य संस्था बाट ५ प्रकारका अस्थाई परिवार नियोजनका साधनहरुको सुनिश्चिता गरिगुणस्तरीय सेवा उपलब्ध गराउनु अहिलेको आवश्यकता हो। सो कुरालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थाहरुबाट सुरक्षित र गुणस्तरीय Implant सेवा प्रदान गर्नका लागि यो सीपमूलक तालिम राखिएको छ । |
| **उद्देश्य** | गुणस्तरिय परिवार नियोजन सेवा प्रदान र परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न स्वास्थ्यकर्मीहरूमा सीप, दक्षता र क्षमताको विकास गर्ने । |
| **जिम्वार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | तालिम नपाएका स्वास्थ्यकर्मिहरु र नर्सिङ् कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • अनमी वा स्टाफ नर्स कोर्ष उतीर्ण गरि नेपाल नर्सिङ् काउन्सिलमा दर्ता गरेको हुनु पर्नेछ ।<br>• इम्प्लान्ट तालिमको लागी स्वास्थ्यकर्मिहरु नेपाल स्वास्थ्य ब्यवसायी परिषदमा दर्ता गरेको हुनु पर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य सस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजक छनौटको आधार** | • CTS तालिम लिएको **इम्प्लान्ट तालिम** लिएका कम्तिमा स्टाफ नर्स योग्यता भएका<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने ।<br>• संयोजकको लागि सिटएस तालिम लिएको हुनु पर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालयतथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने।<br>• सहभागीको सुची तयार गर्दा पहिला प्रदेश मातहतका अस्पतालमा वास्वास्थ्य सस्था जहाँ धेरै सेवाग्राही (WRA)को संख्या लाई प्राथमिकतामा राखेर तयारगर्नुपर्नेछ। महिला सहभागीलाई प्राथमिकता दिनुपर्नेछ ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• पहिला तालिम लिईसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>• तालिमको लागि संस्था छनौट गर्दा जँहा उक्त सेवा दिनको लागि अरु सेवा प्रदायकहरु छैनन त्यही संस्थालाई प्राथमिकता दिनु पर्दछ । |

| | |
|---|---|
| | • सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने र सहभागीलाई पायक पर्ने स्थानमा तालिमको स्थान छनौट गर्नुपर्नेछ ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधि भित्ररही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात स्वास्थ्य सस्था वा आफु कार्यरत सस्थामा गईसके पश्चात १ महिनाभित्र सस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्ने र सो को अनुगमन तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>• यो तालिम ८ दिनको हुन्छ खास गरि इम्प्लान्ट स्वास्थ्यकर्मिहरु र नर्सिङ् स्टाफहरुको लागि हो । यो तालिममा क्षमतामा तथा सीपमा आधारित भएकोले सहभागी जम्मा ४ जना मात्र हुन्छन साथै दुई जना सहभागिको लागि एक जना प्रशिक्षकको आवश्यक पर्दछ । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | नर्सिङ कर्मचारी तथा स्वास्थ्यकर्मीहरूमापरिवार नियोजन सेवा प्रदान गर्ने सीप र दक्षता विकास भई परिवार नियोजन सेवा प्रयोगदरमा गुणस्तरियता बृद्धि हुने । |
| **अनुगमन र मुल्याङ्कन** | • मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको<br>• अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको<br>• कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरि सहभागीको मूल्याङ्कन गर्न सकिनेछ । |
| **प्रतिवेदन** | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## ४. चिकित्सकहरुका लागी मेडिको लिगल तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.१० लाख | पटक | १ | तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा कानून विधि देवानी तथा फौजदारी अभियोग लगायत विषय सँग सम्बन्धित रही सम्पादन गर्नुपर्ने चिकित्सकीय कार्यहरु र कानून तथा न्याय सम्पादन प्रकृयाको लागि आवश्यक स्वास्थ्य सम्बन्धी दसी प्रमाणको लागि आवश्यक पर्ने बिभिन्न जाँचहरु (शव परिक्षण, घाउजाँच, बलात्कार हिंसा आदि) को बैज्ञानिक परिक्षण र प्रतिवेदनमा दक्षता हाँसिल गरी न्याय प्रकृयालाई सहयोग पुऱ्याउनका लागियस प्रदेशका सरकारी अस्पतालमा र स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सकहरुका लागि यो तालिमको व्यवस्था गरिएको छ । |
| **उद्देश्य** | कानुनी तथा न्यायिक प्रक्रिया निरुपण गर्न आवश्यक स्वास्थ्यसँग सम्बन्धीत चिकित्सकीय प्रमाणहरु उपलब्ध गराउनको लागि चिकित्सकहरुको दक्षताको विकास गर्नु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | यस प्रदेश अन्तर्गत वा स्थानिय पालिका अन्तर्गत अस्पताल वा  स्वास्थ्य संस्थामा  मा कार्यरत चिकित्सकहरु |
| **सहभागी छनौटका आधार** | • नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सक ।<br>• विगतमा तालिम नलिएको ।<br>• तालिम लिन इच्छुक हुनु पर्नेछ ।<br>• राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रद्वारा तालिम पूर्व अनलाइन परीक्षा उतीर्ण भए पछि मात्र सहभागिको सुनिश्चित गरिनेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य सस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | क्लिनिकल तालिम साइटको प्रशिक्षक मापदण्ड अनुसार हुनु पर्ने छ । |
| **कार्यक्रम सञ्चालन विधि** | १. राष्ट्रिय स्वास्थ्य तालिक केन्द्र, त्रिभुवन विश्वविधालय, चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज काठमाण्डौ वा Medico Legal Training सञ्चालन गर्नकालागि स्विकृति पाएका अन्य तालिम साईटहरुस्थानीय ,अस्पताल ,स्वास्थ्य कार्यालय , तह तथा अन्य सरोकारवाला सँग समन्वय गर्ने ।<br>२. तालिम सञ्चालन हुने मिति, समय, सहभागीहरुको विवरण र खर्चको मापदण्डको परिधि भित्र रही प्रस्ताब तयार गरी स्वीकृत गर्ने । |

| | |
|---|---|
| | ३. तालिम सामग्रीको व्यवस्थापन गर्न तालिमका सहभागी सख्याको आधार र तालिम साइट संग क्लिनिकल सामाग्रीको सूची तयार गरि स्वास्थ्य तालिम केन्द्रले क्लिनिकल सामाग्री उपलब्ध गराउनु पर्ने हुन्छ ।<br>४. **तालिमका लागि प्रशिक्षक तथा सहभागीहरुको छनौट:** प्रशिक्षक हुनको लागि सम्बन्धीत काउन्सिलमा दर्ता भएका मेडिको लिगल सम्बन्धी विज्ञ चिकित्सक वा CTS र मेडिको लिगल तालिम प्राप्त गरेका चिकित्सक हुनु पर्नेछ भने सम्बन्धीत काउन्सिलमा दर्ता भई सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरु यस तालिममा सहभागि हुनेछन ।<br>५. तालिम सञ्चालन अनुगमन तथा ,मूल्यांकन गर्ने ।<br>६. तालिमका सहभागिहरुको विवरणलाई तोकिएको मापदण्ड पुरा गरे पश्चात TIMS सफ्टवयरमा प्रबिष्ट गरी प्रमाणपत्र प्रदान गरिने छ ।यो तालिम बिशेष प्रकारको क्लनिकल तालिम भएकोले खर्च सम्बन्धमा तालिम सञ्चालन हुने क्लिनिकल साइट संग आवश्यक समन्वय गरि कन्सल्टेन्ट र क्लनिकल सामाग्रीहरुको खर्च सन्दर्भमा आर्थिक खर्च मापदण्ड अनुसार हुने गरि कार्यालय प्रमुखबाट स्वीकृत गरि तालिम सञ्चालन गर्ने ।<br>७. बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न र तालिम पश्चात मेडिको लिगल कार्यमा प्रयोग हुने एक सेट सामाग्री समेत प्रदान गर्न सकिने ।<br>८. सहभागीले तालिम पश्चात स्वास्थ्य संस्था वा आफु कार्यरत सस्थामा गईसके पश्चात सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको अनुभव आदानप्रदान गर्ने र सो को अनुगमन तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>९. प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुत्त तालिम साईट नभएमा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरि तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । |
| **बजेट बाँडफाँड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ ।<br>• यस तालिममा चिकित्सा शास्त्र अध्ययन सस्थान महाराजगन्जमा कन्सल्टेन्टको अनुरोधमा क्लिनिकल सामाग्रीहरु आवश्कयताको आधारमा तालिम केन्द्रले उपलब्ध गराउन सक्नेछ । |
| **अपेक्षित उपलव्धी** | चिकित्सकहरुको मेडिको लिगल सम्बन्धी ज्ञान,सीप र क्षमताअभिवृद्धि भई मेडिको लिगल सम्बन्धी सेवा व्यवस्थित हुने । |
| **अनुगमन र मुल्याङ्कन** | • मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन ,मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरि सहभागीको मूल्याङ्कन गर्न सकिनेछ । |
| **प्रतिवेदन** | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ |

## ५. औषधिद्वारा गरिने गर्भपतन सम्बन्धि तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.६ लाख मात्र | पटक | ४ | प्रथम,दोश्रो,तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | असुरक्षित गर्भपतनबाट हुने जोखिमहरु कम गर्दै मातृ रुग्णता तथा मृत्युदरकम गर्न चिकित्सक लाई सुरक्षित गर्भपतन सेवासम्बन्धी ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने। यो क्षमतामा आधारित तालिम हो । यस तालिममा सहभागीहरुको ज्ञान र सीप दुवै समाबेश गरिएको छ । तालिममा सहभागी संख्या ५ जना हुने छ भन्ने प्रशिक्षक दुइ जना रहने छन । |
| **उद्देश्य** | असुरक्षित गर्भपतनबाट हुने जोखिमहरु कम गर्दै मातृ रुग्णता तथा मृत्युदरकम गर्न नर्सिङ कर्मचारी लाई सुरक्षित गर्भपतन सेवासम्बन्धी ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | यस प्रदेश अन्तर्गत वा स्थानिय पालिका अन्तर्गत अस्पताल र स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारिहरुलाइ |
| **सहभागी छनौटका आधार** | • नर्सिङ काउन्सिलमा दर्ता भएका नर्सिङ कर्मचारीहरु ।<br>• विगतमा तालिम नलिएको ।<br>• सहभागीले एसबिए वा आयुसिडी तालिम लिएको हुनु पर्ने<br>• तालिम लिन इच्छुक हुनु पर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य सस्था वा अस्पतालमा कार्यरत स्थायी चिकित्सकलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | • तालिम लिएको चिकित्सक वा कम्तिमा स्टाफ नर्स योग्यता भएको नर्सिंग स्टाफ<br>• CTS तालिम लिएको चिकित्सक वा कम्तिमा स्टाफ नर्स योग्यता भएका नर्सिङ् स्टाफ ।<br>• नर्सिङ् क्षेत्रमा कम्तिमा १ वर्षको कार्य गरेको<br>• संयोजकको लागि सिटएस लिएको हुनु पर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | १. स्वास्थ्य कार्यालय, अस्पताल र स्थानीय तहसँग समन्वय गरि चिकित्सकहरुकोसुची निम्न बिषयलाई आधार मानि तयार पार्ने :-<br>▪ सुरक्षित गर्भपतन केन्द्र स्थापना गर्न आवश्यक र ईच्छुक भएको अस्पताल वा स्वास्थ्य संस्था<br>▪ सुरक्षित गर्भपतन केन्द्र सूचीकृतका लागि यस आथीर्क बर्षमा बजेट छुट्याईएको,<br>▪ असुरक्षित गर्भपतन र WRA(Women with Reproductive Age) सख्या धेरै भएको अस्पताल तथा स्वास्थ सस्थामा कार्यरत चिकित्सक ।<br>२. सम्बन्धित तालिम प्रदायक अस्पतालहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय) गर्ने र सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने । |

| | |
|---|---|
| | ३. पहिला तालिम लिईसकेकाहरुलाई तालिममा सहभागी नगराउने ।<br>४. सम्बन्धित अस्पतालहरुसँगको समन्वय, सहजीकरण र सहकार्यमा सुरक्षित गर्भपतन कार्य सञ्चालन र प्रचलित तालिम निर्देशिका वमोजिम ब्याच र सहभागी संख्या निर्धारण गरि तालिम सञ्चालन गर्नुपर्नेछ ।<br>५. तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>६. बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>७. सहभागीले तालिम पश्चात स्वास्थ्य सस्था वा आफु कार्यरत सस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्ने र सो को अनुगमन स्वास्थ्य तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>८. प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुत्त तालिम साईट नभएमा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरि तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | नर्सिङ्ग स्टाफको सुरक्षित गर्भपतन सेवासम्बन्धी ज्ञान, सीप र क्षमता अभिबृद्धि हुन् गई असुरक्षित गर्भपतनबाट हुने जोखिमहरु कम गर्दै मातृ रुग्णता तथा मृत्युदरकम हुने। |
| **अनुगमन र मुल्याङ्कन** | १. मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ ।<br>२. तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |
| **प्रतिवेदन** | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ |

## ६. दक्ष प्रसुतिसेवा तालिम चिकित्सक, नर्स तथा अ.न.मी.लाई

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.४० लाख | पटक | ४ | प्रथम,दोश्रो,तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | सुरक्षित प्रसुति सेवाका लागि दक्ष प्रसुति तालिम प्राप्त चिकित्सक तथा नर्सिङ्ग स्टाफको भुमिका रहन्छ । आमा तथा नवजात शिशु दुवैको ज्यान जोखिमबाट बचाइ मातृ तथा नवशिशु रुग्घणता र मृत्यदरमा कमी ल्याउन नर्सिङ् स्टाफ र चिकित्सकको ज्ञान, सीप र क्षमतामा विकास गर्न यो कार्यक्रमको ब्यवस्था गरिएको हो । |

| | |
|---|---|
| **उदेश्य** | स्वास्थ्य सस्थाहरुमा कार्यरत नर्सिङ् कर्मचारी र चिकित्सकहरुलाई तालिम प्रदान गरी सुरक्षित प्रसुती सेवा प्रवाह गर्न आवश्यक पर्ने ज्ञान, सीप तथा क्षमताको अभिवृद्धि गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| **लक्षित समुह** | चिकित्सक वा नर्सिङ् स्टाफहरु |
| **सहभागी छनौटका आधार** | • विगतमा तालिम नलिएको ।<br>• तालिम लिन इच्छुक हुनु पर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य सस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ ।<br>• एस बि ए तालिमको लागी नर्सिङ् काउन्सिल परिषदमा दर्ता भएको हुनु पर्नेछ ।<br>• ए एस बि ए तालिमको लागीनेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सक हुनु पर्नेछ । |
| **प्रशिक्षक तथा संयोजकको छनौटका आधार** | • एडभान्स एस बि ए तालिम लिएको चिकित्सक वा एसबिए तालिम प्राप्त कम्तिमा कम्तिमा स्टाफ नर्स योग्यता भएको नर्सिंग स्टाफ<br>• CTS तालिम लिएकोकम्तिमा स्टाफ नर्स<br>• नर्सिङ् क्षेत्रमा कम्तिमा १ वर्षको कार्य गरेको<br>• संयोजकको लागि सिटएस लिएको हुनु पर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | १ प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालयतथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने। संस्था र सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने।<br>२ हिमाली र पहाडी जिल्लाका दुर्गम स्वास्थ्य सस्था जहाँ धेरै सेवाग्राही (WRA)को संख्या लाई प्राथमिकतामा राखेर तयारगर्नुपर्नेछ । चिकित्सकलाई सहभागी गराउदा महिला चिकित्सकलाई प्राथमिकता दिनुपर्नेछ ।<br>३ विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने ।<br>४ पहिला तालिम लिईसकेका चिकित्सक तथा नर्सिङ्ग स्टाफलाई तालिममा सहभागी नगराउने ।<br>५ राष्ट्रिय वा प्रदेश तालिम निर्देशिका वाकार्यविधि वा प्रोटोकल वा अन्य Practiceबमोजिमब्याच तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने<br>६ तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>७ बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्न सकिने छ<br>८ सहभागीले तालिम पश्चात स्वास्थ्य सस्था वा आफु कार्यरत सस्थामा गईसके पश्चात १ महिनाभित्र सस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्ने र सो को अनुगमन स्वास्थ्य तालिम केन्द्रले गर्नुपर्नेछ । |

| | |
|---|---|
| | ९ प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरि तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चित स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | चिकित्सक तथा नर्सिङ्ग स्टाफको ज्ञान, सीप र क्षमतामा विकास भई आमा तथा नवजात शिशु दुवैको ज्यान जोखिमबाट बचाइ मातृ तथा नवशिशु रुग्घणता र मृत्यदरमा कमी हुनेछ । |
| **प्रतिवेदन** | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ |

## ७. VIA तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.९ लाख | पटक | ३ | पहिलो दोस्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | विश्वमा नसने रोगहरु तिब्र रुपमा बढिरहेको अवस्था छ। जस मध्ये क्यान्सर पनि प्रमुख नसने रोग मध्ये एक हो। महिलाहरुमा हुने क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर रोगहरु तिव्र रुपमा बढिरहेको अवस्था छ। पाठेघरको मुखको जाँचगरी समयमै रोगको पहिचाहन गरी यसबाट हुने विरामी र मृत्युदर घटाउन,चिकित्सक तथा नर्सिङ कर्मचारीहरुका लागि दक्षता अभिवृद्दी गरी Visual Inspection with Ascetic Acid (VIA) गर्न र प्रोटोकल अनुसार Positive VIA result भएकोलाई Cold Coagulation विधिबाट Single Visit Approach मोडेल अनुसार उपचार गर्नको लागि आवश्यक ज्ञान र सीप (सैद्दान्तिक र क्लिनिकल अभ्यास ) प्रदान गर्न यो तालीम राखिएकोहो। |
| **उद्देश्य** | VIA तालिम सञ्चालन गरि दक्ष सेवा प्रदायक स्वास्थ्यकर्मीहरुले Visual Inspection with Ascetic Acid गर्न र प्रोटोकल अनुसार Positive VIA result भएकोलाई थप उपचारको गर्ने तथा समयमा नै प्रेषण गर्न सक्षम दक्ष सेवा प्रदायक वनाउने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | प्रदेश अन्तर्गतका अस्पतालमा कार्यरत नर्सिङ् कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • कम्तिमा स्टाफ नर्स कोर्ष उतीर्ण गरि नेपाल नर्सिङ् काउन्सिलमा दर्ता गरेको<br>• सहभागी छनौट गर्दा शल्य कक्ष प्रविधि तथा ब्यवस्थापन गर्नको लागि जनशक्तिको आवश्यकता भएको शल्यक्रिया सम्बन्धि कार्य भईरहेको अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |

| | |
|---|---|
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | • CTS तालिम लिएको वा शल्यकक्ष व्यवस्थापन तालिम लिएका चिकित्सक वा नर्सिगं स्टाफ हुनुपर्ने ।<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने ।<br>• संयोजककोलागि सिटएस तालिम लिएको हुनु पर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | • स्थानीय तह मातहतको अस्पताल भएस्थानीय तहसँग समन्वय गरि र प्रदेश तहको अस्पताल / स्वास्थ्य कार्यालय समेतसंग समन्वय गरि अस्पतालको अपरेशन कक्षमा कम्तिमा ३ जना दक्ष जनशक्ति हुने गरि तालिम नलिएका नर्सिङ्ग स्टाफहरुको पहिचान गरि योजना बनाउने ।<br>• पहिला तालिम लिईसकेका नर्सिङ्ग कर्मचारीलाई तालिममा सहभागी नगराउने ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• अपरेसन थियटर व्यवस्थापन OT Management तालिम प्रदायक अस्पतालहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि समन्वय र वार्षिक रुपमा सम्झौता गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा email र फोन (दुवै) मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• बजेटको परिधि भित्ररही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ<br>• अपरेसन थियटर व्यवस्थापन (OT Management) तालिम प्रदायक अस्पतालहरुसँगको समन्वय, सहजीकरण र सहकार्यमा तालिमको लागि छनौट भएका नर्सिङ्ग स्टाफहरुलाई ४५ दिनको तालिम सञ्चालन गर्ने ।<br>• लक्ष्य) :१५ जना देखि २० जना सम्म *३ दिन( |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | सेवाप्रदायक (नर्सिङ्ग स्टाफ) को शल्यक्रिया कक्ष र सेवा व्यवस्थापन सम्बन्धी सीप र दक्षता विकास भई शल्यक्रियाद्वारा हुनेस्वास्थ्य सेवाको गुणस्तर बृद्धिहुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | • स्वास्थ्य जनसंख्या मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरि सहभागीको मूल्याङ्कन गर्न सकिनेछ । |
| **प्रतिवेदन** | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ |

## ८. चिकित्सकहरुको लागि भ्यासेक्टोमी तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.२ लाख | पटक | १ | दोस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **तालिमको संक्षित परिचय** | गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्न चिकित्सकहरुलाई सक्षम बनाउन १२ दिने भ्यासेक्टोमी तालिमको लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो । यसमा दुइ जना सहभागी र दुइ जना प्रशिक्षक हुने छन । |
| **तालिमको उदेश्य** | गुणस्तरीय भ्यासेक्टोमी सेवा प्रदान गर्नको लागि दक्ष सेवा प्रदायक चिकित्सक तयार गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| **लक्षित समुह** | यस प्रदेश वा स्थानिय पालिका अन्तगर्त अस्पतालमा कार्यरत चिकित्सकहरु |
| **सहभागी छनौटका आधार** | • नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सक।<br>• विगतमा भ्यासेक्टोमी तालिम नलिएको ।<br>• परिवार नियोजन सेवा दिन इच्छुक हुनु पर्नेछ ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य सस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा संयोजक छनौटका आधार** | • तालिम लिएको चिकित्सक<br>• क्लिनिकल तालिम साईटको प्रशिक्षक मापदण्ड अनुसार<br>• सम्बन्धि क्षेत्रमा कम्तिमा १ वर्षको कार्य गरेको<br>• संयोजकको लागि सिटएस लिएको हुनु पर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने । संस्था र सहभागी छनौटको अन्य Criteria हरु स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• महिला तालिम लिईसकेका चिकित्सकहरुलाई तालिममा सहभागी नगराउने ।<br>• राष्ट्रिय वा प्रदेश तालिम निर्देशिका वा कार्यविधि वा प्रोटोकल वा अन्य Practice बमोजिम ब्याच तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Email र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीत गर्ने ।<br>• बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात स्वास्थ्य सस्था वा आफु कार्यरत सस्थामा गईसके पश्चात १ महिनाभित्र सस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको अनुभव आदान प्रदानगर्न र सो को अनुगमन स्वास्थ्य तालिम केन्द्रले गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरि तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ ।<br>• लक्ष्यः एक ब्याच २ जना चिकित्सक सहभागी हुने छन तालिम अविधि १२ दिन |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | चिकित्सकको ज्ञान, सीप र क्षमतामा विकास भई भ्यासेक्टोमी कार्य गर्न दक्षता हासिल हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ ।<br>२. तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |
| **प्रतिवेदन** | तालिम सम्पन्न भए पश्चात कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात नियमानुसार पेश्की फर्यौट गरी तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ |

## ९. चिकित्सकहरुका लागी मिनिल्याप तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु. ३ लाख | पटक | १ | प्रथम, दोश्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **तालिमको संक्षित परिचय** | यो क्षमतामा आधारित १२ दिने तालिम चिकित्सक तथा नर्सहरुको लागी परिवार नियोजन सेवा प्रदान गर्न चिकित्सकहरु तथा नर्सिङ स्टाफहरुलाई गुणस्तरीय मिनिल्याप सेवा प्रदान गर्नको लागि दक्ष सेवा प्रदायक उत्पादनको लागी यो तालिम आयोजना गरिएको हो । |
| **तालिमको उदेश्य** | उच्च गुणस्तरीयको मिनिल्याप सेवा प्रदान गर्नको लागि दक्ष सेवा प्रदान गर्नका लागी सक्षम तथा आत्मविश्वासी मिनिल्याप सेवा प्रदायक तयार गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| **लक्षित समुह** | तालिम नलिएका चिकित्सकहरु तथा नर्सिङ स्टाफहरु |
| **सहभागी छनौटका आधार** | • नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सक।<br>• नेपाल नसिङ् काउन्सिलमा दर्ता भएको नर्सिङ् स्टाफ ।<br>• बिगतमा तालिम नलिएको ।<br>• परिवार नियोजन सेवा दिन इच्छुक हुनु पर्ने छ । |
| **प्रशिक्षक तथा संयोजक छनौटका आधार** | • तालिम लिएको चिकित्सक।<br>• क्लिनिकल तालिम साईटको प्रशिक्षक मापदण्ड अनुसार प्रशिक्षक छनौट हुने ।<br>• सम्बन्धि क्षेत्रमा कम्तिमा १ वर्षको कार्य गरेको ।<br>• संयोजकको लागि सिटएस लिएको हुनु पर्ने । |
| **कार्यक्रम सञ्चालन विधि** | • प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरि सहभागी छनौट गरि योजना बनाउने । संस्था र सहभागी छनौटको अन्य Criteria हरु स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• त्यसपछि दुर्गमका स्वास्थ्य सस्था जहाँ धैरै सेवाग्राही (WRA) को संख्या लाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ । चिकित्सकहरुलाई सहभागी गराउदा महिला चिकित्सकलाई प्राथमिकता दिनुपर्नेछ ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा स्वास्थ्य सस्थाहरुको सुची तयार गरि तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने।<br>• पहिला तालिम लिईसकेका चिकित्सक तथा नर्सिङ स्टाफहरुलाई तालिममा सहभागी नगराउने ।<br>• राष्ट्रिय वा प्रदेश तालिम निर्देशिका वा कार्यविधि वा प्रोटोकल वा अन्य Practice बमोजिम ब्याच तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Email र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>• प्रति ब्याच २ जना चिकित्सक र २ जना नर्स साथै तालिम अवधि १२ दिन।<br>• बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्न सकिने छ । |

| | |
|---|---|
| | • सहभागीले तालिम पश्चात स्वास्थ्य सस्था वा आफु कार्यरत सस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको अनुभव आदान प्रदान गर्ने र सो को अनुगमन स्वास्थ्य तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुत्त तालिम साईट नभएमा अन्य प्रदेशको ट्रेनिंङ् साइटसँग समन्वय गरि तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाडफाड गरी तालिम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | चिकित्सक तथा नर्सिङ स्टाफहरुको ज्ञान, सीप र क्षमतामा विकास भई मिनिल्याप कार्य गर्न दक्षता हासिल हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको अनुगमन गर्नेछ ।<br>२. तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रलेसेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मूल्याङ्कन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |
| **प्रतिवेदन** | • कार्यक्रमको जिम्मेवारी पाएको कर्मचारीले वा तालिम संयोजकले अनिवार्य रुपमा तोकिएको ढाँचामा कार्यक्रम सञ्चालन पश्चात तालिम केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ<br>• कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले कार्यकमको संक्षिप्त प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ |

## १०.एडभान्स एफ सि एच भि तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु.१४ लाख | पटक | २ | दोश्रो र तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | प्रदेश भित्र वसोवास गर्ने जनताहरु विशेष गरि महिला तथा बालवालिकाहरुको स्वास्थ्य स्तर उकास्न तथा नयाँ स्वास्थ्य नीति अनुसार गुणस्तरीय स्वास्थ्य सेवाको पहुचँमा बृदि गर्न आधारभुत तालिम लिईसकेका प्रवेशिका परीक्षा उतीर्ण भएका सम्बन्धित स्थानिय तहका महिला स्वास्थ्य स्वयं सेविका हरुलाई एडभान्स महिला स्वास्थ्य स्वयमसेविका तालिमको ब्यवस्था गरिएको हो ।यो मोडुल बेसमा आधारित तालिम हो । यस तालिममा ३ वटा मोडुल हुनेछन् जसमा प्रत्येक मोडुलको अवधी १ महिनाको हुनेछ |
| **उदेश्य** | • महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई एडभान्स महिला स्वास्थ्य स्वयसेविका तालिम प्रदान गरि उनीहरुको ज्ञान तथा सीप विकास गरि आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न सक्षम वनाउन ।<br>• स्वास्थ्य संस्थाको सेवाको पँहुचबाट टाढा रहेका सेवाग्राहीहरुलाई आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र बुटवल |
| **लक्षित समुह** | महिला स्वास्थ्य स्वय सेविकाहरु |
| **सहभागी छनौटका आधार** | • यसप्रदेशका पहाड र तराइ गरि लाई समेट्ने गरि महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई समावेश गर्नु पर्दछ । |

| | |
|---|---|
## ३४.लुम्विनी प्रादेशिक अस्पतालमा ट्रेडमिल टेस्ट मेशिन खरिद

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु ३० लाख | अस्पताल | १ | प्रथम, दोश्रो, तेश्रो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | अस्पतालमा आउने बिरामीहरुको मुटुको अवस्था, मुटुको रोग भए/नभएको पत्ता लगाई निदान तथा उपचारमा सहयोग पुर्याउने उदेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | अस्पतालमा मुटु रोगको उपचार सेवा लिन आउने बिरामीहरुलाई अत्याधुनिक उपकरणहरुको प्रयोग गरी सेवा प्रदान गर्ने। |
| प्रतिफल | सम्बन्धित रोगहरुको पहिचान, उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम संचालित गर्ने निकाय | लुम्बिनी प्रादेशिक अस्पताल। |
| कार्यक्रम सञ्चालन विधि | • बायोमेडिकल इन्जिनियरबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• मेशिनको जडान तथा तालिम सञ्चालन गर्ने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection को आधारमा दाखिला गर्ने ।<br>• प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने । |
| लक्षित समूह | प्रदेश भित्रका आम नागरिक सेवा लिने र दिने । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कन | स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य मन्त्रालयबाट अनुगमन गरीनेछ। |

## ३५. लुम्विनी प्रादेशिक अस्पतालमा क्याथ ल्याव सञ्चालनका लागि आवश्यक थप उपकरण खरिद

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु ६० लाख | अस्पताल | १ | प्रथम, दोश्रो, तेश्रो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | अस्पतालमा आउने बिरामीहरुको मुटुको विशेष जाँच (क्याथ ल्याब) सेवालाई निरन्तरता तथा सदृढिकरण गर्नका लागि थप उपकरणहरु खरिद गर्न आवश्यक भएकोले यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | अस्पतालमा मुटु रोगको उपचार सेवा लिन आउने बिरामीहरुलाई अत्याधुनिक क्याथ ल्याब सेवा प्रदान गर्ने। |
| प्रतिफल | सम्बन्धित रोगहरुको पहिचान, उपचार तथा व्यवस्थापन गर्न सहज हुने । |
| कार्यक्रम संचालित गर्ने निकाय | लुम्बिनी प्रादेशिक अस्पताल। |
| कार्यक्रम सञ्चालन विधि | • बायोमेडिकल इन्जिनियरबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• मेशिनको जडान तथा तालिम सञ्चालन गर्ने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection को आधारमा दाखिला गर्ने।<br>• प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने |
| लक्षित समूह | प्रदेश भित्रका आम नागरिक सेवा लिने र दिने । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कन | स्पेशिफिकेशन बिड डकुमेन्ट<br>सम्झौता<br>आपूर्ति एवं दाखिला |

## ३६. भिम अस्पतालको लागि Mortuary Freeze

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु १० लाख | अस्पताल | १ | प्रथम, दोश्रो, तेश्रो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | अस्पतालमा मृत शरिर तथा मृत कोष र तन्तुहरुको सुरक्षित भण्डारण गर्न सहयोग पुर्याउने उदेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | अस्पतालमा मृत शरिर तथा मृत कोष र तन्तुहरुको सुरक्षित भण्डारण हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालमा मृत शरिर तथा मृत कोष र तन्तुहरुको सुरक्षित भण्डारण भई मृत शरिरको अध्ययन तथा फरेन्सिक सेवामा सहयोग पुग्ने। |
| कार्यक्रम संचालित गर्ने निकाय | भीम अस्पताल, भैरहवा। |
| कार्यक्रम सञ्चालन विधि | • बायोमेडिकल इन्जिनियरबाट कम्तिमा २ मृतक राख्न सक्ने च्याम्वर भएको स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार दररेट माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• मेशिनको जडान तथा तालिम सञ्चालन गर्ने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment Inspection को आधारमा दाखिला गर्ने।<br>• प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने |
| लक्षित समूह | प्रदेश भित्रका आम नागरिक सेवा लिने र दिने । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कन | स्पेशिफिकेशन बिड डकुमेन्ट<br>सम्झौता<br>आपूर्ति एवं दाखिला |

## ३७. भिम अस्पतालको नंया भवनबाट सेवा सञ्चालनका लागि आवश्यक औजार उपकरण खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु २० लाख | वटा | १ | दोश्रो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | भिम अस्पतालको नयाँ भवनको निर्माणको कार्य सम्पन्न भएको अवस्थामा नयाँ भवनबाट सेवा सुचारु गर्नका लागि बहिरंग तथा अन्तरंग सेवा विस्तारका लागि आवश्यक औजार उपकरणहरुको खरिद गर्नुपर्ने भएकोले ती औजार उपकरणहरुको खरिदका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | अस्पतालको नयाँ भवनबाट स्वास्थ्य सेवा सुचारु गर्ने। |
| प्रतिफल | अस्पतालबाट प्रवाह हुने सेवामा सहजता भई सेवा लिन आउनेहरुको संख्यामा बृद्दि हुनेछ। |
| खर्च क्षेत्र | वहिरंग तथा अन्तरंग सेवा संचालनका लागि आवश्यक औजार उपकरण (न्यूनतम सेवा मापदण्ड बमोजिमका) खरिद, कक्ष ब्यबस्थापन |
| कार्यक्रम संचालित गर्ने निकाय | भिम अस्पताल । |
| कार्यक्रम सञ्चालन विधि | • बहिरंग र अन्तरंग सेवा संचालनका लागि आवश्यक औजार उपकरण र कक्ष व्यबस्थापनका लागि (न्यूनतम सेवा मापदण्ड बमोजिमका) लागत तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । |
| लक्षित समूह | अस्पतालमा सेवा लिन आउने बिरामिहरु। |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ३८.रामपुर अस्पतालको लागि थाईराईड परीक्षण मेसिन खरिद

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु २५ लाख | अस्पताल | १ | प्रथम |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | हाल नेपालमा नसर्ने रोगहरु बढ्दै गईरहेको अबस्थामा थाईराइड सम्बन्धि रोगहरुको समस्या पनि बढ्दै गईरहेको देखिन्छ,अस्पताल बाटै थाईराईड सम्बन्धि रोगहरुको पहिचान गर्न मेसिन खरिद गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | थाईराइड रोग सम्बन्धि रोगहरुको जाचँ गर्न। |
| प्रतिफल | अस्पतालबाट नियमित र गुणस्तरिय ल्याब जाचँ सुरु हुनेछ। |
| कार्यक्रम संचालित गर्ने निकाय | रामपुर अस्पताल, पाल्पा। |
| सञ्चालन विधि | • बायोमेडिकल इन्जिनियरबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने |
| लक्षित समूह | प्रदेश भित्रका आम नागरिक । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कनका सूचकहरु | स्पेशिफिकेशन बिड डकुमेन्ट<br>सम्झौता<br>आपूर्ति एवं दाखिला |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ३९. राप्ती प्रादेशिक अस्पतालको नया तला थपमा तथा पेडियाट्रिक व्लकमा सेवा विस्तार गर्न औजार उपकरण

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु १ करोड | बटा | १ | प्रथम, दोश्रो, तेश्रो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | राप्ति प्रादेशिक अस्पतालमा निर्माण सम्पन्न भएको भवन मा पेडियाट्रिक सेवा संचालनार्थ आवश्यक पर्ने जनशक्ती तथा औजार उपकरणको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | अस्पतालबाट पेडियाट्रिक सेवा सञ्चालन हुनेछ। |
| प्रतिफल | अस्पतालको SNCU,NICU र पेडियाट्रिक वार्डको सेवा सुरु हुनेछ। |
| कार्यक्रम संचालित गर्ने निकाय | राप्ती प्रादेशिक अस्पताल। |
| सञ्चालन विधि | • औजार उपकरण खरिदको लागि अस्पताल व्यवस्थापन समिति सँग समन्वयमा आवश्यक सूची तयार गर्ने।<br>• बायोमेडिकल इन्जिनियरबाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• सेवा विस्तारमा आवश्यक पर्ने जनशक्ती को सूची तयार गरि करारमा जनशक्ति व्यवस्थापन गर्ने।<br>• प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने । |
| लक्षित समूह | विरामी शिशु । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कनका सूचकहरु | स्पेशिफिकेशन बिड डकुमेन्ट<br>सम्झौता<br>आपूर्ति एवं दाखिला |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

### ४०. राप्ती प्रादेशिक अस्पतालका लागि विशेषज्ञ शल्य चिकित्सा सेवा विस्तारका लागि Moduler OT setup समेत

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ४ करोड ५० लाख | अस्पताल | १ | प्रथम,दोश्रो,तेश्रो, चौथो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | अपरेसन थिएटरको स्तरोन्नति गर्दै शल्यक्रिया सेवालाई थप सुरक्षित गर्ने र धेरै भन्दा धेरै बिरामीहरुले सेवा लिन सक्ने गरी अस्पतालहरुमा Modular OT सहितको विशेषज्ञ शल्य चिकित्सा सेवा प्रदान गर्ने उदेश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्यः | • अपरेसन थिएटरको व्यवस्थापन गर्नु ।<br>• अपरेसन थिएटरलाई आधुनिक बनाउनु।<br>• शल्यक्रियालाई छिटो छरितो र सुरक्षित बनाउनु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | • राप्ती प्रादेशिक अस्पताल तुलसीपुर दाङ। |
| खर्च क्षेत्र | Modular OT Set Up खरिद। |
| लक्षित समुह | शल्यक्रिया सेवा लिने सम्पूर्ण बिरामीहरुलाई। |
| कार्यक्रम सञ्चालन विधि | • औजार उपकरण खरिदको लागि आवश्यक सूची तयार गर्ने।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा लागत तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कन सूचकहरु | स्पेशिफिकेशन बिड डकुमेन्ट<br>सम्झौता<br>जडान तथा सञ्चालन<br>आपूर्ति एवं दाखिला प्रतिवेदन |
| अपेक्षित उपलब्धी | सरकारी अस्पतालबाट शल्यक्रिया सेवा लिने बिरामीको संख्या बढ्ने तथा शल्यक्रिया सेवा सुरक्षित तथा छिटो-छरितो हुने। |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |

## ४१.रोल्पा अस्पतालको लागि ट्रान्सफर्मर खरिद जडान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु १८ लाख | अस्पताल | १ | प्रथम |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | रोल्पा अस्पतालमा विद्युत प्रवाहलाई सहज बनाउन ट्रान्सफर्मर जडान आवश्यक भएकोले यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | ट्रान्सफर्मर जडान गरी विद्युत प्रवाहलाई सहज बनाउने। |
| अपेक्षित प्रतिफल | सहज रुपमा आवश्यक मात्राको भोल्टेज प्रवाह भएको हुने। |
| कार्यक्रम संचालित गर्ने निकाय | रोल्पा अस्पताल, रेउघा। |
| कार्यक्रम सञ्चालन विधि | • इलेक्ट्रिकल इन्जिनियरसँग स्पेशिफिकेशन तयार गर्ने ।<br>• स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा लागत अनुमान तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने |
| लक्षित समूह | अस्पतालमा सेवा लिन आउने बिरामीहरु । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कनका सूचकहरु | • स्पेशिफिकेशन बिड डकुमेन्ट<br>• सम्झौता<br>• जडान तथा सञ्चालन<br>• आपूर्ति एवं दाखिला प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ४२.बर्दिया अस्पतालको लागि न्यूनतम १२५KVA जेनेरेटर

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु २५ लाख | वटा | १ | प्रथम, दोस्रो |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | बर्दिया अस्पतालमा जेनेरेटर जडान गरी बिद्युत ब्याक-अप को व्यवस्था गरी लोडसेडिङको समयमा पनि विद्युत आवश्यक पर्ने जुनसुकै सेवालाई पनि प्रभावित हुन नदिने उदेश्यका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | जेनेरेटर जडान गरी २४ सै घण्टा विद्युत प्रवाहलाई सहज बनाउने। |
| अपेक्षित प्रतिफल | विद्युत आवश्यक पर्ने जुनसुकै सेवा पनि २४ सै घण्टा तथा लोडसेडिङको समयमा समेत प्रवाह भएको हुनेछ। |
| कार्यक्रम संचालित गर्ने निकाय | बर्दिया अस्पताल गुलरिया। |
| कार्यक्रम सञ्चालन विधि | • प्राविधिकबाट स्पेशिफिकेशन तयार गर्ने ।<br>• स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार दररेट माग गर्ने ।<br>• लागत अनुमान तयार गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• प्राविधिकको नाँप जाँच प्रतिवेदन र बील भर्पाईका आधारमा भुक्तानी गर्ने |
| लक्षित समूह | अस्पतालमा सेवा लिन आउने बिरामीहरु । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कनका सूचकहरु | • स्पेशिफिकेशन बिड डकुमेन्ट<br>• सम्झौता<br>• जडान तथा सञ्चालन<br>• आपूर्ति एवं दाखिला प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

## ४३.पृथ्विचन्द्र अस्पतालको पर्खाल निर्माण

| खर्च शीर्षक नं. | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| ३११६१ | रु ३० लाख | अस्पताल | १ | प्रथम |

| उप शिर्षक | विवरण |
|---|---|
| परिचय | पृथ्वी-चन्द्र अस्पतालमा अस्पताल परिसर वरिपरि पर्खाल नभएको अवस्थामा पर्खाल निर्माण गरी अस्पतालको सुरक्षाको व्यवस्थापन गर्ने उदेश्यले यो कार्यकर्मको व्यवस्था गरिएको हो। |
| उद्देश्य | पृथ्वी-चन्द्र अस्पतालमा अस्पताल परिसर वरिपरि पर्खाल निर्माण गर्ने। |
| अपेक्षित प्रतिफल | पर्खाल निर्माण भएको हुनेछ। |
| कार्यक्रम संचालित गर्ने निकाय | पृथ्वी-चन्द्र अस्पताल, रामग्राम नवलपरासी। |
| कार्यक्रम सञ्चालन विधि | • प्राविधिकबाट लागत योजना तयार बनाउने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार निर्माण प्रक्रिया अगाडि बढाउने। |
| लक्षित समूह | अस्पताल र सम्पूर्ण सेवाग्राहीहरु । |
| बजेट बाडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र खर्च गर्नु पर्नेछ। |
| अनुगमन तथा मूल्याङ्कनका सूचकहरु | • स्वीकृत लागत ईष्टिमेट<br>• सम्झौता<br>• निर्माण सम्पन्न बील भर्पाई र प्रतिवेदन |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। |

# स्वास्थ्य कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु

## १. ८० बर्ष पुगेका जेष्ठ नागरिक तथा अतिअशक्त (क र ख)वर्गहरुलाई स्थानिय तहसंगको सहकार्यमा घरमै स्वास्थ्य सेवा कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.१ करोड ९९ लाख | पटक | १२ | प्रथम, दोश्रो, तेश्रो र चौथो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | बिभिन्न कारणले अस्पतालमा गई स्वास्थ्य सेवा लिन कठिनाईमा परेका जेष्ठ नागरिकहरु तथा क र ख वर्गका अपांगता भएका व्यक्तिहरुका स्वास्थ्य अवस्था सुधार गर्ने र उनीहरुको मनोबल बढाउनका लागि प्रदेश सरकारले ८० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु मार्फत घरघरमा गएर आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ। |
| **उद्देश्य** | प्रदेश भित्र वसोवास गर्ने ८० वर्ष पुगेका सवै जेष्ठ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा प्रदान गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | स्वास्थ्यकर्मी परिचालन, अत्यावश्यक औषधि, उपकरण तथा तथा सामाग्री व्यवस्थापन, अनुगमन लगायत |
| **लक्षित समुह** | प्रदेशभित्र बसोबास गर्ने ८० वर्ष भन्दा माथिका जेष्ठ नागरिक तथा क र ख वर्गका अपांगता भएका व्यक्तिहरु । |
| **कार्यक्रम सञ्चालन विधि** | • जिल्ला भित्र रहेका ८० वर्ष पुगेका सवै जेष्ठ नागरीकहरु जेष्ठ नागरिकहरु तथा क र ख वर्गका अपांगता भएका व्यक्तिहरुको सूची तयार गर्ने ।<br>• तयार गरिएको सूचीको आधारमा सम्बन्धित वस्तीमा स्थानीय तहसँग समन्वय गरी दक्ष स्वास्थ्यकर्मिहरुबाट स्वास्थ्य जाँच एवं परामर्श सेवा सञ्चालन गर्ने।<br>• जटिल प्रकृतिका विरामीहरुको उपचारका लागि सम्बन्धित अस्पतालहरुमा प्रेषण गर्ने यस मार्गदर्शनमा उल्लेखित विधिका अलवा अन्य विधि तथा प्रकृया मन्त्रालयले यस सम्वन्धमा जारी गरेको *८४ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाइ घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका २०७६ (संशोधन समेत)* बमोजिम हुनेछ ।<br>• स्वास्थ्य निर्देशनालयबाट उपलब्ध गराइएको सूचना प्रणालिमा मासिक रुपमा प्रतिबेदन गर्नुपर्नेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | प्रदेशका ८० वर्षमाथिका जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ |
| **अनुगमन र मुल्याङ्कनका सुचक** | • सेवाग्राहिको सूची तथा कार्यक्रमको कार्य योजना<br>• सेवाबाट लाभान्वित ८० वर्षमाथिका जेष्ठ नागरिकहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात मासिक रुपमा सेवा दिएको सेवाको विवरण स्वास्थ्य निर्देशनालय मा पेश गर्नु पर्नेछ । |

## २. स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम प्रकाशन, प्रशारण तथा सञ्चालन(रेडियो, टि.भि, पत्रपत्रिका आदि)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु.१२ लाख | पटक | १२ | प्रथम, दोश्रो, तेश्रो, चौथौ |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | समुदायमा स्वास्थ्य सम्बन्धी ज्ञान, सीप र चेतनालाई अभिबृद्धि गर्न, उपयुक्त र स्वस्थ्यकर व्यवहार अपनाउन लक्षित वर्गहरुको ज्ञान, धारणा तथा व्यवहारमा सकारात्मक परिवर्तन गरी स्वस्थ जीवन यापन गर्ने बानीको विकास गर्न यो कार्यक्रमको ब्यबस्था गरिएको छ । |
| **उद्देश्य** | • समुदायका नागरीकहरुको सर्ने तथा नसर्ने रोगकोहरुको कारण जोखिमका तत्वहरु र रोग लाग्नबाट बच्ने उपायहरुका वारेमा ज्ञान सीप धारणामा तथा ब्यक्तिगत तथा सामुदायिक ब्यबहारमा सकारात्मक परिवर्तन ल्याउनु |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | फ्लेक्स निर्माण, पम्प्लेट /पोष्टर /ब्रोसर छपाइ, स्थानिय पत्रपत्रिका, एफ एम, होडिङ बोर्ड टेलिभिजन,आम संचार माध्यमबाट सन्देश प्रकाशन र प्रशारण |
| **लक्षित समूह** | आम जनसमुदाय |
| **कार्यक्रम सञ्चालन विधि** | • जिल्लामा देखिएका प्रमुख स्वास्थ्य समस्याको सूची तयार गरी कार्य योजना अनुसार आवधिक रुपमा प्रकाशन तथा प्रशारण गर्ने<br>• मानिसहरुको आवत जावत हुने स्थानमा होर्डिङ्ग बोर्ड राख्ने<br>• पत्रपत्रिकामा सन्देश प्रकाशन गर्दा स्पष्ट तथा सम्भव भएसम्म रङ्गिन छपाई गर्ने<br>• टेलिभिजन तथा एफ एम रेडियोको माध्यमबाट दिईने सन्देश स्थानिय भाषामा सबैले बुझ्नेगरी प्रकाशन तथा प्रशारण गर्ने।<br>• सरोकारवालाहरुसँग जनस्वास्थ्यसँग सम्बन्धित अन्तरक्रिया सञ्चालन गर्ने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | आम समुदायका नागरिकहरुको सर्ने तथा नसर्ने रोगहरुको कारण,जोखिमका तत्वहरु र रोग लाग्नबाट बच्ने उपायहरुका वारेमा ज्ञान सीप धारणामा तथा ब्यबहारमा सकारात्मक परिवर्तन हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | प्रकाशन तथा प्रसारण भएका स्वास्थ्य कार्यक्रमको विवरण |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा पेश गर्नु पर्नेछ । |

## ३. महामारीको समयमा RRT Team अभिमुखिकरण तथा परिचालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २९ लाख | जिल्ला | १२ | निरन्तर |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचयः** | प्रकोप तथा महामारीहरुको समयमा नै प्रतिकार्य र व्यवस्थापनका साथै नियन्त्रण गरी महामारी फैलिनबाट रोक्न समुदायस्तरमा द्रुत प्रतिकार्य टोली परिचालन गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| **उद्देश्य** | प्रकोप तथा महामारीमा द्रुत प्रतिकार्य टोली परिचालन हुने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता, यातायात खर्च, बैठक तथा गोष्ठि, प्रशिक्षण, टोलि परिचालन तथा व्यवस्थापन खर्च |
| **लक्षित समूह** | महामारी भएका स्थानिय तहका ब्यक्तिहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • जिल्ला तथा पालिका तहमा द्रुत प्रतिकार्य टोलीले गठन तथा पुनः गठन गर्ने<br>• जिल्ला तथा पालिका तहमा द्रुत प्रतिकार्य टोलीलाई अभिमुखिकरण सञ्चालन र पूर्व तयारी बैठक गर्ने<br>• सम्भावित महामारी तथा प्रकोपजन्य रोगको नियमित निगरानी प्रणाली स्थापना गर्ने<br>• सम्भावित महामारीको जोखिम कम गर्न आवश्यकता अनुसार प्रतिकार्यका लागि स्थानीय तहको द्रुत प्रतिकार्य टोली परिचालन गर्ने<br>• प्रकोप तथा महामारी नियन्त्रणका लागि अत्यावश्यक औषधी ब्यवस्थापन गर्ने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने |
| **अपेक्षित उपलब्धी** | प्रकोप तथा महामारीमा समयमै प्रतिकार्य हुने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | बैठक तथा गोष्ठि अभिमुखिकरण सञ्चालन संख्या, प्रतिकार्य सञ्चालन गरिएको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ४. मुस्लिम तथा अल्पसंख्यक समुदायमा खुसहाल परिवार कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १९ लाख | जिल्ला | ६ | प्रथम, दोश्रो, तेश्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | प्रदेशका पिछडिएका समुदायका महिला तथा वालबालिकाको स्वास्थ्य अवस्थामा सुधार ल्याउन उचित परिवार योजना आवश्यक रहेकोले त्यस्ता समुदायको पहिचान गर्ने र परिवार योजनाका साधनहरुको प्रयोग दरमा वृद्धि गराई ती समुदायका महिला र वालबालिकाको स्वास्थ्य स्थितीमा सुधार गर्न यो कार्यक्रमको व्यबस्था गरिएको हो । |
| **उद्देश्यः** | पिछडिएको समुदायमा परिवार योजनाका साधनको प्रयोगदरमा वृद्धि गरी महिला र वालबालिकाको स्वास्थ्य स्थितीमा सुधार ल्याउने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | कपिलवस्तु, बाँके, बर्दिया, दाङ, रुपन्देही र नवलपरासी (व. सु. प.) स्वास्थ्य कार्यालयहरु। |
| **खर्च क्षेत्र** | अभिमुखिकरण, अन्तरक्रिया तथा जनचेतनामुलक कार्यक्रम |
| **लक्षित समूह** | पिछडिएको समुदाय, मुस्लिम तथा अल्पसंख्यक |
| **कार्यक्रम सञ्चालन विधि** | • जिल्लाका पिछडिएको तथा परिवार योजना प्रयोगदर कम भएको समुदायको पहिचान गर्ने ।<br>• ती समुदायको अगुवा, स्थानीय जनप्रतिनीधि तथा म. स्वा. से. लगायतका सरोकारवालाहरुसँग अन्तरक्रिया गर्ने र परिवार योजना प्रयोगदरमा कमि हुनका कारण पत्ता लगाई समाधानका लागि स्थानीय तहसँग समन्वय गर्ने ।<br>• समुदायमा परिवार योजना प्रयोगदरमा वृद्धि गर्न स्थानीय भाषामा तयार गरिएका सुचना तथा सञ्चार सामाग्रीको प्रयोगबाट ती समुदायको अगुवालाई परिचालन गरी लक्षित सेवाग्राहीहरुलाई अभिमुखिकरण, जनचेतनामुलक कार्यक्रम गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | पिछडिएका समुदायको महिला तथा बालबालिकाको स्वास्थ्य स्थितीमा सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | अभिमुखिकरणको तथा अन्तरक्रिया योजनाको सूची<br>स्थानीय भाषामा तयार गरिएका सुचना तथा सञ्चार सामाग्रीहरुको सूची |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ५. जिल्ला अन्तर्गत खानेपानीको गुणस्तर जाँच तथा निगरानी कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २५ लाख | जिल्ला | १२ | प्रथम, दोश्रो, तेश्रो |

| | |
|---|---|
| कार्यक्रमको परिचय | विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार नेपालमा ८५ प्रतिशत मानिसहरुले दुषित पानीको प्रयोग गर्दै आएका छन । दैनिक जीवनमा प्रयोग हुने पानीलाई सुरक्षित राख्न सकेमा मात्र मानव स्वास्थ्यमा हुने पानीजन्य रोगहरुको संक्रमणमा कमी ल्याउन सकिन्छ । मुहान देखि उपभोक्ताको मुखसम्म निरन्तर रुपमा खानेपानीलाई प्रदुषणमुक्त राख्न पानिजन्य रोगहरुको नियमित सर्भिलेन्स गर्न र खानेपानी गुणस्तर नियमित निगरानी गर्नको लागी गत आ .व .देखि खानेपानी गुणस्तर जाँच तथा निगरानी कार्यक्रमको शुरुवात गरीएको छ। खानेपानी सुरक्षा योजना लागू भएका आयोजनाहरुको लेखाजोखा ,अनुगमन र प्रमाणिकरण गर्न,नियमित सर्भिलेन्स गर्न र खा पा सु यो लागु नभएका आयोजनाहरुमा सुरक्षा योजना लागू गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | पानीजन्य रोगवाट हुने सम्भावित महामारीको जोखिम न्यूनिकरण गर्ने । |
| लक्षित समुह | लुम्बिनी प्रदेशका आम नागरीक |
| खर्च क्षेत्र | खानेपानी सुरक्षा योजना लागु भएका तथा लागु गराउने योजनाका टोली वा समिती संग बैठक खानेपानी परीक्षण गर्ने उपकरण मर्मत तथा खानेपानी परीक्षण । यस शिर्षकमा छुट्टाइएको बजेटबाट गाडि भाडामा लिई परीक्षण गर्न पाइने छैन । |
| कार्यक्रम संचालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु |
| कार्यक्रम संचालन विधि | • खानेपानी सुरक्षा योजना टोलि तथा उपभोक्ता समिती संग बैठक संचालन गर्ने ।<br>• खानेपानी स्रोतको म्यापिङ्ग गर्ने ।<br>• खानेपानी सुरक्षा योजना लागु भएका आयोजनाहरुको स्रोत ,रिजरभायर तथा उपभोक्ताको घरमा खानेपानी परीक्षण गर्ने अन्तिम धाराको FRC परिक्षण गर्ने र क्लोरिन नदेखिएमा समितीलाई जानकारी गराउने ।<br>• उपभोक्ता सन्तुष्ठी पहिचान गर्ने र स्वास्थ्य संस्थावाट विगत ३ महिनामा पानीजन्य रोगहरुको अवस्थाको विवरण लिने ।<br>• खानेपानी सुरक्षा योजना लागु नभएका आयोजनामा मुहान र उपभोक्ताको पानी परीक्षण गरी उपभोक्ता तथा समितीका पदाधिकारी संग बैठक गरी प्रतिवेदन पेश गर्ने र खा पा सु यो लागु गराउन सहयोग गर्ने ।<br>• जिल्लामा विभिन्न समयमा पानी जन्य रोगहरु फैलिएमा सो स्थानमा खानेपानी परीक्षण गर्ने ।<br>• सम्भावित जोखिमको नियमित निगरानी गर्ने । |

| | |
|---|---|
| | • जिल्ला भित्रका विभिन्न खानेपानी आयोजना स्वास्थ्य संस्था तथा आवस्यकता अनुसार समुदायमा ६-६ महिनामा पानी परीक्षण गरी सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्ने ।<br>• पानीको जाँचको लागी मेसिन मर्मत तथा आवस्यक रिएजेन्टको व्यवस्था गर्ने ।<br>• जिल्ला स्तरीय सरोकारवालाहरुको बैठक समिक्षा तथा नतिजा सार्वजनिकिकरण गर्ने ।<br>• यस कार्यक्रमको अभिलेखिकरणका लागि अनूसूचि १ मा राखिएको ढाचाँमा अभिलेख राख्ने । |
| अपेक्षित प्रतिफल | सम्पुर्ण जिल्लाहरुमा खानेपानी सुरक्षा योजना संचालन भइ पानीजन्य रोगहरुमा कमी हुने |

## ६. सिकेलसेल तथा थालसेमियाको स्क्रिनिङ तथा प्रेषण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३० लाख | जिल्ला | ६ | निरन्तर |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | तराईका जिल्लाहरुमा विशेष गरी थारु समुदायमा प्रमुख स्वास्थ्य समस्याको रुपमा रहेको सिकलसेल तथा थालसेमिया रोगको समयमा नै स्क्रिनिङ गरी रोग पत्ता लगाउन र आश्यकता अनुसार प्रेषण गरी यो रोगको निदान गर्नका साथै पत्ता लागेका विरामीहरुको उचित परामर्श र उपचारको व्यवस्था गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| **उद्देश्य** | रोगको समयमा नै स्क्रिनिङ गरी रोग पत्ता लगाउने र आश्यकता अनुसार प्रेषण गरी उपचार गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्लाका स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | स्क्रनिङको लागि आवश्यक सामग्री व्यवस्थापन, जनशक्ति परिचालन, प्रचार प्रसार र अनुगमन |
| **लक्षित समूह** | तराईका ६ जिल्लाका सम्भावित जोखिममा परेका समुदाय |
| **कार्यक्रम सञ्चालन विधि** | • जोखिममा परेका सम्भावित समुदायको जनसंख्या अनुमान गर्ने<br>• स्क्रिनिङका लागि आवश्यक जनशक्ती तथा उपकरणको व्यबस्था गर्ने<br>• प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको सहजिकरणमा मन्त्रालयले जारी गरेको सिकेलसेल स्क्रिनिङ कार्यविधि बमोजिम स्क्रिनिङ गर्ने ।<br>• स्क्रिनिङका क्याम्प सञ्चालन गर्ने र जनचेतनामुलक कृयाकलापहरु सञ्चालन गर्ने<br>• सिकेलसेल तथा थालसेमिया विरामीहरुको अभिलेखिकरण तयार गरी अध्यावधिक गर्दै जाने ।<br>• रोगको निदान तथा उपचारका लागि सम्बन्धित अस्पतालहरुमा प्रेषण गर्ने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | रोगको समयमा नै स्क्रिनिङ भई रोग पत्ता लाग्ने र समयमा नै उपचार हुने<br>जनचेतनामा अभिबृद्धि हुने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | स्क्रिनिङ संख्या<br>प्रेषण गरिएका सेवाग्राहीको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ७. ४० वर्ष भन्दा माथिको लागि नसर्ने रोग (सुगर,प्रेसर र मृगौला रोग) स्क्रिनिङ कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३५ लाख | जिल्ला | १२ | दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | प्रदेशमा बढ्दो क्रममा रहेको उच्च रक्तचाप, मधुमेह र मृगौला सम्वन्धि समस्याले स्वास्थ्यमा पर्ने थप जटिलता, रुग्नता र मृत्युलाइ रोकथाम नियन्त्रण र ब्वयस्थापन गर्न ४० बर्ष माथिको उमेर समुहमा उच्च रक्तचाप, मधुमेह र मृगौला सम्वन्धि रोगको अवस्था पत्ता लगाइ उनीहरुको स्वास्थ्य स्थितीमा सुधार ल्याउन यो कार्यक्रमको ब्यवस्था गरिएको छ । |
| **उद्देश्य** | उच्च रक्तचाप, मधुमेह र मृगौला सम्वन्धि समस्याले स्वास्थ्यमा पर्ने थप जटिलता, रुग्णताऽ अल्पायुमा हुने मृत्यु रोकथाम तथा नियन्त्रण गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | स्क्रनिङको लागि आवश्यक सामग्री व्यवस्थापन, जनशक्ति परिचालन, प्रचार प्रसार र अनुगमन |
| **लक्षित समूह** | ४० बर्ष भन्दा माथि उमेर समुहका ब्यक्तिहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • जिल्ला भित्र रहेका संभावित वस्तीहरुको पहिचान गरी लक्षित समुहको सूची तयार गर्ने ।<br>• तयार गरिएको सूचीको आधारमा सम्बन्धित वस्तीमा स्थानीय तहको समन्वयमा प्रयोगशाला सामाग्री सहितको दक्ष प्रयोगशालाकर्मी र स्वास्थ्य कर्मिहरुबाट स्क्रिनीङ कार्यक्रम सञ्चालन गर्ने।<br>• स्क्रिनीङ कार्यक्रमसँगै नसर्ने रोगहरु समेतको रोकथाम तथा नियन्त्रण सम्वन्धी परामर्श तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने<br>• स्क्रिनीङबाट भेटिएका विरामीहरुको उपचारका लागि सम्बन्धित अस्पतालहरुमा प्रेषण गर्ने ।<br>यस मार्गदर्शनमा उल्लेखित विधिका अलवा अन्य विधि तथा प्रकृया मन्त्रालयले यस सम्वन्धमा जारी गरेको *२० वर्ष माथिको उमेर समुहमा मधुमेह तथा उच्च रक्तचापको स्क्रिनिङ कार्यक्रम सञ्चालन कार्यविधि, २०७८* बमोजिम हुनेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ |
| **अपेक्षित उपलब्धी** | नसर्ने रोगको समयमा नै स्क्रिनिङ भइ रोग पत्ता लाग्ने र समयमा नै उपचार प्राप्त हुने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • कार्यक्रमको कार्य योजना<br>• सञ्चालन भएका स्क्रिनिङ क्याम्प संख्या<br>• सेवाबाट लाभान्वित ४० वर्षमाथिका ब्यक्तिहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ८. सामुदायिक विद्यालयका किशोर किशोरीहरुको रक्तअल्पता परीक्षण तथा व्यवस्थापन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ करोड ४ लाख | जिल्ला | १२ | प्रथम, दोश्रो तेश्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | प्रदेश भित्रका विद्यालयहरुका किशोर किशोरीहरुको रक्तअल्पता परीक्षण गरी उनीहरुको रक्तअल्पताको अवस्था पत्ता लगाउने र त्यसको उचित ब्यवस्थापन गरी उनीहरुको स्वास्थ्य अवस्थामा सुधार गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | विद्यालयका किशोरीहरुको रक्तअल्पता परीक्षण तथा व्यबस्थापन गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | • रक्त अल्पता परीक्षण लागि आवश्यक सामग्री व्यवस्थापन, जनशक्ति परिचालन तथा अनुगमन |
| **लक्षित समूह** | विद्यालयका किशोरीहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • स्थानीय तहका स्वास्थ्य शाखा र शिक्षा शाखाको सहयोगमा जिल्लाको सवै सामुदायिक तथा निजी विद्यालयहरुको लगत तयार गर्ने ।<br>• कार्यक्रम संचालन गर्न पूर्व तयारीका लागि स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुख, शिक्षा शाखाका प्रमुख, जिल्लामा रहेका किशोर किशोरी कार्यक्रममा संलग्न गैर सरकारी संघ संस्थाहरुको सहभागितामा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>• बजेटको परिधि भित्र रही हरेक स्थानीय तहको कम्तिमा २ सरकारी विद्यालय पर्ने गरी अधिक्तम विद्यालयहरुका किशोरीहरुको रक्त नमूना परीक्षण गर्ने ।<br>• रक्त नमूनाका लागि आवश्यक्ता अनुसार प्रयोगशाला सामाग्री (non- invasive वा क्लोरीमिटर, टेस्ट ट्यूव तथा रिएजेन्ट आदी) सामाग्री खरिद गर्ने ।<br>• छनौटमा परेका विद्यालयका कक्षा ६ देखि १२ सम्म अध्ययनरत किशोरीहरुको रक्त परीक्षणका साथ साथै उचाई र तौल लिने ।<br>• विद्यालयमा रक्त परीक्षणमा कम्तिमा १ जना स्थानीय तहका प्रयोगशाला कर्मी, अभिलेख संकलनका लागि अनमी/सिअनमी १ जना र सम्बन्धित विद्यालयका कक्षा शिक्षकलाई स्वयंसेवकका रुपमा संलग्न गराई टिम परिचालन गर्ने ।<br>• विद्यालयमा किशोरीहरुको उमेर १८ वर्ष भन्दा कम हुने भएको हुँदा अविभावकको रुपमा कक्षा शिक्षकको सूसूचीत लिखित मञ्जुरीनामा लिने ।<br>• रक्त परीक्षण गरिएका किशोरीहरुको यसैसाथ संलग्न अनुसूची १ बमोजिमको तथ्याङ्क संकलन गर्ने ।<br>• सम्बन्धित स्थानीय तह र जिल्ला प्रजनन स्वास्थ्य समन्वय समिति एवं सरोकारवालाहरु बिच नतिजा सार्वजनिक गर्ने ।<br>• अनुसूची २ बमोजिमको अन्तिम प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | विद्यालयका किशोरीहरुको रक्तअल्पता परीक्षण भई किशोरीहरुमा हुने रक्त अल्पतामा कमि ल्याउने । |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • विद्यालयको सूची तथा कार्यक्रमको कार्य योजना<br>• सञ्चालन भएका स्क्रिनिङ क्याम्प संख्या<br>• लाभान्वित किशोर किशोरीहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ९. सडक स्वास्थ्य सहायता कक्ष

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २० लाख | जिल्ला | ४ | दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | राजमार्गमा हुने मानवीय हेलचेक्र्याई, त्रुटी, यातायात पुर्वाधारको अवस्थाका कारण बढिरहेको सडक दुर्घटनालाई मध्यनजर गरी यसबारे जनचेतना जगाउने र दुर्घटनाबाट हुने जोखिमलाई कम गरी मानवीय क्षति (अङ्गभङ्गता र अल्पायुमा हुने मृत्यु) लाई न्यूनीकरण गर्न सहयोग गर्नका लागि यो शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| **उद्देश्य** | राजमार्गमा हुने सडक दुर्घटनावारे जनचेतना जगाउने र यसबाट हुने जोखिमलाइ कम गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु (बाँके, दाङ, रुपन्देही र पाल्पा) |
| **खर्च क्षेत्र** | सडक स्वास्थ्य सहायता कक्ष स्थापना, जनचेतनामुलक सामग्री र जनशक्ति ब्यवस्थापनमा खर्च गर्ने |
| **लक्षित समूह** | सवारी चालक/ सह-चालक, सडकयात्रीहरु र आम जनसमुदाय |
| **कार्यक्रम सञ्चालन विधि** | • रणनैतिक स्थानमा सडक सहायता कक्षको स्थापना गर्ने<br>• सडक सहायता कक्ष सञ्चालनमा स्थानीय तह र ट्राफिक प्रहरीसँग सहकार्य गरी जनशक्तिको ब्यवस्थापन गर्ने<br>• बृहत सरोकारवालाहरुको समन्वयमा सडक दुर्घटना सम्वन्धि सचेतनाका कार्यक्रम सञ्चालन गर्ने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | सडक दुर्घटनावारे जनचेतना अभिबृद्दि भई मानवीय अङ्गभङ्गता र अल्पायुमै हुने मृत्युमा न्यनूनिकरण हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | सडक सहायता कक्ष, सचेतनामुलक सामग्रीहरु |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १०. समुदाय स्तरमा कुपोषित बच्चाहरु खोजपड्ताल

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ४८ लाख | जिल्ला | १२ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार राष्ट्रिय स्तरमा ५ वर्ष मुनिका वालवालिकाहरु मध्ये २५% मा पुड्कोपना, ८% मा ख्याउटेपन र १९% मा कम तौल भएका छन। लुम्बिनी प्रदेशमा २५% पुड्कोपना र १६% ख्याउटेपना देखिएको छ । दिगो बिकास लक्ष्य २०३० को राष्ट्रिय लक्ष्य अनुसार पुड्कोपन १५%, ख्याउटेपन ४% र कम तौल १०% मा झार्ने लक्ष्य लिएको छ। त्यसै गरि नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार राष्ट्रिय स्तरमा ५ वर्ष मुनिका ४३% वालवालिकाहरुमा रक्त-अल्पता देखिएको छ भने लुम्बिनी प्रदेशमा ४९% बालबालिकाहरुमा रक्त-अल्पता देखिएको छ। पाँच वर्ष मुनिका बालबालिकाको पोषणको अवस्था अपेक्षा गरिए अनुसार सुधार नभएकोले कुपोषित बच्चाहरुको खोजपड्ताल गरी पोषण सम्बन्धि अबस्था पहिचान र अवस्था बिश्लेषण गरी सम्बन्धित स्थानीय तहमा पोषण सुधार सम्बन्धी योजना तर्जुमाका लागि सहयोग पुऱ्याउन यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
| **उद्देश्य** | • समुदाय स्तरमा कुपोषित बच्चाहरु खोजपड्ताल गर्ने<br>• कुपोषित बच्चाका अविभावकलाई उचित सेवा तथा परामर्श, प्रेषण तथा पुनर्स्थापना केन्द्र सम्म पुर्याउने<br>• वृद्धि अनुगमन तथा पोषण स्थिती सुधारमा सहभागी वृद्धि गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता र यातायात खर्च र ब्यवस्थापन खर्च |
| **लक्षित समूह** | ५ वर्ष मुनिका बालबालिका |
| **कार्यक्रम सञ्चालन विधि** | • **रक्त अल्पता परीक्षण कार्यक्रमको योजना तर्जुमा कार्यक्रममा यस कार्यक्रमको योजना तर्जुमा गर्ने** ।<br>• जिल्ला भित्रका समुदायमा रहेका ५ वर्षमुनिका बच्चाहरुको लगत तयार पार्ने<br>• स्थानीय तह र समुदायको छनौट गर्ने<br>• पोषण सम्बन्धी अबस्था पहिचान र विश्लेषणका प्रयोग हुने उचाई तौल र पाखुराको नाप लिने विधि यकिन गर्ने ।<br>• आवश्यक सामाग्रीहरुका लागि पोषण क्षेत्रमा कार्यरत विकास साझेदार संस्थाहरुसँग समन्वय गर्ने ।<br>• स्थानीय स्वास्थ्यकर्मीहरु परिचालन गरी घरदैलोमा गई कार्य गर्ने ।<br>• खोजपड्तालबाट सङ्कलित विवरणको अभिलेख तयार गरी निर्देशनालयमा पेश गर्ने।<br>• कुपोषित बच्चाका अबिभाबकलाई उचित सेवा तथा परामर्श, थप उपचारका लागि नजिकैको OTC मा प्रेषण गर्ने र जटिल प्रकारको कुपोषण भएमा पोषण पुनर्स्थापना केन्द्रमा (भेरि अस्पताल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र लुम्विनी प्रादेशिक अस्पताल) प्रेषण गर्ने । |

| | |
|---|---|
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • समुदायमा रहेका कुपोषित बच्चाहरुको खोजपड्ताल र उचित उपचार ब्यबस्थापन हुने<br>• पोषण सम्बन्धि अबस्था पहिचान बिस्लेषण गरी ५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन योजना तर्जुमा गर्नको लागि सहयोग हुने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • जाँच(screening) गरिएका ५वर्ष मुनिका बालबालिकाको संख्या<br>• खोजपड्तालबाट पत्ता लागेका कुपोषित बालबालिकाको संख्या<br>• Out patient treatment center र पोषण पुनर्स्थापना केन्द्रमा प्रेषण गरिएका बालबालिका को संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ११. अस्पतालमा जटिल प्रसुति सेवाको प्रेषण प्रणालीको सुद्धिढिकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | २९ लाख | जिल्ला | १२ | निरन्तर |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | नेपाल मातृ मृत्यु सर्वेक्षण २०२१ का अनुसार राष्ट्रिय स्तरमा मातृ मृत्यु अनुपात प्रति लाख जिवित जन्ममा १५१ छ भने लुम्बिनी प्रदेश मा २०७ रहेको छ। त्यसैगरी घरवाट स्वास्थ्य संस्था र एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा लैजादा लैजादै १७% आमाको मृत्यु भएको तथ्याङ्कले देखाउछ । त्यसैले उचित स्थानमा समयमै प्रेषण गर्न सकेमा ती आमाहरुको मृत्युलाई रोक्न सकिने भएकोले जटिल प्रसुती तथा नवशिशुलाई उचित अस्पतालमा प्रेषण व्यबस्था गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | जटिलतायुक्त प्रसुती एवं नवजात शिशुलाई उचित अस्पतालमा प्रेषण गर्न |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | अन्तरक्रिया तथा अभिमूखिकरण कार्यक्रम संचालन खर्च |
| **लक्षित समूह** | जटिलतायुक्त प्रसुती तथा नवशिशु |
| **कार्यक्रम सञ्चालन विधि** | • जिल्ला स्थित प्रसुती केन्द्रमा कार्यरत नर्सिङ स्टाफ, जटिलता व्यबस्थापनमा संलग्न BEONC तथा CEONC साइटका नर्सिङ इन्चार्ज तथा परिवार स्वास्थ्यमा कार्यरत गैर सरकारी संघ संस्थाका प्रतिनीधिहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।<br>• स्वास्थ्य कार्यालयमा कार्यरत पव्लिक हेल्थ नर्सले जिल्ला भित्रका बर्थिङ सेन्टर र CEONC/BEONC का नर्सिङ इन्चार्जको संलग्नतामा एक संजाल (Network)को निर्माण गर्ने र कुनै संस्थाले अर्को संस्थामा प्रेषण गर्नु पर्दा सोही संजाल मार्फत प्रेषण हुने संस्थालाई प्रेषण हुने केश वारे अवगत गराउने र केश प्राप्त गर्ने संस्था सोही रुपमा जटिल केशको व्यबस्थापनका लागि तयारी अवस्थामा रहने ।जटिल केश व्यबस्थापनका अनुभव आदान प्रदान गर्ने ।<br>• स्वास्थ्य कार्यालयको पव्लिक हेल्थ नर्सले आफ्नो जिल्लाबाट धेरै केश प्रेषण हुने अन्य जिल्लाको BEONC तथा CEONC साइटमा कार्यरत नर्सिङ प्रमुखलाई समेत आफ्नो जिल्लामा हुने |

| | |
|---|---|
| | अन्तरक्रिया कार्यक्रममा आमन्त्रण गरी आफ्ना जिल्लाका वर्थिङ सेन्टरका नर्सिङ स्टाफहरुसँग समन्वय बढाउन पहल गर्ने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • जटिलतायुक्त प्रसुती एबम नवजात शिशुको समयमा नै उपचार तथा ब्यबस्थापन हुने<br>• मातृ तथा नवशिशु मृत्यु दर कम गर्न सहयोग पुग्ने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | प्रेषण गरिएका मध्ये निशुल्क एम्बुलेन्स सेवा पाएका जटिलतायुक्त प्रसुती तथा नवजात शिशुको संख्या |
| **प्रतिवेदन** | स्वास्थ्य कार्यालयले मासिक रुपमा प्रगति प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ |

## १२. खोप, प.नि साधन, HMIS Tool, ल्याब रिएजेन्ट तथा अत्यावश्यक औषधिको ढुवानी खर्च

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ३६ लाख | पटक | १२ | दोस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | स्वास्थ्य कार्ययालयहरु बाट स्थानिय तहँ सम्म खोप, प.नि साधन, HMIS Tool अत्यावश्यक औषधि लगायतका सामाग्रीको ढुवानी का लागी बजेटको व्यबस्था गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ। |
| **उद्देश्य** | खोप, पनि साधन., HMIS Tool तथा अत्यावश्यक औषधिको समयमै ढुवानी गर्ने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु । |
| **खर्च क्षेत्र** | ढुवानी वापतको खर्च, इन्धन आदिमा खर्च |
| **लक्षित समूह** | सम्बन्धित जिल्लाका स्थानिय तहहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | • स्वास्थ्य कार्यालयहरुले वार्षिक ढुवानी योजना बनाउने।<br>• ढुवानी सेवा खरिद गर्दा प्रतिस्पर्धामा संकुचन नहुने गरी सञ्चालन गर्ने<br>• सस्तो र किफायति विधिद्वारा समयमै ढुवानी गर्ने। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने |
| **अपेक्षित उपलब्धी** | समयमै स्वास्थ्य कार्यालयबाट स्थानीय तहसम्म खोप, प.नि साधन, HMIS Tool तथा अत्यावश्यक औषधिको समयमै ढुवानी हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | ढुवानीको विवरण, हस्तान्तरण फाराम |
| **प्रतिवेदन** | कार्य सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## १३. सिकेलसेल थालेसेमिया तथा हेमोफिलियाका विरामीहरुको परिवारलाई निःशुल्क विमा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ४० लाख | परिवार संख्या | ५ | निरन्तर |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | प्रदेशमा रहेका सिकलसेल, हेमोफिलियाका तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरुलाई उचित उपचारको व्यवस्था गर्न स्वास्थ्य विमा मार्फत गर्न सहयोग पुऱ्याउनका लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | स्वास्थ्य विमा मार्फत सिकलसेल, हेमोफिलियाका तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरुलाइ उपचारको व्यवस्था गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु (दाङ रुपन्देही कपिलवस्तु बाँके र बर्दिया) |
| **खर्च क्षेत्र** | नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य बिमाका लागि शुल्क तथा नविकरण गर्नका लागि लाग्ने खर्च |
| **लक्षित समूह** | सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • स्वास्थ्य बिमा गर्नुपर्ने परिवारहरुको विवरण तयार गर्ने<br>• स्वास्थ्य बिमा वोर्डसँग समन्वय गरी सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग पत्ता लागेका विरामीहरुका परिवारका सदस्यहरुको निशुल्क बिमामा लाग्ने रकमको भुक्तानी दिने ।<br>• सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग पत्ता लागेका विरामीहरुका परिवारका सदस्यहरुको पहिले नै बिमा गरीएको र विमितको विमा नविकरण गर्ने समय आएको अवस्थामा उनीहरुको विमा नविकरण गर्न लाग्ने शुल्क भुक्तानी गर्ने । |
| **बजेट बाँडफाड** | स्वास्थ्य बिमा गर्न बिमा वोर्डले तोकेअनुसार खर्च गर्ने |
| **अपेक्षित उपलब्धी** | सिकलसेल, हेमोफिलिया तथा थालसेमिया रोग पत्ता लागेका विरामीहरुका परिवारका सदस्यहरुको निशुल्क उपचार हुने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | स्वास्थ्य बिमा वा नविकरण गरेका परिवारको संख्या |
| **प्रतिवेदन** | स्वास्थ्य विमा मार्फत सिकलसेल तथा थालसेमिया रोग लागेका विरामीहरुका परिवारका सदस्यहरुको विमा गरेको विवरण निर्देशनालयमा पेश गर्नुपर्नेछ । |

## १४.माडीचौर स्वास्थ्य आमा समूह, रोल्पा-७

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ८ लाख | पटक | १ | दोस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | आमा समुहका सदस्यहरुको क्षमता अभिबृद्धि गरी स्वास्थ्य सेवाको पहूँचमा वृद्धि गर्ने र स्वास्थ्य सेवाको पहूँचबाट टाढा रहेका समुदायका आमा समुहका नियमित बैठक तथा छलफल कार्यका लागि हल निर्माण गर्न यो कार्यक्रमको व्यबस्था गरिएको छ । |
| **उद्देश्य** | आमा समुहका सदस्यहरुको बैठक तथा छलफल गर्न हल निर्माण गर्न |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय, रोल्पा |
| **खर्च क्षेत्र** | अभिमुखिकरण, सामग्री तथा ब्यवस्थापन खर्च |
| **लक्षित समूह** | आमा समुहका सदस्य तथा समुदायका महिला तथा बालबालिकाहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • हल निर्माणका लागि सम्बन्धित स्थानीय तह मार्फत प्राविधिक लागत तयार गरी पेश गर्न लगाउने<br>• प्राविधिक लागत अनुसार कार्य गर्न सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्य गर्ने ।<br>• सम्भव भएसम्म स्थानीय स्रोतको उपयोग तथा सहभागितामा जोड दिने ।<br>• खोप तथा गाँउघर क्लिनिकहरु सोही स्थानबाट संचालन गर्ने |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | आमा समुहकाका सदस्यहरुको क्षमता अभिबृद्दि भइ जनचेतना बढ्ने |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | आवश्यक सामाग्रीहरुको खरिद विवरण<br>सहभागीको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १५. शव वाहन खरिद कोहलपुर

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२१ | १२ लाख | पटक | १ | दोस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य संस्थामा मृत्यु भएका ब्यक्तिहरुको शव समयमै ब्यवस्थापन गर्न सहज बनाउनका लागि यो शिर्षकमा बजेट व्यबस्था गरिएको छ |
| उद्देश्य | स्वास्थ्य संस्थामा मृत्यु भएका ब्यक्तिहरुको शव समयमै ब्यवस्थापन गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | कोहलपुर नगरपालिका |
| खर्च क्षेत्र | शव बहान खरिद प्रकृयामा लाग्ने खर्च र स्वीकृत रकम अनुसार खरिदमा खर्च गर्ने |
| कार्यक्रम सञ्चालन विधि | • सम्बन्धित प्राविधिकको सहयोगमा स्पेसिफिकेसन र लागत अनुमान गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद कार्य गर्ने ।<br>• शव वहान खरिद तथा सञ्चालन सम्वन्धि अन्य ब्यवस्था राष्ट्रिय एम्वुलेन्स निर्देशिका, २०७८ अनुसार गर्नुपर्नेछ |
| बजेट बाँडफाड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार खरिद तथा सञ्चालन गर्नुपर्नेछ। |
| अपेक्षित उपलब्धी | स्वास्थ्य संस्था तथा समुदायमा मृत्यु भएका ब्यक्तिहरुको शव समयमै ब्यवस्थापन हुनेछ |
| अनुगमन र मुल्याङ्कनको सुचक | स्पेसिफिकेसन र लागत अनुमानको दस्तावेज<br>दाखिला प्रतिवेदन |
| प्रतिवेदन | खरिद कार्य कार्यक्रम सम्पन्न भए पछि प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १६. शव वाहन खरिद, नेपालगञ्ज-उपमनपा

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२१ | १५ लाख | पटक | १ | दोस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य संस्था तथा समुदायमा मृत्यु भएका ब्यक्तिहरुको शव समयमै ब्यवस्थापन गर्न सहज बनाउनका लागि यो शिर्षकमा बजेट व्यबस्था गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य संस्था तथा समुदायमा मृत्यु भएका ब्यक्तिहरुको शव समयमै ब्यवस्थापन गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | नेपालगंज उप महानगर पालिका |
| खर्च क्षेत्र | शव बहान खरिद प्रकृयामा लाग्ने खर्च र स्वीकृत रकम अनुसार खरिदमा खर्च गर्ने |
| कार्यक्रम सञ्चालन विधि | • सम्बन्धित प्राविधिकको सहयोगमा स्पेसिफिकेसन र लागत अनुमान गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद कार्य गर्ने ।<br>• शव वहान खरिद तथा सञ्चालन सम्वन्धि अन्य ब्यवस्था राष्ट्रिय एम्वुलेन्स निर्देशिका, २०७८ अनुसार गर्नुपर्नेछ । |

| | |
|---|---|
| **बजेट बाँडफाड** | प्रचलित ऐन,नियम,निर्देशिका र कार्यविधि अनुसार खरिद तथा सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | स्वास्थ्य संस्था तथा समुदायमा मृत्यु भएका ब्यक्तिहरुको शव समयमै ब्यवस्थापन हुनेछ |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | स्पेसिफिकेसन र लागत अनुमानको दस्तावेज<br>दाखिला प्रतिवेदन |
| **प्रतिवेदन** | खरिद कार्य कार्यक्रम सम्पन्न भए पछि प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १७. नेपालगञ्ज उपमहानगर मार्फत प्रसुती सामग्री खरिद तथा वितरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | १० लाख | पटक | १ | दोस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | महिलाहरुको नियमित गर्भ जाँच तथा गुणस्तरीय प्रसुति सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने औजार उपकरण लगायत अन्य सामाग्रीहरुको ब्यवस्था गर्नका लागि यो कार्यक्रमको व्यबस्था गरिएको छ |
